2Fact Sheet disablility-Inner Title+Contents  12/29/08  2:24 PM  Page 1

# अपाङ्गता भएका व्यक्तिहरूको अधिकार
# आधारभूत जानकारी

मानवअधिकार सन्धि अनुगमन समन्वयन समिति
इमेल: hrtmcc@hrtmcc.org, वेब साइट: www.hrtmcc.org

2Fact Sheet disablility-Inner Title+Contents  12/29/08  2:24 PM  Page 2

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार
## आधारभूत जानकारी

**प्रकाशन मिति** : मंसिर २०६५

**सङ्ख्या** : १,००० प्रति

**प्रकाशक** : मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

**सर्वाधिकार** : मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

**संयोजन/सङ्कलन** : विद्या चापागाई

**आवरण/लेआउट** : गीता माली

**मुद्रण** : इन्द्रेणी अफसेट प्रेस, फोन ४७७०५३३, ४७७१४४८

# भूमिका

विश्वका करिब ६५ करोड अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको व्यापक संरक्षणका लागि कानुनीरूपमा बाध्यकारी भएको पहिलो दस्तावेजका रूपमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि ३ मे २००८ देखि कार्यान्वयनमा आएको छ। "अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि : हामी सबैका लागि मर्यादा र न्याय" भन्ने मूल नाराका साथ अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सुनिश्चितताका लागि ल्याइएको हो।

यो महासन्धिले मानवअधिकारसम्बन्धी नयाँ मापदण्ड स्थापित नगरे पनि यसले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रबर्द्धन, संरक्षण र परिपूर्ति गर्ने राज्यको दायित्वलाई निकै हदसम्म स्पष्ट पारेको छ। यसर्थ, यो महासन्धिले राज्यले अपाङ्गता भएका व्यक्तिहरूविरुद्ध भेदभाव गर्नु हुँदैन भन्ने कुरा मात्र स्पष्ट नपारी त्यस्ता व्यक्तिहरूले समाजमा वास्तविक समान अधिकार उपभोग गर्नसक्ने उपयुक्त वातावरण सृजना गर्नका लागि राज्यले चाल्नुपर्ने कदमहरूका बारेमा पनि व्यवस्था गरेको छ।

नेपालमा कूल जनसङ्ख्याको करिब ७ देखि १० प्रतिशत सङ्ख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता भएको अनुमान गरिएको छ। यद्यपि, अपाङ्गता भएका सबै व्यक्तिहरूको समाजमा पूर्णरूपमा सहभागी हुन पाउने अधिकार राज्यद्वारा सुनिश्चित गरिएको छैन। स्वास्थ्य, पहुँच, शिक्षा, आर्थिक तथा रोजगारका अवसरका हिसाबले अपाङ्गता भएका व्यक्तिहरूप्रति दोश्रो दर्जाका नागरिकका रूपमा व्यवहार हुँदै आएको छ।

नेपालको अन्तरिम संविधान, २०६३ मा कुनै पनि नागरिकलाई शारीरिक अवस्था अपाङ्गता वा अन्य यस्तै कारणले राज्यद्वारा भेदभाव गर्न नपाइने व्यवस्था गरिएको छ। साथै, उनीहरूको हितको सम्बर्द्धनका लागि कानुन बनाई विशेष व्यवस्था गर्न सकिने कुरा पनि अन्तरिम संविधानमा उल्लेख छ। नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र यसको इच्छाधीन आलेखमा ३१ जनवरी २००८ मा हस्ताक्षर गरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण गरी यस समुदायलाई सशक्त बनाउन आफ्नो ऐक्यबद्धताको स्पष्ट सन्देश दिएको छ। यस महासन्धिको शीघ्र

अनुमोदन गरी निकट भविष्यमा सशक्त र प्रभावकारी कानुन बनाउनका लागि सरकारको ध्यानाकर्षण हुने विश्वास गर्न सकिन्छ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको संरक्षणका लागि यो महासन्धि महत्वपूर्ण औजार भएकोले यसको अनुमोदन तथा कार्यान्वयनको अनुगमनमा सरकारी संयन्त्र, पत्रकार, मानवअधिकार सङ्घसंस्था, कानुनव्यवसायी र अपाङ्गता भएका व्यक्तिहरूलगायतका नागरिक समाजका प्रतिनिधिहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन्। तसर्थ अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सम्बोधनका लागि सबै सरोकारवालाको लागि यो पुस्तक उपयोगी हुने आशा गरिएको छ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र यसको इच्छाधीन आलेखको नेपाली अनुवाद उपलब्ध गराई सहयोग गर्ने नेपाल अपाङ्ग मानवअधिकार केन्द्रप्रति विशेष आभार व्यक्त गर्न चाहन्छु। मानवअधिकार सन्धि अनुगमन समन्वय समितिद्वारा तयार गरिएको यस पुस्तकको लेखनकार्यमा सहयोग गर्नुहुने समितिको सचिवालय इन्सेककी विद्या चापागाई र सचिवालयमा फेलोको रूपमा कार्यरत बातहिसिग बार्दाच एवम् पुस्तकको साजसज्जा तथा आवरण पृष्ठ तयार गर्नुहुने सचिवालयकी गीता मालीलाई धन्यवाद दिन चाहन्छु।

**सुबोधराज प्याकुरेल**

अध्यक्ष

सचिवालय, मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

# विषयसूची


| | | |
|---|---|---|
| १. **अध्याय एक** : | अपाङ्गतासम्बन्धी केही तथ्यहरू | १ |
| २. **अध्याय दुई** : | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र ऐच्छिक आलेख | ११ |
| ३. **अध्याय तीन** : | महासन्धि र ऐच्छिक आलेखको अनुगमन | २५ |
| ४. **अध्याय चार** : | महासन्धिको कार्यान्वयन र अनुगमनका लागि राष्ट्रिय संयन्त्रहरूको निर्माण | ३८ |
| ५. **अध्याय पाँच** : | अपाङ्गतासम्बन्धी विशेष समाधिक्षक | ४४ |
| ६. **अध्याय छ** : | अपाङ्गतासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय स्वयम्सेवी कोष | ५० |


**अनुसूचीहरू**


| | | |
|---|---|---|
| **अनुसूची १** : | अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र मर्यादासम्बन्धी महासन्धि | ५३ |
| **अनुसूची २** : | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख, २००६ | ८८ |
| **अनुसूची ३** : | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी घोषणापत्र | ९४ |
| **अनुसूची ४** : | अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण तथा प्रबर्द्धनका लागि अन्य मापदण्डहरूको सूची | ९७ |
| **अनुसूची ५** : | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसँग सम्बन्ध राख्ने नेपालका कानुनी व्यवस्थाहरू | ९८ |

## अध्याय एक

# अपाङ्गतासम्बन्धी केही तथ्यहरू

विश्वको करिब १० प्रतिशत जनसङ्ख्या अर्थात् ६५ करोड व्यक्तिहरूमा कुनै न कुनै किसिमको अपाङ्गता छ। अपाङ्गता भएका व्यक्तिहरू विश्वका सबैभन्दा बढी जनसङ्ख्या भएका अल्पसङ्ख्यक नागरिकभित्र पर्न आउँदछन्। यो सङ्ख्या विश्वको जनसङ्ख्या, चिकित्सा विज्ञानको विकास र बृद्धावस्थाको प्रक्रियासँगै बढ्दो रहेको कुरा विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ) ले उल्लेख गरेको छ।

औसत आयु ७० वर्षभन्दा माथि भएका राष्ट्रहरूमा, मानिसहरूले औसत करिब ८ वर्ष अर्थात् आफ्नो आयुको करिब ११.५ प्रतिशत समय अपाङ्गताको अवस्थामा बिताउँछन्। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडीपी) का अनुसार, अपाङ्गता भएका व्यक्तिहरूमध्ये ८० प्रतिशत विकासोन्मुख राष्ट्रहरूमा बसोबास गर्दछन्।

आर्थिक सहयोग तथा विकास सङ्गठन (ओईसीडी) का सदस्य राष्ट्रहरूमा अपाङ्गताको दर शैक्षिकस्तर कम भएका व्यक्ति तथा समूहहरूमा उल्लेख्य मात्रामा बढी भएको सङ्गठनको सचिवालयले जनाएको छ। औसतमा, न्यून शिक्षा पाएका व्यक्तिहरूमध्ये १९ मा अपाङ्गता भएको पाइएको छ, जुन सङ्ख्या तुलनात्मकरूपमा राम्रो शिक्षा पाएका व्यक्तिहरूको भन्दा बढी हो। त्यस्ता व्यक्तिहरूमध्ये ११ प्रतिशतमा मात्र अपाङ्गता पाइएको छ। विश्वका सबैभन्दा गरिब मानिसहरूमध्ये २० प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेको विश्व बैंकको अनुमान छ। उनीहरू आफ्नो समुदायमा पनि सबैभन्दा बढी वञ्चित अवस्थामा रहेका छन्।

अधिकांश मुलुकहरूमा पुरुषभन्दा महिलाहरूमा बढी अपाङ्गता भएको पाइन्छ। अपाङ्गता भएका महिलाहरू अन्य बहुतर्फीरूपमा वञ्चितिकरणको शिकार हुने गरेका छन्। उनीहरू लैंगिक र अपाङ्गता दुवै कारणबाट बहिष्कृत वा वञ्चित गरिएका हुन्छन्। विशेषत: अपाङ्गता भएका महिला तथा युवती/बालिकाहरू दुर्व्यवहारका शिकार हुने गर्दछन्।

युनिसेफका अनुसार, ३० प्रतिशत सडक बालक/युवाहरूमा अपाङ्ग छन्। संयुक्त

अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभाग (डीएफआईडी) का अनुसार, जुन देशमा पाँचवर्ष मुनिका बालबालिकाको मृत्युदर समग्रमा २० प्रतिशतभन्दा तल झरेको छ, त्यहाँ अपाङ्गता भएका बालबालिकाको मृत्युदर भने ८० प्रतिशतसम्म पुगेको हुनसक्छ। कतिपय अवस्थामा बालबालिकाहरू सखाप पारिएका छन् जस्तो अवस्था रहने गरेको डीएफआईडीले उल्लेख गरेको छ।

**नेपालमा अपाङ्गताको अवस्था**

कसैलाई अपाङ्गता हुनु उसको पूर्वजन्मको पाप हो भन्ने विश्वास नेपाली समाजमा अझै पनि पाइन्छ। अपाङ्गता भएका व्यक्तिहरूसँग निकै तल्लोस्तरको व्यवहार गर्ने गरिन्छ। अझै पनि, अपाङ्गता भएका व्यक्तिहरूलाई समाजमा देखाउँदा घर परिवारको इज्जत मान मर्दनमा कमी आउँछ भन्ने नकारात्मक सोच विद्यमान समाजमा हावी भएको हुँदा अपाङ्गता भएका व्यक्तिहरूलाई परिवारकै सदस्यहरूद्वारा घरभित्रै लुकाएर बाँधेर राखेका उदहरणहरू प्रसस्तै पाइन्छन्।

न्यू एरा नामक संस्थाले गरेको एक अध्ययनअनुसार, अपाङ्गता भएका व्यक्तिहरूमध्ये ७०.१ प्रतिशतलाई आफ्नो समाजमा आत्मसम्मानका साथ बस्न कठिनाई भएको र उनीहरूलाई हेला गर्ने गरिएको अवस्था छ। नेपालमा अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी विस्तृत सूचना वा तथ्य/तथ्याङ्क उपलब्ध छैन। यहाँसम्मकी अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या कति छ भन्ने कुरा पनि यकिनसाथ भन्न सकिने अवस्था छैन। संस्था वा श्रोत/अध्ययनपिच्छे फरक-फरक सङ्ख्या सार्वजनिक हुने गरेको पाइन्छ।

नेपालमा कूल जनसङ्ख्याको करिब ७ देखि १० प्रतिशत सङ्ख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता भएको अनुमान गरिएको छ। नेपाल सरकारले अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ३ को उपदफा (१) को प्रयोजनको लागि सोही दफाको उपदफा (२) बमोजिम गठित समितिको सिफारिश बमोजिम "अपाङ्गताको परिभाषा तथा अपाङ्गपनको निर्धारण" सम्बन्धमा मापदण्ड तोकेको छ। ऐनमा गरिएको परिभाषा अनुसार "शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याको कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्य रूपमा सञ्चालन गर्न एवम् सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाई हुने अवस्थालाई अपाङ्गता भनिन्छ।" शारीरिक अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्या एवम् कठिनाईका प्रकृति अनुसार अपाङ्गतालाई

नेपाल सरकारद्वारा मूलतः सात प्रकारमा वर्गिकरण गरिएको छ :-

१. **शारीरिक अपाङ्गता** : स्नायु मांसपेशी र जोर्नीहरू तथा हड्डीको बनावट एवम् सञ्चालन कार्यहरूमा भएको समस्याको कारणबाट व्यक्तिमा शारीरिक अङ्गहरूको सञ्चालन, प्रयोग र हिँडडुलमा आएको समस्या शारीरिक अपाङ्गता हो। जस्तै :- बाल पक्षाघात (पोलियो), मष्तिष्क पक्षाघात (Cerebral Palsy), शारीरिक अङ्ग विहिन, कुष्ठरोग, मांसपेशी विचलन (Muscular Dystrophy), जोर्नी र मेरुदण्डसम्बन्धी, स्थायी समस्या, क्लब फिट पैताला (फर्केको), रिकेट्स, हड्डीसम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता इत्यादि शारीरिक अपाङ्गता हो। WHO को परिभाषा अनुसार होचा पुड्काहरू पनि यस वर्गीकरणमा पर्दछन्।

२. **दृष्टि सम्बन्धी अपाङ्गता** : दृष्टि सम्बन्धी समस्याका कारणबाट व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार रूप र रङ्गको ज्ञान नहुने स्थिति दृष्टि सम्बन्धी अपाङ्गता हो। यो दृष्टि विहीनता र न्यून दृष्टियुक्त गरी दुई प्रकारको हुन्छ।

३. **सुनाई सम्बन्धी अपाङ्गता** : सुनाईका अङ्गहरूको बनावट एवम् स्वरको पहिचान, स्थान, उतार चढाव तथा स्वरको मात्रा र गुण छुट्याउने कार्यमा व्यक्तिमा भएको समस्या सुनाईसम्बन्धी अपाङ्गता हो। बहिरा र सुस्त श्रवण गरी दुई प्रकारको हुन्छ।

४. **श्रवण दृष्टिविहीन** : श्रवण र दृष्टिविहीनता दुवै भएको व्यक्ति श्रवण दृष्टिविहीन (Deaf Blind) अपाङ्ग मानिनेछ।

५. **स्वर बोलाई सम्बन्धी अपाङ्गता** : स्वर र बोलाई सम्बन्धी अङ्गहरूमा उत्पन्न अप्ठेरोको कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाई, बोली स्पष्ट नहुनु, बोल्दा शब्द वा अक्षर दोहोरिनु स्वर र बोलाई सम्बन्धी अपाङ्गता मानिनेछ।

६. **मानसिक अपाङ्गता** : मस्तिष्क र मासिक अङ्गहरूमा आएको समस्या तथा सचेतन, अभिमुखिकरण, स्फुर्ति, स्मरण शक्ति, भाषा, गणना जस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न नसक्नु तथा बौद्धिक सिकाईमा ढिलो हुनुलाई मानसिक अपाङ्गता मानिनेछ। यो निम्न ३ प्रकारको हुन्छ :- बौद्धिक अपाङ्गता/सुस्त मनस्थिति, मानसिक अस्वस्थता र अटिज्म (Autism).

७. **बहु अपाङ्गता** : माथि उल्लेखितमध्ये एउटै व्यक्तिमा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्यालाई बहु अपाङ्गता मानिनेछ।

नेपाल कानुनमा अपाङ्गताको परिभाषा र वर्गिकरण गरिएतापि, अपाङ्गता

भएका सबै व्यक्तिहरूको समाजमा पूर्णरूपमा सहभागी हुन पाउने अधिकार राज्यद्वारा सुनिश्चित गरिएको छैन। अपाङ्गता भएका व्यक्तिहरू स्वास्थ्य, पहुँच, शिक्षा, आर्थिक तथा रोजगारका अवसरका हिसाबले दोश्रो दर्जाका नागरिकका रूपमा व्यवहार गरिएका छन्।

न्यू एराद्वारा गरिएको अध्ययनअनुसार, नेपालका धेरैजसो अपाङ्गता भएका व्यक्तिहरू (६८.२ प्रतिशत) ले कुनै खालको शिक्षा प्राप्त गरेका छैनन्। कूल जनसङ्ख्याको ४.८ प्रतिशत मानिसले कुनै पनि खालको शिक्षा पाएका छैनन्। यसले के देखाउँछ भने, अपाङ्गता भएका व्यक्तिहरू शिक्षाका हिसाबले पनि निकै पछाडि पारिएका छन्। अपाङ्गता भएका व्यक्तिहरूमा पनि महिलाहरूको शैक्षिक स्तर निकै कम छ अर्थात् ७७ प्रतिशत महिला शिक्षाबाट वञ्चित छन्। यस्ता पुरुषहरूको सङ्ख्या ५९.६ छ। अपाङ्गता भएका महिलाहरूको विभिन्न खाले सीपमूलक तालिमहरूमा सहभागिता पनि निकै नगण्य मात्रामा छ।

अपाङ्गता भएका महिलाहरूले दोहोरो विभेदको शिकार हुनु परिरहेको अवस्था छ। उनीहरू एकातर्फ अपाङ्गता भएका कारण विभेदबाट पीडित भएका छन् भने अर्कातर्फ महिला भएकै कारणले हुने विभेदबाट पनि पीडित छन्। गरिव पिछडिएको वर्ग समुदायमा त अपाङ्गता भएका महिलाहरुको विभेद पाँच गुणा बढी पाईन्छ।

नेपालमा अपाङ्गता सम्बन्धमा पहिलो कानुनी व्यवस्था अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ मा गरिएको हो। यद्यपि, अपाङ्गता भएका व्यक्तिहरूको सेवाका लागि चालिएको पहिलो महत्वपूर्ण कदम भने २०१० सालमा जारी गरिएको मुलुकी ऐनमा भएको व्यवस्था हो। त्यसयता नेपाल राजपत्रमार्फत् अपाङ्गतालाई परिभाषित गरिनुका साथै अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष शिक्षा नीति र राष्ट्रिय नीतिको व्यवस्था गरिएको हो।

नेपालको अन्तरिम संविधान, २०६३ ले पनि कुनै पनि नागरिकलाई उसको धर्म, लिङ्ग, जाति, शारिरीक अवस्था (अपाङ्गता) वा अन्य यस्तै कारणले राज्यद्वारा भेदभाव गर्न नपाइने व्यवथा गरेको छ। महिला, बालबालिका, ज्येष्ठ नागरिक, शारिरीक वा मानसिकरूपमा अशक्त वा आर्थिक, सामाजिक वा शैक्षिकरूपमा पछाडि रहेका वर्गका व्यक्तिहरूको संरक्षण र उनीहरूको हितको सम्बर्द्धनका लागि कानुन बनाई विशेष व्यवस्था गर्न सकिने कुरा पनि अन्तरिम संविधानमा उल्लेख छ। (हेर्नुहोस्, धारा १८, नेपालको अन्तरिम संविधान, २०६३)

अपाङ्गता भएका व्यक्तिहरूसँग सरोकार राख्ने नेपालका अन्य केही कानुनी

व्यवस्थाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको (हित तथा संरक्षण) नियम, १९९४, शिक्षा ऐन, १९७१, समाज कल्याण ऐन, १९९२, बालबालिका ऐन, १९९१, श्रम ऐन, १९९२ र स्थानीय स्वायत्त शासन ऐन, १९९९ हुन्।

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूलाई केही सुविधाहरू पनि उपलब्ध गराएको छ, जस्तै: प्रत्येक जिल्ला प्रशासन कार्यालयमार्फत् अपाङ्गता परिचय पत्र तथा प्रत्येक गाविस वा नगरपालिका कार्यालयमार्फत् प्रत्येक महिना रु. १७५।- का दरले अपाङ्ग-भत्ता प्रदान गरिएको छ। यसका साथै, सरकारी विद्यालयहरूमा बहिरा र दृष्टिविहीन विद्यार्थीहरूका लागि विशेष शिक्षा र सरकारी क्याम्पस (त्रिभुवन विश्वविद्यालयसँग आबद्ध सबै क्याम्पस) हरूमा अपाङ्गता भएका व्यक्तिहरूका लागि नि:शुल्क शिक्षाको व्यवस्था गरिएको छ। सरकारी विद्यालयहरूमा अपाङ्गता भएका बालबालिकाहरूका लागि नि:शुल्क शिक्षा तथा छात्रवृत्ति (आवश्यकताको प्रकृतिअनुसार, प्रत्येक महिना रु. ५०।- देखि रु. १,०००।- सम्म) को व्यवस्था गरिएको छ।

संशोधित निजामति सेवा ऐन, २०६३ अनुसार, सरकारी सेवामा अपाङ्गता भएका व्यक्तिहरूका लागि ५ प्रतिशत सिटमा आरक्षणको व्यवस्था गरिएको छ। नीजि र सरकारी वायुसेवाका प्रत्येक आन्तरिक उडानमा अपाङ्गता भएका व्यक्तिहरूका लागि ५० प्रतिशत शुल्क छूट दिइएको छ। सरकारी विद्यालयका शिक्षक/शिक्षिका पदमा पनि अपाङ्गता भएका व्यक्तिहरूका लागि आरक्षणको व्यवस्था गरिएको छ। सरकारी अस्पताल र स्वास्थ्य केन्द्रहरूमा अपाङ्गता भएकाव्यक्तिहरूका लागि साधारण स्वास्थ्य परीक्षण तथा सामान्य उपचार सेवा नि:शुल्करूपमा प्रदान गरिन्छ। यसका अतिरिक्त, प्राविधिक शिक्षण तथा सीपमूलक तालिम केन्द्र (सीटीईभीटी) मार्फत् अपाङ्गता भएकाव्यक्तिहरूका लागि सीपमूलक तालिम प्रदान गर्ने गरिन्छ। सीटीईभीटीले अपाङ्गता भएका परीक्षार्थीहरूलाई प्रत्येक परीक्षामा १० नं. अतिरिक्त प्राप्ताङ्क प्रदान गर्दछ। त्यसैगरी, नेपाल टेलिभिजनले हप्तामा एक पटक श्रवण शक्ति कमजोर भएका व्यक्तिहरूका लागि सांकेतिक समाचार प्रशारण गर्ने गर्दछ। नेपाल अपाङ्ग मानवअधिकार केन्द्रले रेडियो नेपालबाट अपाङ्ग आवाज भन्ने साप्ताहिक रेडियो कार्यक्रम सञ्चालन गर्दै आएको छ भने। १० वटा एफ एम स्टेशनमा अपाङ्गता भएका व्यक्तिहरूले रेडियो कार्यक्रम सञ्चालन गर्दै आएका छन्। सार्वजनिक सवारी साधनहरूमा अपाङ्गता भएका व्यक्तिहरूका लागि सिटहरू आरक्षित गरिएको छ भने ह्वीलचेयर, ह्वाइट-क्यान, सुन्नका लागि प्रयोग गरिने यन्त्र, दृष्टिविहीनहरूले छोएर पढ्ने वा लेख्ने वर्णमाला, नक्कली हात-खुट्टाजस्ता साधनहरूमा लाग्ने भन्सार शुल्क र करमा छूट दिइएको छ।

नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र यसको इच्छाधीन आलेखमा ३१ जनवरी २००८ मा हस्ताक्षर गरेको छ।

**अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको जोड**

"अपाङ्गता भएका व्यक्तिहरू" भन्नाले विभिन्न नकारात्मक मनोवृत्ति वा शारीरिक व्यवधानका बावजुद समाजमा पूर्णरूपमा सहभागी हुनबाट रोक्नसक्ने दीर्घकालीन शारीरिक, मानसिक, बौद्धिक वा संवेदिक (ज्ञानेन्द्रियसम्बन्धी) क्षति भएका व्यक्तिहरूलाई जनाउँदछ। यद्यपि, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिअनुरुप आफ्नो संरक्षण दाबी गर्नसक्नेहरूको यो पूर्ण परिभाषा होइन, न त यो परिभाषाले क्षणिक/छोटो समयसम्म वा विगतमा अपाङ्गता भएका व्यक्तिहरूलगायत राष्ट्रिय कानुनद्वारा पहिचान गरिएका अपाङ्गता भएका व्यक्तिहरूको वृहत् वर्गिकरणलाई नै पाखा लगाएको छ।

अपाङ्गता भएका व्यक्तिहरूलाई कुनै एउटा समाजमा एक खालले व्यवहार गरिन्छ वा लिन्छ भने अर्को समाजमा पनि त्यस्तै व्यवहार गरिन्छ वा त्यही रूपमा लिइन्छ भन्ने छैन। विश्वका अधिकांश स्थानहरूमा, कुनै खास अवस्थामा रहेका वा फरकपना भएका व्यक्तिहरूविरुद्धका गम्भीर र अटलखालका नकारात्मक, रुढीवादी एवम् अन्धविश्वासपूर्ण धारणा र व्यवहारहरू हुने गरेका छन्। यस्ता मनोवृत्तिहरूले कुन व्यक्तिलाई अपाङ्गका रूपमा लिइएको छ भन्ने निर्धारण गर्दछन् र त्यस्ता व्यक्तिहरूको नकारात्मक चित्रण गर्ने गर्दछन्। अपाङ्गता भएका व्यक्तिहरूलाई चिनाउन/जनाउन प्रयोग गरिने भाषाले नकारात्मक धारणा जन्माउन र त्यसलाई कायम राख्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ। "लङ्गडो" वा "मानसिक विकास मन्द भएको वा रोकिएको" जस्ता शब्दहरू स्पष्टरूपमा अपमानजनक छन्। अन्य शब्दहरू, जस्तैः "ह्वीलचेयरमा सीमित", ले व्यक्तिलाई भन्दा अपाङ्गतालाई जोड दिएका हुन्छन्। हाम्रो समाज ऐतिहासिकरूपमा नै या त अपाङ्गता भएका व्यक्तिहरू आफैले प्रयोग गर्ने भाषा प्रयोग गर्न असफल हुँदै आएको छ या उनीहरूले असजिलो ठान्ने शब्दहरूको प्रयोगद्वारा आफूलाई परिभाषित गर्न जनतालाई वाध्य पार्दै आएको छ।

अपाङ्गतालाई एउटा व्यक्ति र उसको समाजको वातावरण (राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक आदि) बीच हुने अन्तरक्रियाको परिणामका रूपमा हेरिनु पर्दछ र अपाङ्गता कुनै शारीरिक वा मानसिक क्षतिको परिणामस्वरुप कुनै व्यक्तिमा बास गर्ने चिज होइन भन्ने कुरामा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिका

मस्यौदाकारहरू स्पष्ट थिए। अपाङ्गता विस्तारै विकसित भइरहेको एउटा अवधारणा हो र समाजमा सकारात्मक परिवर्तन ल्याउन कानुन तथा अन्य आवश्यक संयन्त्रहरूको विकास गर्नु पर्दछ भन्ने कुरालाई यो महासन्धिले मान्यता प्रदान गरेको छ।

**महासन्धिको आवश्यकता किन परेको हो ?**

अपाङ्गता भएका व्यक्तिहरूलाई अहिले पनि अधिकारवालाका रूपमा नभई आधारभूतरूपमा कल्याण वा औषधोपचार गर्नुपर्ने वस्तुका रूपमा हेर्ने गरिएको छ। सैद्धान्तिकरूपमा सबै मानवअधिकारका हकदार भए तापनि अभ्यासमा अझै पनि अपाङ्गता भएका व्यक्तिहरू त्यस्ता आधारभूत अधिकारहरू र मौलिक स्वतन्त्रताहरूबाट वञ्चित भएको अवस्थाका कारण यस्ता व्यक्तिहरूको अधिकारमा केन्द्रित छुट्टै विश्वव्यापी मानवअधिकार दस्तावेज ल्याउनु परेको हो। यो महासन्धिले मुख्यतः, अपाङ्गता भएका व्यक्तिहरू अन्य जोसुकैले उपभोग गर्ने अधिकारहरू उपभोग गर्न सक्दछन् र उनीहरू, यदि अरुलाई जस्तै अवसरहरू दिइएमा, समाजका लागि महत्वपूर्ण योगदान पुऱ्याई आफ्नो जीवनलाई पूर्ण नागरिकका रूपमा अगाडि बढाउन सक्षम छन् भन्ने कुरा सुनिश्चित गर्दछ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले प्रत्येक व्यक्तिको संरक्षणका लागि निकै धेरै अधिकारहरूको व्यवस्था गरेको छ। तर, वास्तविक जीवनमा हेर्ने हो भने स्थिति बेग्लै छ। घोषणापत्रले व्यवस्था गरेका अधिकारहरूको कार्यान्वयन पर्याप्त छैन। खासगरी महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरू अन्य समूहहरूभन्दा निकै कष्टपूर्ण स्थितिमा छन्। यद्यपि, उनीहरूको अधिकार संरक्षण र प्रबर्द्धनका लागि अन्तर्राष्ट्रिय महासन्धिहरू भने पारित गरिएका छन्।

संयुक्त राष्ट्रसङ्घीय महासभाद्वारा १३ डिसेम्बर २००६ मा पारित अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र यसको ऐच्छिक आलेख मूल अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूको समग्र रुपका पछिल्ला संस्करण हुन् भन्दा अन्यथा हुँदैन (हेर्नुहोस, अध्याय २)। सन् १९४८ मा मानवअधिकारको विश्वव्यापी घोषणापत्र पारित भएदेखि संयुक्त राष्ट्रसङ्घको सहयोगमा विश्वका अधिकांश राष्ट्रका सरकारहरूले सबै मानवजातिका लागि उपयोगी हुने नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी कैयौं अन्तर्राष्ट्रिय सन्धिहरूमाथि छलफल गरे र तिनमा सहमति व्यक्त गरे। यी सन्धिहरूले त्यस्ता अधिकारहरूको संरक्षण र प्रबर्द्धनका मौलिक सिद्धान्त र कानुनी व्यवस्थाहरू स्थापित गरेका छन्।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र प्रबर्द्धनका लागि केही राष्ट्रहरूले राष्ट्रियरूपमा विस्तृत कानुनी व्यवस्था गरेको भए तापनि अन्य धेरैले त्यस्तो कार्य गरेका छैनन्। विभिन्न विभेदकारी अभ्यास र व्यवहारका कारण अपाङ्गता भएका व्यक्तिहरू पाखा वा ओझेलमा पारिएका छन्, जसका कारण उनीहरूको अधिकारको बेवास्ता गरिएको छ। सबै राष्ट्र र समाजमा यस्ता व्यक्तिहरूको अधिकार सुनिश्चित गर्नका लागि एउटा विश्वव्यापी र कानुनीरूपमा वाध्यकारी मापदण्ड आवश्यक रहेको यथार्थलाई हृदयंगम गरी छुट्टै महासन्धिको अवधारणा विकसित भएको हो, जसलाई संयुक्त राष्ट्रसङ्घको महासभाले मूर्तरुप दिएको छ। यसअघि, संयुक्त राष्ट्रसङ्घद्वारा सन् १९९३ मा पारित अपाङ्गता भएका व्यक्तिहरूका लागि समान अवसरहरूसम्बन्धी विशेष नियमहरू जस्ता केही अन्तर्राष्ट्रिय मापदण्डहरू अवलम्बन गरिएको भए तापनि ती कानुनीरूपमा वाध्यकारी दस्तावेज होइनन्।

**अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस**

संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा सन् १९९२ मा डिसेम्बर ३ तारिखलाई अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवसका रूपमा घोषणा गरिएको हो। हरेक वर्ष मनाइने यो दिवसको मुख्य उद्देश्य अपाङ्गताका विषय र प्रवृत्तिहरूका बारेमा सचेतनता अभिबृद्धि तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि, उनीहरूसँग र उनीहरूद्वारा हुने कार्यमा सहयोग परिचालन गर्नु हो।

यो अन्तर्राष्ट्रिय दिवसका अवसरमा अपाङ्गता भएका व्यक्तिहरूको मर्यादा, अधिकार र सुरक्षा वा सुविधाका लागि विश्वभर विभिन्न स्तरमा सहयोगी अभियानहरू संचालन गर्ने गरिन्छ। त्यसैगरी, राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक जीवनका हरेक पक्षहरूमा अपाङ्गता भएका व्यक्तिहरूको संलग्नताबाट हुने उपलब्धीहरूका बारेमा पनि समाजमा चेतना अभिबृद्धि गर्ने गरिन्छ। यो दिवसको मुख्य नारा संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा सन् १९८२ मा पारित विश्वव्यापी कार्ययोजनाद्वारा स्थापित अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकारको पूर्ण र समान उपभोग तथा समाजमा उनीहरूको सहभागिताको लक्ष्यमा आधारित हुन्छ।

यो दिवस अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि तथा यसको ऐच्छिक आलेखको अनुमोदन एवम् पूर्ण कार्यान्वयनका लागि उच्चस्तरको प्रतिबद्धता व्यक्ति गर्ने अवसर पनि हो। मानवअधिकारको विश्वव्यापी घोषणापत्रको ६० औं वार्षिकोत्सव वर्षभरि नै मनाउनेक्रममा, "अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी

महासन्धि : हामी सबैका लागि मर्यादा र न्याय" भन्ने मूल नाराका साथ सन् २००८ को अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस मनाइँदैछ। यी सिद्धान्तहरू व्यवहारत: स्वीकार नगरिएको अवस्था विद्यमान भएका कारण यो नारा तय गरिएको हो।

**महासन्धिमा उल्लेख गरिएका अधिकारहरू**

यो महासन्धि अन्य विद्यमान अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूको पूरक दस्तावेज हो। यसले अपाङ्गता भएका व्यक्तिहरूका कुनै नयाँ मानवअधिकारको व्यवस्था गर्दैन तर अपाङ्गता भएका सबै व्यक्तिहरूद्वारा सबै मानवअधिकारको समान उपभोगको सम्मान तथा सुनिश्चितता गर्नुपर्ने राज्यको दायित्व र कानुनी कर्तव्यहरू स्पष्ट पार्दछ। अपाङ्गता भएका व्यक्तिहरूका अधिकार बारम्बार हनन भएको अवस्था विद्यमान भएको अवस्थालाई मध्यनजर गर्दै यो महासन्धिले त्यस्ता व्यक्तिहरूले आफ्नो अधिकार उपभोग गर्न सक्ने अवस्था सृजना गर्नका लागि कहाँ के सुधार गर्नुपर्छ र कहाँ उनीहरूको अधिकार संरक्षणका लागि विशेष जोड दिइनु पर्दछ भन्ने विषय वा क्षेत्रहरू पहिचान गरेको छ। महासन्धिले सबैका लागि लागू हुनुपर्ने र सामञ्जस्यपूर्ण कार्य ढाँचाका लागि आधार प्रदान गर्ने विश्वव्यापी न्यूनतम मापदण्ड स्थापित गरेको छ।

यो महासन्धिको प्रावधानका आधारमा भन्नुपर्दा, महासन्धिको प्रभावकारिताका लागि कानुन र नीति निर्माण तथा कार्यान्वयन गर्दा, र अपाङ्गता भएका व्यक्तिहरूको जीवनमा प्रभाव पार्ने अन्य कुनै पनि नीतिगत विषय वा कार्यका सन्दर्भमा उनीहरूका प्रतिनिधि सङ्घसंस्थामार्फत् त्यस्ता व्यक्तिहरूसँग परामर्श गर्न राज्यहरू वाध्य छन्।

**महासन्धिका विशेषताहरू**

यो महासन्धि २१ औं शताब्दीको पहिलो मानवअधिकार महासन्धि र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको व्यापक संरक्षणका लागि कानुनीरूपमा वाध्यकारी पहिलो दस्तावेज हो। कुनै नयाँ मानवअधिकार स्थापित नगरे तापनि यो महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धन, संरक्षण र परिपूर्ति गर्ने राज्यको दायित्वलाई निकै हदसम्म स्पष्ट पारेको छ। यसर्थ, यो महासन्धिले राज्यले अपाङ्गता भएका व्यक्तिहरूविरुद्ध भेदभाव गर्नु हुँदैन भन्ने कुरा मात्र स्पष्ट नपारी, त्यस्ता व्यक्तिहरूले समाजमा वास्तविक समानता उपभोग गर्नसक्ने उपयुक्त वातावरण सृजना गर्नका लागि राज्यले चाल्नुपर्ने कदमहरूका बारेमा पनि व्यवस्था गरेको छ। उदाहरणका लागि, महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूका लागि भौतिक वातावरण र सूचना तथा

सञ्चार प्रविधिको पहुँच सुनिश्चित गर्न राज्यद्वारा आवश्यक कदम चाल्नुपर्ने कुरामा जोड दिएको छ। सचेतना अभिबृद्धि, न्यायमा पहुँचको प्रबर्द्धन, व्यक्तिगत गतिशिलताको सुनिश्चितता, र महासन्धिसँग सान्दर्भिक हुने वर्गिकृत तथ्याङ्क सङ्कलन गर्नु पनि राज्यको दायित्व हो। यसरी, विभेदको अन्त्य तथा सबैका लागि समानता स्थापित गर्न राज्यद्वारा चालिनुपर्ने कदमहरूका बारेमा यो महासन्धि अन्य मानवअधिकार सन्धिहरूभन्दा अझ बढी गहिराईमा पुगेको छ।

यो महासन्धिले सामाजिक विकासको दृष्टिकोण आत्मसात गरेको छ। यसले अन्तर्राष्ट्रिय सहयोग र राष्ट्रियस्तरमा कार्यान्वयनको सहयोग प्रबर्द्धनको महत्वलाई मान्यता प्रदान गरेको छ। अन्तर्राष्ट्रिय सहयोग प्रबर्द्धनका लागि अन्तर्राष्ट्रिय समुदायले निम्नलिखित कार्यहरू गर्न सक्दछ :-

- अन्तर्राष्ट्रिय विकास कार्यक्रमहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि समावेशी र पहुँचयुक्त भएको सुनिश्चित गर्नु,
- क्षमता अभिबृद्धिका लागि सहजीकरण र सहयोग गर्नु,
- अनुसन्धान कार्यहरूका लागि सहयोग र वैज्ञानिक तथा प्राविधिक ज्ञानसम्मको पहुँचका निम्ति सहजीकरण गर्नु
- आवश्यकतानुसार प्राविधिक र आर्थिक सहायता उपलब्ध गराउनु।

## अध्याय दुई

# अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र ऐच्छिक आलेख

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि अपाङ्गताका विषयहरूबारे चर्चा गर्ने पहिलो मानवअधिकार दस्तावेज होइन। यद्यपि, यसअघिका महासन्धि वा दस्तावेजभन्दा भिन्न, यो महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूलाई उल्लेख्यमात्रामा संरक्षण प्रदान गर्दछ। यसले अपाङ्गता भएका व्यक्तिहरूले उपभोग गर्न पाउने अधिकारहरूको विस्तृत खाका प्रदान गर्नुका साथै त्यस्ता अधिकारहरूको सम्मान भएको सुनिश्चित गर्न राज्य तथा अन्य सरोकारवालाहरूको दायित्वका बारेमा पनि स्पष्ट पारेको छ।

यो महासन्धि अन्तर्राष्ट्रिय सन्धि हो, जसले अपाङ्गता भएका व्यक्तिहरूका माथि उल्लेखित अधिकार र त्यस्ता अधिकारहरूको प्रबर्द्धन, संरक्षण र परिपूर्तिका लागि राज्य पक्षहरूको दायित्व पहिचान गरेको छ। यसले पहुँच, व्यक्तिगत गतिशिलता/हिँडडुल, स्वास्थ्य, शिक्षा, रोजगारी, बासस्थान र पुनर्स्थापना, राजनीतिक क्षेत्रमा सहभागिता, र समानता र अविभेद जस्ता सरोकारका विभिन्न महत्वपूर्ण क्षेत्रहरू समेटेको छ।

यसका अतिरिक्त, महासन्धिले दुईवटा कार्यान्वयन संयन्त्रहरूको स्थापना पनि गरेको छ- पहिलो, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति (महासन्धि कार्यान्वयनको अनुगमन गर्न) र दोश्रो, राज्यपक्षहरूको सम्मेलन (महासन्धि कार्यान्वयनका सम्बन्धमा उत्पन्न विषयहरू सम्बोधन गर्न)।

राज्यहरूले नागरिक समाजका संस्थाहरू, राष्ट्रिय मानवअधिकार निकायहरू र अन्तरसरकारी संस्थाहरूको सहभागितामा महासन्धि तयारीमा छलफल गरेका थिए। संयुक्त राष्ट्रसङ्घको महासभाले १३ डिसेम्बर २००६ मा यो महासन्धि पारित गऱ्यो र ३० मार्च २००७ देखि हस्ताक्षरका लागि खुल्ला गऱ्यो।

२० राष्ट्रद्वारा महासन्धि र १० राष्ट्रद्वारा ऐच्छिक आलेख अनुमोदन भएपश्चात्

३ मार्च २००८ देखि महासन्धि र यसको ऐच्छिक आलेख कार्यान्वयनमा आएका हुन्। यो अपाङ्गता भएका व्यक्तिहरूका सबै मानवअधिकार र मौलिक स्वतन्त्रताहरूको प्रवर्द्धन, संरक्षण तथा पूर्ण र समान उपभोगको सुनिश्चितता गर्न, र यस्ता व्यक्तिहरूको जन्मसिद्ध मर्यादाप्रति सम्मान प्रबर्द्धनका लागि भएका प्रयासहरूमा कोशेढुङ्गा सावित भएको छ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि नोभेम्बर २००८ सम्म कूल ४२ राष्ट्रले अनुमोदन तथा १३६ राष्ट्रले हस्ताक्षर गरिसकेका छन्। त्यसैगरी, यसको ऐच्छिक आलेख २५ राष्ट्रले अनुमोदन तथा ७९ राष्ट्रले हस्ताक्षर गरेका छन्।

**महासन्धिको ऐतिहासिक विकासक्रम**

संयुक्त राष्ट्रसङ्घले यो महासन्धि तयार र पारित गर्नु अघि पनि विभिन्न समयमा मानवअधिकार र अपाङ्गताका सवाललाई सम्बोधन गरेको थियो। सन् १९८२ मा महासभाले अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी विश्वव्यापी कार्ययोजना पारित गरेको थियो, जसले विकासको स्तर जस्तोसुकै भएको भए तापनि सबै राष्ट्रहरूमा, सामाजिक जीवन र विकास कार्यहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पूर्ण सहभागिता र समानता प्रबर्द्धन गर्दछ। महासभाले सन् १९८३ देखि १९९२ को दशकलाई “अपाङ्गता भएका व्यक्तिहरूको संयुक्त राष्ट्रसङ्घीय दशक” घोषणा गरी अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी विश्वव्यापी कार्ययोजना कार्यान्वयन गर्न सदस्य राष्ट्रहरूलाई प्रोत्साहित गरेको थियो। विश्वव्यापी कार्ययोजना कार्यान्वयन सम्बन्धमा सन् १९८७ मा स्वीडेनको स्टकहोममा आयोजित पहिलो अन्तर्राष्ट्रिय समीक्षा कार्यक्रमका सहभागीहरूले अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकारसम्बन्धी महासन्धि मस्यौदा गर्न सुझाव दिएका थिए। इटाली र स्वीडेनका सरकारहरूद्वारा तयार पारिएका प्रस्तावहरू, सामाजिक विकास आयोगका अपाङ्गतासम्बन्धी विशेष समाधिक्षकको व्यवस्था र नागरिक समाजबाट शक्तिशाली लबिङजस्ता विभिन्न कार्यहरू भए तापनि, यस्ता प्रयासहरूले नयाँ सन्धि निर्माणमा नेतृत्व गर्नसक्ने गरी पर्याप्त सहयोग पाउन सकेनन्।

सन् १९९१ मा महासभाले “एमआई सिद्धान्त”का रूपमा चिनिने “मानसिक रोग भएका व्यक्तिहरूको संरक्षण र मानसिक स्वास्थ्य सुधारसम्बन्धी सिद्धान्तहरू” पारित गऱ्यो। एमआई सिद्धान्तले संस्थागत स्वरूपमा हुनसक्ने शारीरिक नियन्त्रणको दुरुपयोग वा अनुपयुक्त प्रयोग वा बलपूर्वक एकान्तबास, बन्ध्याकरण, मनो-शल्यक्रिया, र मानसिक अपाङ्गताका अन्य अनधिकृत र अपरिवर्तनीय उपचारजस्ता निकै गम्भीरखाले मानवअधिकार हनन विरुद्ध निश्चित मापदण्ड र प्रक्रियागत ग्यारेण्टीको व्यवस्था गरेको छ। त्यस समयमा निकै परिवर्तनकारी सिद्धान्त भए तापनि एमआई सिद्धान्तको

**महासन्धिको इतिहास**

- अन्तर्राष्ट्रिय अधिकार पत्र
- मानवअधिकारको विश्वव्यापी घोषणापत्र,
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र
- खासगरी मानवअधिकार तथा अपाङ्गतासम्बन्धमा चर्चा गर्ने अन्य संयुक्त राष्ट्रसङ्घीय र आईएलओ मापदण्डहरू
  - मानसिकरूपमा असक्त व्यक्तिहरूको अधिकारसम्बन्धी घोषणापत्र (१९७१)
  - अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी घोषणापत्र (१९७५)
  - अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी विश्वव्यापी कार्ययोजना (१९८२)
  - अपाङ्गताको क्षेत्रमा मानवीय श्रोत विकासको कार्यका लागि ट्याल्लिन निर्देशिका (१९९०)
  - मानसिक रोग भएका व्यक्तिहरूको संरक्षण र मानसिक स्वास्थ्य सुधारसम्बन्धी सिद्धान्तहरू (१९९१)
  - अपाङ्गता भएका व्यक्तिहरूका लागि समान अवसरहरूसम्बन्धी विशेष नियमहरू (१९९३)

मूल्य-मान्यता अहिलेको सन्दर्भमा विवादयुक्त छ।

सन् १९९३ मा महासभाले अपाङ्गता भएका व्यक्तिहरूका लागि समान अवसरहरूसम्बन्धी विशेष नियमहरू पारित गऱ्यो। यी नियमहरूले “अपाङ्गता भएका बालिका, बालक, पुरुष र महिलाहरू, उनीहरूको समाजको सदस्यका रूपमा, अरुका जस्तै अधिकार र दायित्वहरू अभ्यास गर्न सक्छन्” भन्ने कुरा सुनिश्चित गर्ने उद्देश्य राख्नुका साथै समाजमा अपाङ्गता भएका व्यक्तिहरूको समान सहभागिताका लागि राज्यद्वारा विद्यमान व्यवधानहरू हटाउनुपर्नेमा जोड दिएका थिए। यी नियमहरू मानवअधिकार र अपाङ्गताका विषयमा राज्यहरूको कार्यलाई मार्गनिर्देशन गर्ने संयुक्त राष्ट्रसङ्घका प्रमुख साधन र विद्यमान मानवअधिकार दस्वताजेहरूबमोजिम राज्यहरूको दायित्व निर्धारण गर्ने सन्दर्भमा महत्वपूर्ण सन्दर्भ सामग्री बने। कैयौं राष्ट्रहरूले यिनै नियमहरूलाई आफ्ना राष्ट्रिय कानुनहरूको आधारशिला बनाएका छन्। राष्ट्रियस्तरमा यी नियमहरूको कार्यान्वयन स्थिति संयुक्त राष्ट्रसङ्घीयस्तरबाट एकजना विशेष समाधिक्षकले अनुगमन गर्ने भए तापनि यी नियमहरू आफैमा कानुनीरूपले वाध्यकारी छैनन् र अपाङ्गता भएका

व्यक्तिहरूको अधिकार नयाँ महासन्धिले जस्तो व्यापकरूपमा संरक्षण गर्न भने सक्दैनन्।

अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूले अपाङ्गता भएका व्यक्तिहरूसहित सबै व्यक्तिको मानवअधिकार प्रबर्द्धन र संरक्षण गर्दछन्। मानवअधिकारको विश्वव्यापी घोषणापत्र, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको संयुक्त स्वरुप अन्तर्राष्ट्रिय अधिकार पत्र भनेर पनि चिनिन्छ। यी तीन दस्तावेजहरूले संयुक्तरूपमा नागरिक, सांस्कृतिक, आर्थिक, राजनीतिक र सामाजिक अधिकारहरूलाई मान्यता प्रदान गरेका छन्, जो प्रत्येक मानवका लागि अविभाज्य छन्। यसरी अन्तर्राष्ट्रिय अधिकार पत्रले, स्पष्टरूपमा उल्लेख नगरिएको भए तापनि, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारलाई मान्यता प्रदान र संरक्षण गर्दछ।

बालअधिकारसम्बन्धी महासन्धि, अपाङ्गताका आधारमा बालबालिकाविरुद्धको विभेदलाई स्पष्टरूपमा रोक्ने पहिलो मानवअधिकार सन्धि हो। यसले पूर्ण जीवन व्यतित गर्न र यसका लागि आवश्यक पर्ने विशेष रेखदेख तथा सहायता पाउनुपर्ने अपाङ्गता भएका बालबालिकाको अधिकारलाई पनि मान्यता प्रदान गर्दछ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि पारित हुनुअघि विद्यमान मानवअधिकार सन्धिहरूले यस्ता व्यक्तिहरूको अधिकार संरक्षणलाई विस्तृतरूपमा सम्बोधन गरेका थिएनन्। अपाङ्गता भएका व्यक्तिहरूले पनि यस्ता सन्धिहरूअन्तर्गत रहेका विभिन्न संरक्षण संयन्त्रहरूको पर्याप्त उपयोग गरेका थिएनन्।

नयाँ महासन्धि पारित हुनुअघि, विद्यमान मानवअधिकार सन्धिहरूले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षणलाई विस्तृतरूपमा सम्बोधन गरेका थिएनन्। अपाङ्गता भएका व्यक्तिहरूले यस्ता सन्धिहरू अन्तर्गत स्थापित विभिन्न संरक्षण संयन्त्रहरूको प्रयोग पनि कमै गरेका थिए। यसर्थ, नयाँ महासन्धिको कार्यान्वयन र मानवअधिकार संरक्षण र अनुगमनका नयाँ संयन्त्रहरूले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षणको अवस्थामा उल्लेख्यरूपमा सुधार ल्याउनु पर्दछ।

**महासन्धिको उद्देश्य**

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको धारा १ मा यो महासन्धिको उद्देश्य "अपाङ्गता भएका सम्पूर्ण व्यक्तिहरूद्वारा सबै मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको पूर्ण र समान उपभोग प्रबर्द्धन, संरक्षण र सुनिश्चित गर्नु तथा उनीहरूको नैसर्गिक मर्यादाको सम्मान प्रबर्द्धन गर्नु" भएको उल्लेख गरिएको छ।

**नयाँ महासन्धिसम्मको यात्रा**

**डिसेम्बर** २००१ : अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र मर्यादा प्रबर्द्धन तथा संरक्षणका लागि विस्तृत र महत्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धिका प्रस्तावहरूमाथि छलफल गर्न एउटा तदर्थ समिति गठन गर्न मेक्सिको सरकारद्वारा संयुक्त राष्ट्रसङ्घको महासभामा प्रस्ताव प्रस्तुत।

**अगष्ट** २००२ : तदर्थ समितिको पहिलो बैठक सम्पन्न, सम्भावित नयाँ महासन्धि र त्यसको तयारीका क्रममा नागरिक समाजको सहभागितासम्बन्धी कार्यविधिका बारेमा समितिमा छलफल।

**२५ अगष्ट** २००६ : तदर्थ समितिको आठौं सत्र सम्पन्न, मस्यौदा महासन्धि र छुट्टै ऐच्छिक आलेखमाथिको छलफल पूरा, समितिद्वारा यी दुवै दस्तावेज पारित, दस्तावेजहरूको प्राविधिक समीक्षा बाँकी।

**१३ डिसेम्बर** २००६ : अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र यसको ऐच्छिक आलेख संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा सर्वसम्मतरूपमा पारित।

**३० मार्च** २००७ : न्यूयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा महासन्धि र ऐच्छिक आलेख हस्ताक्षरका लागि खुल्ला।

**३ मे** २००८ : महासन्धि र ऐच्छिक आलेख कार्यान्वयनमा।

**महासन्धिको क्षेत्र**

यो महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकार आर्थिक, सामाजिक, राजनीतिक, कानुनी र साँस्कृतिक जीवनमा प्रबर्द्धन तथा संरक्षण गर्दछ। यसले अपाङ्गता भएका व्यक्तिहरूप्रति न्यायको पहुँचमा, स्वतन्त्ररूपमा बस्दा र समुदायमा रहँदा, प्रशासनिक कार्यहरू गर्दा, अदालत र प्रहरीद्वारा व्यवहार गरिँदा, शिक्षामा, स्वास्थ्योपचारमा, कार्यस्थलमा, पारिवारिक जीवनमा, साँस्कृतिक तथा खेलकुदसम्बन्धी गतिविधिहरूमा, र राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागी हुँदा अविभेदकारी व्यवहार तथा समानता हुनुपर्ने व्यवस्था गरेको छ। महासन्धिले अपाङ्गता भएका सबै व्यक्तिहरूलाई कानुनका सामू मान्यता प्रदान गरिएको सुनिश्चित गरेको छ। यसले

यातना, शोषण, हिंसा तथा दुर्व्यवहार रोक्दछ र अपाङ्गता भएका व्यक्तिहरूको जीवन, स्वतन्त्रता र सुरक्षा, हिँडडुल र अभिव्यक्ति स्वतन्त्रता, र गोपनियताप्रति सम्मानको संरक्षण गर्दछ।

**अपाङ्गताको परिभाषा**

महासन्धिले "अपाङ्गता" शब्दलाई स्पष्टरूपमा परिभाषित गरेको छैन। "अपाङ्गता" एक नवीनतम अवधारणा भएको कुरा महासन्धिको प्रस्तावनामा उल्लेख गरिएको छ। यसले "अपाङ्गता भएका व्यक्तिहरू" को पनि सुस्पष्ट परिभाषा दिएको छैन। यद्यपि, महासन्धिमा उल्लेख गरिएको छ कि "अपाङ्गता भएका व्यक्तिहरू" भन्नाले विभिन्न नकारात्मक मनोवृत्ति वा शारीरिक व्यवधानहरूका बावजुद, समाजमा पूर्णरूपमा सहभागी हुनबाट वञ्चित गर्नसक्ने दीर्घकालीन शारीरिक, मानसिक, बौद्धिक वा

"**अपाङ्गता**" - महासन्धिको प्रस्तावनामा उल्लेख गरिएको छ, "अपाङ्गता एउटा नवीनतम अवधारणा हो र अपाङ्गता भएका व्यक्तिहरू र मनोवृत्तिगत तथा वातावरणीय अवरोधहरूबीचको अन्तरक्रियाबाट अपाङ्गता उत्पन्न हुन्छ, जसले अन्य व्यक्तिहरूसरह समान किसिमले समाजमा त्यस्ता व्यक्तिहरूको पूर्ण र प्रभावकारी सहभागितामा बाधा पुऱ्याउँछ।"

"**अपाङ्गता भएका व्यक्तिहरू**" - महासन्धिको धारा १ मा उल्लेख गरिएको छ, "विभिन्न अवरोधहरूसँगको अन्तरक्रियाका कारण समाजमा अन्य व्यक्तिहरूसरह पूर्ण र प्रभावकारी सहभागितामा बाधा पुऱ्याउने दीर्घकालीन शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीयजन्य कमजोरी भएका व्यक्तिहरूसमेत अपाङ्गता भएका व्यक्तिहरूमा पर्दछन्।"

इन्द्रीयसम्बन्धी कमजोरी भएका व्यक्तिलाई जनाउँछ।

"अपाङ्गता" एक नवीनतम अवधारणा हो भन्ने मान्यताले समाज र समाजभित्रका विभिन्न विचार वा अवधारणाहरू गतिहीन छैनन् भन्ने तथ्य स्वीकार गर्दछ। परिणामस्वरुप, महासन्धिले "अपाङ्गता" सम्बन्धी संकुचित विचार नलादि एउटा गतिशील दृष्टिकोण लिएको छ, जसले यो अवधारणालाई विभिन्न समयक्रम र फरक-फरक सामाजिक-आर्थिक परिवेशसँग अनुकूल बनाउँदै लैजान दिन्छ।

अपाङ्गतासम्बन्धमा महासन्धिको दृष्टिकोणले अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकारको उपभोगमा हुनसक्ने समाजका मनोवृत्तिगत र वातावरणीय अवरोधहरू

उल्लेखनीय प्रभावमाथि पनि जोड दिएको छ। अर्को शब्दमा, ह्वीलचेयरमा हिँड्ने एकजना व्यक्तिलाई सार्वजनिक यातायात चढ्न वा कुनै रोजगारी पाउन कठिन हुनसक्छ। यस्तो हुनुको कारण उसको व्यक्तिगत अवस्था नभई पहुँच नभएका बसहरू वा कार्यालयका अप्ठ्यारा भऱ्याङहरूजस्ता उनीहरूको पहुँचमा बाधा खडा गर्ने विभिन्न वातावरणीय कठिनाईहरू हुन्।

त्यसैगरी, बौद्धिक अपाङ्गता भएको एकजना बच्चाले विद्यालयमा ऊप्रति अन्य विद्यार्थी तथा शिक्षकहरूको व्यवहार वा मनोवृत्ति, विद्यालयको अप्ठ्यारो भौतिक बनोट र कुनै पनि कुरा फरक ढङ्गले सिक्नसक्ने क्षमता भएका विद्यार्थीहरूसँग घुलमिल हुन नसक्ने अभिभावकहरू समेतका कारण कठिनाई भोल्नुपर्ने हुनसक्छ। तसर्थ, अपाङ्गता भएका व्यक्तिहरू समाजका विभिन्न कार्य वा गतिविधिमा पूर्णरूपले सहभागी हुँदा अप्ठ्यारो पार्ने त्यस्ता व्यवहार वा मनोवृत्ति तथा वातावरण परिवर्तन गर्नु आवश्यक छ।

महासन्धिले अपाङ्गता भएका व्यक्ति को हुन् भन्ने कुरा परिभाषित भन्दा पनि सङ्केत गरेको छ। अपाङ्गता भएका व्यक्तिहरूमा दीर्घकालीन शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीयसम्बन्धी कमजोरी भएका व्यक्तिहरू पर्दछन्, अर्थात्, कम्तिमा यस्ता व्यक्तिहरूलाई महासन्धिले संरक्षण प्रदान गरेको छ। यसको अर्थ हो, राज्यहरूले छोटो अवधिको अपाङ्गता भएका व्यक्तिहरूसमेत संरक्षण गरिनुपर्ने व्यक्तिहरूको दायरा फराकिलो बनाउन सक्दछन्।

## महासन्धिमा उल्लेख गरिएका अधिकार र सिद्धान्तहरू

### समान्य सिद्धान्तहरू

महासन्धिको धारा ३ मा उल्लेख गरिएका समान्य सिद्धान्तहरूले राज्य र अन्य सरोकारवालाहरूलाई महासन्धिको अर्थ लगाउन र कार्यान्वयन गर्न मार्गनिर्देशन प्रदान गर्दछन्। त्यस्ता आठ सिद्धान्तहरू निम्न छन् :-

१. नैसर्गिक मर्यादा, आफ्नोबारेमा आफै निर्णय गर्न पाउने स्वतन्त्रतासमेतको वैयक्तिक स्वायत्तता, र व्यक्तिको स्वतन्त्रताको सम्मान,
२. अविभेद,
३. समाजमा पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरण,
४. मानवीय विविधता र मानवीयताको अङ्गका रूपमा अपाङ्गता भएका व्यक्तिहरूको भिन्नताको सम्मान र स्वीकार्यता,
५. अवसरहरूमा समानता,
६. पहुँचयुक्तता,

७. पुरुष र महिलाबीच समानता, र
८. अपाङ्गता भएका बालबालिकाको विकास भइरहेको क्षमता तथा आफ्नो पहिचानको संरक्षण गर्न पाउने त्यस्ता बालबालिकाको अधिकारको सम्मान।

**अधिकारहरू**

महासन्धिमा तोकिएका नागरिक, सांस्कृतिक, आर्थिक, राजनीतिक र सामाजिक अधिकारहरू सबै मानव जातिका लागि लागू भए तापनि महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूले अन्य व्यक्तिहरूझैं यस्ता अधिकारहरू समानरूपमा उपभोग गर्न सकून भन्ने सुनिश्चिता प्रदान गर्न राज्यले गर्नुपर्ने कार्यहरूमाथि जोड दिन्छ। महासन्धिले अपाङ्गता भएका महिला र बालबालिकाका निश्चित अधिकारहरू पनि सम्बोधन गर्दछ। अपाङ्गताका सम्बन्धमा विभिन्न तथ्याङ्क सङ्कलन, चेतना अभिबृद्धि, अन्तर्राष्ट्रिय सहयोगजस्ता क्षेत्रमा राज्यको प्रभावकारी कार्यका लागि महासन्धिमा जोड दिइएको छ। महासन्धिको धारा ५, ६, ७, १०, १२-३० मा उल्लेखित अधिकारहरू निम्न छन् :-

- कानुनसामू भेदभाव समानता,
- व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार,
- कानुन र कानुनी क्षमतासामू समान मान्यता,
- यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट स्वतन्त्रता
- शोषण, हिंसा र दूराचारबाट स्वतन्त्रता,
- शारीरिक तथा मानसिक अखण्डताको सम्मानको अधिकार,
- हिँडडुल र राष्ट्रियताको स्वतन्त्रता,
- समुदायमा बसोबास गर्न पाउने अधिकार,
- विचार तथा अभिव्यक्ति स्वतन्त्रता,
- गोपनीयताको सम्मान,
- घर तथा परिवारको सम्मान,
- शिक्षाको अधिकार,
- स्वास्थ्यको अधिकार,
- काम तथा रोजगारीको अधिकार,
- उपयुक्त जीवनस्तरको अधिकार,
- राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिताको अधिकार,
- सांस्कृतिक जीवनमा सहभागिताको अधिकार, आदि।

महासन्धिले निश्चित व्यक्तिहरू केवल अपाङ्गताका आधारमा मात्र नभई उनीहरूको लिङ्ग, उमेर, जात-जाति, वा अन्य कुनै आधारमा पनि भेदभावको शिकार भएका हुन्छन् भन्ने मान्यता राख्दछ। तसर्थ महासन्धिले अपाङ्गता भएका महिला र अपाङ्गता भएका बालबालिका गरी दुई निश्चित प्रकारका व्यक्तिहरूको अधिकारबारे छुट्टै प्रावधानहरू समेटेको छ।

राज्यले गर्नुपर्ने कार्यहरूका बारेमा महासन्धिले निश्चित क्षेत्रहरूको पहिचान गरेको छ। कुनै अधिकार स्थापित गर्नु त्यस अधिकारलाई मान्यता प्रदान गरिएको सुनिश्चितता गर्नुभन्दा फरक चिज हो। यसकारण महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूले अन्य व्यक्तिहरूझैं आफ्ना अधिकारहरूको अन्य व्यक्तिहरूझैं पूर्ण उपभोग गर्नसक्ने उपयुक्त वातावरण प्रदान गर्न पक्षराष्ट्रहरूलाई बाध्य तुल्याएको छ। यस्ता प्रावधानहरू निम्न विषय वा क्षेत्रसँग सम्बन्धित छन् :-

| | |
|---|---|
| **चेतना अभिबृद्धि** : | जसबाट अपाङ्गता भएका व्यक्तिहरूले आफ्ना अधिकार र दायित्वहरूबारे जानकारी हासिल गर्दछन्, |
| **पहुँचयुक्तता** : | सबै अधिकारहरूको उपभोग र समुदायमा स्वतन्त्रतापूर्वक बस्नका लागि अपरिहार्य, |
| **जोखिम र आपतकालीन स्थिति** : | अपाङ्गता हुने एक कारण जसबाट संरक्षणको सुनिश्चितताका लागि राज्यद्वारा विशेष कार्य गरिनु जरुरी हुन्छ, |
| **न्यायमा पहुँच** : | आफ्नो अधिकार माग/दाबी गर्न अपाङ्गता भएका व्यक्तिहरूका लागि जरुरी, |
| **व्यक्तिगत हिँडडुल/आवतजावत** : | अपाङ्गता भएका व्यक्तिहरूको स्वतन्त्रता प्रबर्द्धनका लागि आवश्यक, |
| **बसोबास र पुनर्स्थापना** : | जन्मजात अपाङ्गता भएका र पछि यस्तो अवस्थामा पुगेका व्यक्तिहरूलाई अधिकतम स्वतन्त्रता र क्षमता प्राप्त गर्न र त्यसलाई कायम गरिराख्न सक्षम बनाउन, |
| **तथ्याङ्क र तथ्याङ्क सङ्कलन** : | अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रबर्द्धन र संरक्षण गर्ने नीति निर्माण तथा कार्यान्वयनका लागि आवश्यक आधारका रूपमा। |

**अन्तर्राष्ट्रिय सहयोग**

अन्तर्राष्ट्रिय सहयोगलाई अपाङ्गता भएका व्यक्तिहरूले आफ्ना मानवअधिकार पूर्णरूपमा उपभोग गर्न सकेको सुनिश्चित गर्नका लागि अत्यन्त महत्वपूर्ण विषयवस्तुका रूपमा लिइएको छ। यो सम्बन्धलाई महासन्धिको धारा ३२ ले अभिव्यक्तरूपमा मान्यता प्रदान गरेको छ र निम्न कार्यका लागि अन्य राष्ट्रहरू तथा अन्तर्राष्ट्रिय र क्षेत्रीय संस्थाहरू र नागरिक समाजसँग मिलेर काम गर्न पक्षराष्ट्रहरूका लागि दायित्व सृजना गरेको छ :-

- अन्तर्राष्ट्रिय विकास कार्यक्रमलगायतका अन्तराष्ट्रिय सहयोग कार्यक्रमहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि समावेशी र पहुँचयोग्य भएको सुनिश्चित गर्ने,
- सूचना, अनुभव, प्रशिक्षण कार्यक्रम तथा सफल अभ्यासहरू आदान-प्रदान तथा हिस्सेदारीसमेतको माध्यमबाट क्षमता अभिबृद्धि गर्ने,
- अनुसन्धान कार्यहरू सञ्चालन तथा वैज्ञानिक ज्ञानको पहुँचमा सहजीकरण गर्ने,
- पहुँचयोग्य तथा सहयोगी प्रविधिहरूको प्रयोगमा सहजीकरणलगायत प्राविधिक र आर्थिक सहायता प्रदान गर्ने।

अन्तर्राष्ट्रिय विकास कार्यक्रमहरूसमेतका यस्ता सबै प्रयासहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयोग्य र समावेशी हुनुपर्ने आवश्यकतामाथि महासन्धिमा अन्तर्राष्ट्रिय सहयोगसम्बन्धी बेग्लै धारा नै समावेश गरेर विशेष जोड दिइएको छ। कैयौं देशहरूमा गरिबीको रेखामुनि रहेका अपाङ्गता भएका व्यक्तिहरूको प्रतिशत अन्य व्यक्तिहरूको तुलनामा निकै ठूलो भएकाले त्यस्ता व्यक्तिहरूलाई विकास कार्यक्रमहरूको योजना तर्जुमा र कार्यान्वयनमा सहभागी गराउन नसक्ने हो भने समाजमा विद्यमान असमानता र भेदभाव अझ बढ्नसक्ने भएकाले महासन्धिले यस्तो जोड दिएको छ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रबर्द्धनका लागि अन्तर्राष्ट्रिय सहयोग अभिबृद्धि गर्न केवल पक्षराष्ट्रहरूको मात्र नभई अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलगायत नागरिक समाज र संयुक्त राष्ट्रसङ्घका विशिष्टिकृत निकायहरू, विश्व बैंक र अन्य विकास बैंकहरू, युरोपेली आयोग र अफ्रिकी युनियनजस्ता विभिन्न अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनहरूको पनि महत्वपूर्ण भूमिका रहने महासन्धिले स्थापित गरेको छ।

**पक्षराष्ट्रहरूको दायित्व**

महासन्धिको धारा ४ मा उल्लेख भएबमोजिम, महासन्धि अनुमोदन गर्ने सरकार,

विना कुनै भेदभाव, अपाङ्गता भएका सबै व्यक्तिहरूका लागि सबै मानवअधिकार तथा मौलिक स्वतन्त्रताको पूर्ण उपभोग प्रबर्द्धन र सुनिश्चित गर्न सहमत हुन्छ।

प्रत्येक राज्यले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको अग्रगामी परिरक्षण (progressive realization) का लागि आवश्यक कदमहरू चाल्नु र त्यसका लागि उपलब्ध श्रोत-साधनको उच्चतम प्रयोग गर्नु पर्दछ। अग्रगामी परिरक्षण (progressive realization) का रूपमा पनि लिइने यस्तो दायित्वले यस्ता कैयौं अधिकारहरू पूर्णरूपमा सुनिश्चित गर्न समय लाग्ने कुरा स्वीकार गर्दछ। उदाहरणका लागि सामाजिक सुरक्षा वा स्वास्थ्योपचार प्रणाली विकास वा सुधार गर्न केही बढी समय

### राज्यद्वारा चालिनुपर्ने कदमहरू

- अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकार प्रबर्द्धनका लागि कानुनी र प्रशासनिक संयन्त्र निर्माण गर्नु
- भेदभाव उन्मूलनका लागि कानुनी तथा अन्य संयन्त्रहरूको निर्माण गर्नु,
- सबै नीति तथा कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको संरक्षण तथा प्रबर्द्धन गर्नु,
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार हनन गर्ने अभ्यास/व्यवहारहरूको अन्त्य गर्नु,
- राज्यका सबै निकाय अर्थात् सार्वजनिक क्षेत्रद्वारा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सम्मान सुनिश्चितता गर्नु,
- निजी क्षेत्र र प्रत्येक व्यक्तिद्वारा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सम्मान सुनिश्चितता गर्नु,
- अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयोग्य वस्तु, सेवा र प्रविधिको विकासका बारेमा अनुसन्धान गर्नु र यस्तो अनुसन्धान गर्न अन्य सरोकारवालाहरूलाई पनि प्रोत्साहित गर्नु,
- अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोगीसिद्ध प्रविधिहरूको बारेमा सहज ढङ्गले सूचना प्रवाह गर्नु,
- अपाङ्गता भएका व्यक्तिहरूसँग वा उनीहरूको क्षेत्रमा कार्यरत पेशाकर्मी र कर्मचारीहरूलाई महासन्धिमा व्यवस्था गरिएका अधिकारहरूको बारेमा प्रशिक्षित गर्नु,
- अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी कानुन तथा नीति निर्माण र कार्यान्वयन, र निर्णय प्रक्रियाहरूमा उनीहरूसँग परामर्श गर्ने र उनीहरूलाई संलग्न गराउने।

लाग्न सक्दछ। अग्रगामी परिरक्षण (progressive realization) को मान्यताले विकासशील राष्ट्रहरूलाई महासन्धिका उद्देश्यहरू पूरा गर्ने सन्दर्भमा केही लचकता/छुट प्रदान गरे तापनि महासन्धिहरूम उल्लेखित अधिकारहरूको संरक्षणका गर्नुपर्ने जिम्मेवारीबाट मुक्त भने गर्दैन। उदाहरणका लागि, कुनै पनि राज्यले अपाङ्गता भएको व्यक्तिलाई बलजफ्ती कुनै स्थानबाट हटाउन, सामाजिक-सुरक्षाको व्यवस्था स्वेच्छाचारी ढङ्गले फिर्ता लिन वा न्यूनतम ज्याला अभ्यासमा ल्याउन र त्यसको सम्मान गर्नबाट असफल हुन पाउँदैन।

नागरिक तथा राजनीतिक अधिकारहरू आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारजस्तो अग्रगामी परिरक्षण (progressive realization) भित्र पर्ने अधिकार होइनन्। अर्को शब्दमा, राज्यहरूले यस्ता अधिकारहरू तत्काल संरक्षण र प्रबर्द्धन गर्नु अत्यन्त अनिवार्य हुन्छ।

**सम्मान, संरक्षण र परिपूर्तिको दायित्व**

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिले राज्यका मूलत तीनखाले दायित्वहरू तोकेको छ :-

१. **सम्मानको दायित्व** : अपाङ्गता भएका व्यक्तिहरूद्वारा उनीहरूको अधिकार उपभोग गर्दा कुनै पनि पक्षराष्ट्रले हस्तक्षेप गर्नु हुँदैन। उदाहरणका लागि, राज्यले अपाङ्गता भएका व्यक्तिहरूमा उनीहरूको स्वेच्छाविना कुनै पनि प्रकारको औषधीको परीक्षण गर्नु हुँदैन। त्यसैगरी, कुनै पनि व्यक्तिलाई अपाङ्गता भएकै कारणले विद्यालय जानबाट वञ्चित गर्नु वा त्यसक्रममा भेदभाव गरिनु हुँदैन।
२. **संरक्षणको दायित्व** : अपाङ्गता भएका व्यक्तिहरूको अधिकार कुनै तेश्रो पक्षबाट उल्लङ्घन हुनबाट पक्षराष्ट्रहरूले रोक्नु पर्दछ। उदाहरणका लागि, नीति रोजगारदाताले अपाङ्गता भएका व्यक्तिहरूका लागि उपयुक्त आवाससमेतका न्यायोचित र अनुकूल कार्यस्थल प्रदान गर्नुपर्ने विषयलाई पक्षराष्ट्रले अनिवार्य बनाउनु पर्दछ। अपाङ्गता भएका व्यक्तिहरूलाई कुनै पनि प्रकारका दूर्व्यवहार वा दुराचारबाट संरक्षण प्रदान गर्न राज्य विशेष चनाखो हुनै पर्दछ।
३. **परिपूर्तिको दायित्व** : अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको पूर्ण सुनिश्चितताका दिशामा पक्षराष्ट्रहरूले उपयुक्त कानुनी, प्रशासनिक, बजेट, कानुनी वा अन्य कदमहरू चाल्नै पर्दछ।

**मानवअधिकारसम्बन्धी अन्य सन्धिहरूसँग यो महासन्धिको भिन्नता**

यो महासन्धिले मानवअधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय सन्धिहरूलाई सहयोग

पुऱ्याउँदछ। यसले अपाङ्गता भएका व्यक्तिहरूका लागि कुनै नयाँ अधिकार थपेको छैन तर अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सम्मान तथा उनीहरूद्वारा आफ्नो अधिकार उपभोग गरेको सुनिश्चित गर्नुपर्ने राज्यका दायित्वहरू स्पष्ट तोकेको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रसमेत, मानवअधिकारको विश्वव्यापी घोषणापत्रभन्दा पछि पारित अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूले निश्चित अवस्थाहरूमा यस्ता अधिकारहरूको सम्मान सुनिश्चित गर्नैपर्ने राज्यको दायित्वलाई प्रष्ट पारेका छन्। उदाहरणका लागि, बालबालिका वा आप्रवासी कामदारहरू र तिनका परिवारहरूको संरक्षणका लागि छुट्टाछुट्टै सन्धिहरू छन्। त्यसैगरी यातनामा रोक लगाउने वा लिङ्ग वा रङ्ग/जातिका आधारमा हुने भेदभावबाट संरक्षण प्रदान गर्ने सन्धिहरूलाई पनि उदाहरणका रूपमा लिन सकिन्छ। यसैक्रमको एक नयाँ महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकारको सममान सुनिश्चित गर्न राज्यद्वारा चालिनुपर्ने कदमहरूमा विशेष जोड दिएको छ।

नयाँ महासन्धिले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रद्वारा स्थापित गरिएको एउटा अधिकार - कानुनसामू समान संरक्षणको अधिकारलाई ग्रहण गर्दै यसलाई खासगरी अपाङ्गता भएका व्यक्तिहरूप्रति केन्द्रित गरी थप व्यापकता र व्याख्या प्रदान गरेको छ। कानुनसामू समान मान्यताको अधिकार केवल आफैमा एउटा अधिकारका रूपमा मात्र नभई अन्य अधिकारहरूको पूर्ण उपभोगका लागि पूर्वशर्तका रूपमा पनि एक मौलिक अधिकार हो। किनकी, कानुनसामू समान संरक्षणको अधिकार सुनिश्चित भएमा मात्र अन्य अधिकारहरू, जस्तै: न्यायिक निकायहरूद्वारा संरक्षण प्राप्त गर्न पाउने अधिकार (न्यायिक उपचारको अधिकार), कुनै सम्झौता गर्न पाउने अधिकार (अन्य अधिकारहरूका साथै काम वा रोजगारीको अधिकार), आफ्नो सम्पत्ति खरिद-बिक्री गर्न पाउने अधिकार (एक्लै वा सामूहिकरूपमा सम्पत्ति आर्जन गर्न पाउने अधिकार), र विवाहको अधिकार (विवाह गर्न र परिवार स्थापित गर्न पाउने अधिकार) को सम्मान र संरक्षण हुन सक्दछ।

अपाङ्गता भएका व्यक्तिहरू अपाङ्गता भएकै कारणले कानुनसामू समान मान्यता पाउने अधिकारबाट प्राय: वञ्चित गरिएका छन्। अपाङ्गता भएका कतिपय व्यक्तिहरूको जन्म दर्तासमेत गरिएको छैन र यस्ता कैयौं व्यक्तिहरूको कानुनी हक पूर्ण र अनावश्यकरूपमा उनीहरूका अभिभावकमा स्थानान्तरण गर्ने गरिन्छ। अभिभावकहरूले कतिपय अवस्थामा उनीहरूको अधिकार हननसमेत गर्दछन्। यस्तो समस्या निदानका लागि, महासन्धिले अपाङ्गता भएका व्यक्तिका अधिकारको अर्थ प्रष्ट्याउनुका साथै यस्ता

अधिकार हनन नगरिएको सुनिश्चितता प्रदान गर्न राज्यद्वारा चालिनुपर्ने कदमहरूका बारेमा स्पष्ट पारेको छ।

**महासन्धिको ऐच्छिक आलेख**

ऐच्छिक आलेख भनेको विद्यमान सन्धिसँग सम्बन्धित एक यस्तो कानुनी दस्तावेज हो जसले मूल महासन्धिले नसमेटेका विषयहरूलाई सम्बोधन गर्दछ। ऐच्छिक आलेखको अनुमोदन, सामान्यतया, मूल सन्धिका पक्षराष्ट्रहरूका लागि मात्र खुल्ला गर्ने गरिन्छ। यद्यपि यो कुरा सबै अवस्थामा भने लागू नहुन सक्छ। यो "ऐच्छिक" कुन अर्थमा हो भने, राज्यहरू मूल सन्धिको पक्ष छन् भने पनि उनीहरू आलेखको पक्ष बन्न भने वाध्य हुँदैनन्।

ऐच्छिक आलेखले प्रभावकारी ढङ्गले महासन्धि कार्यान्वयन गर्न, महासन्धिको उल्लङ्घनका अवस्थामा राष्ट्रियस्तरमा अझ बढी उपचार प्रदान गर्न र विभेदकारी कानुन र अभ्यासहरूको अन्त्य गर्न राज्यहरूलाई प्रोत्साहित गर्दछ। साथै, महासन्धिअन्तर्गत सृजित दायित्वप्रति राज्य जवाफदेही बन्नेछ भन्ने थप सुनिश्चितता प्रदान गर्ने उच्च प्रतिबद्धताको प्रतिनिधित्व गर्दछ।

ऐच्छिक आलेख निम्न कार्यका लागि राज्यहरूद्वारा प्रयोग गरिने साधन हो :-

- अपाङ्गता भएका व्यक्तिहरूका लागि विद्यमान संरक्षण संयन्त्रहरूको सुधार गर्न,
- विद्यमान संरक्षण संयन्त्रहरूको प्रबर्द्धन गर्न,
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण तथा प्रबर्द्धनका लागि आफूले चाल्नैपर्ने कदमहरूबारे राज्यको बुझाईलाई अभिबृद्धि गर्न,
- अधिकार हनन भएको छैन भनी अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समितिले निष्कर्ष निकालेको अवस्थामा राज्यका कार्यहरू न्यायसंगत रहेको प्रमाणित गर्नु,
- विभेदकारी कानुन, नीति र व्यवहारहरूको परिवर्तनलाई बढावा दिनु, र
- अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित मानवअधिकार मापदण्डहरूका बारेमा जनचेतना अभिबृद्धि गर्नु।

ऐच्छिक आलेख हस्ताक्षर र अनुमोदन गर्ने विधि वा प्रक्रिया महासन्धिको जस्तै हो। यद्यपि, महासन्धि कम्तिमा २० वटा राष्ट्रहरूले अनुमोदन गरेमा कार्यान्वयनमा आउने व्यवस्था छ भने ऐच्छिक आलेख कार्यान्वयनमा आउन कम्तिमा १० वटा राष्ट्रले अनुमोदन गर्नु पर्दछ।

## अध्याय तीन

# महासन्धि र ऐच्छिक आलेखको अनुगमन

कानुनीरूपमा वाध्यकारी सबै अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूका बेग्लाबेग्लै अनुगमन अङ्ग वा निकायहरू छन्। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि यसको अपवाद होइन। अन्य मानवअधिकार सन्धिहरूद्वारा व्यवस्था गरिएका अनुगमन संयन्त्रहरूभैं, यो महासन्धिमा व्यवस्था गरिएको प्रक्रियाले पनि यसका प्रावधानहरू प्रभावकारी ढङ्गले कार्यान्वयन भएको सुनिश्चित गर्न राज्यहरूसँगको रचनात्मक संवादलाई प्रबर्द्धन गर्दछ। यस्तो अनुगमन भन्नाले आफ्नो अधिकारका सम्बन्धमा उजुरी गर्न र उपचारको खोजी गर्न पाउने व्यक्तिको अधिकारलाई पनि जनाउँछ। अनुगमन संयन्त्रहरूले जवाफदेहिता प्रबर्द्धन गर्नुका साथ दीर्घकालीनरूपमा आफ्ना प्रतिबद्धता र दायित्वहरू पूरा गर्न पक्षराष्ट्रहरूको क्षमता अभिबृद्धिमा सहयोग गर्दछन्।

**महासन्धिमा अनुगमन संयन्त्रको व्यवस्था**

महासन्धिको धारा ३४ मा, स्वतन्त्र विज्ञहरूको एउटा समिति गठनमार्फत् अन्तर्राष्ट्रियस्तरमा अनुगमनको व्यवस्था गरिएको छ। यस्तो समितिलाई अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति भनिन्छ। यो समितिले राज्यहरूद्वारा आवधिकरूपमा पठाउने प्रतिवेदनहरूको समीक्षा गर्दछ। यस्ता प्रतिवेदनका आधारमा, समितिले सम्बन्धित राज्यहरूसँग मिलेर काम गर्दछ र ती पक्षराष्ट्रहरूलाई सुझाव प्रदान गर्दछ। यस्ता सुझावलाई निष्कर्षात्मक सिफारिस पनि भनिन्छ।

राज्यद्वारा यो महासन्धिको ऐच्छिक आलेख पनि अनुमोदन गरिएको छ भने उक्त राज्यका सम्बन्धमा समितिले थप दुई प्रकारका अनुगमन कार्यहरू गर्न सक्दछ। पहिलोलाई व्यक्तिगत उजुरी कार्यविधि भनिन्छ, जसमार्फत् समितिले महासन्धिद्वारा प्रदत्त

आफ्नो अधिकार राज्यले हनन गरेको छ भने कुनै व्यक्तिले दिएको उजुरी लिन सक्दछ। दोश्रोलाई जाँचबुझ कार्यविधि भनिन्छ, जसमार्फत् समितिले महासन्धिको व्यापक र सुनियोजित उल्लङ्घन भएका अवस्थाको अनुसन्धान गर्न र मिहिन जाँचबुझका लागि सम्बन्धित पक्षराष्ट्रको सहमतिमा स्थलगत अध्ययन गर्न सक्दछ।

महासन्धिको धारा ४० ले पक्षराष्ट्रहरूको सम्मेलनको व्यवस्था गरेको, जसमा महासन्धिको कार्यान्वयन अवस्थाबारे छलफल गरिन्छ।

**अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति**

धारा ३४ ले, महासन्धि कार्यान्वयनमा आएपछि, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति गठनको व्यवस्था गरेको छ। उक्त समितिले राज्यहरूद्वारा प्रेषित आवधिक प्रतिवेदनहरूमाथि छलफल गर्नुका साथै व्यक्तिगत उजुरीहरूबारे अनुसन्धान, जाँचबुझ र निष्कर्षात्मक सिफारिस तयार गर्दछ।

महासन्धिको धारा ३४(१) बमोजिम, महासन्धि कार्यान्वयनमा आउनेबित्तिकै १२ जना विज्ञहरू सम्मिलित समिति निर्माण गरिनेछ। थप साठी राष्ट्रहरूद्वारा महासन्धि अनुमोदन भएपछि ६ जना थप गरी समितिको सदस्य सङ्ख्या १८ पुऱ्याइनेछ। पक्षराष्ट्रहरूको सम्मेलनले समितिका सदस्यहरू चयन गर्नेछ। तर, ती सदस्यहरूले व्यक्तिगत/विज्ञका हिसाबले आफ्नो जिम्मेवारी वहन गर्नुपर्ने हुन्छ, न कि राज्य वा सरकारको प्रतिनिधिका रूपमा। समितिका सदस्यहरू अपाङ्गता तथा मानवअधिकारका क्षेत्रमा उनीहरूको क्षमता र अनुभवका आधारमा छानिनेछन्। यस्तो छनौट गर्दा समतामूलक भौगोलिक प्रतिनिधित्व, भिन्न-भिन्न समाज वा कानुनी प्रणालीको प्रतिनिधित्व, लैंगिक सन्तुलन, अपाङ्गता भएका विज्ञहरूको सहभागिताजस्ता पक्षमा ध्यान दिइनेछ।

समितिको सदस्यमा आफ्नो तर्फबाट विज्ञ मनोनयनका लागि व्यक्तिहरूको छनौट गर्दा राज्यहरूले अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका प्रतिनिधिमूलक संस्थाहरूसँग परामर्श गर्नु र त्यस प्रक्रियामा उनीहरूलाई संलग्न गराउनु पर्दछ।

**समितिका कार्यहरू**

समितिले मूलरूपमा तीन प्रमुख कार्यहरू गर्दछ :-

पहिलो, महासन्धि कार्यान्वयन अवस्थासम्बन्धी आवधिक प्रतिवेदनहरूको अध्ययन र समीक्षा तथा पक्षराष्ट्रहरूसँग रचनात्मक संवाद, दोश्रो, ऐच्छिक आलेखको

व्यवस्थाबमोजिम व्यक्तिगत उजुरीहरूको प्राप्ति र अध्ययन, र तेश्रो, महासन्धिको व्यापक र सुनियोजित हननसम्बन्धी विश्वसनीय प्रमाण/सूचना प्राप्त भएको अवस्थामा त्यसको जाँचबुझ। यो पछिल्लो जाँचबुझ कार्य पनि ऐच्छिक आलेखमा भएको व्यवस्था बमोजिम नै हुन्छ।

यसका अतिरिक्त, र अन्य सन्धिजनित निकायहरूको अभ्यासझैं, समितिले महासन्धिका प्रावधान वा अन्तर्सम्बन्धित विषयहरूको अर्थ प्रष्ट पार्दै साधारण टिप्पणीहरू जारी गर्ने निर्णय गर्न सक्दछ। त्यसैगरी राज्य, नागरिक समाज, संयुक्त राष्ट्रसङ्घका निकाय र अन्य अन्तर्राष्ट्रिय सङ्गठनहरूसँग छलफल आयोजना गर्न सक्दछ।

समितिका सदस्यहरू जेनेभामा आयोजना हुने समितिका बैठकहरूमा सहभागी हुनु पर्दछ। यस्तो बैठक वर्षमा दुई वा तीन पटक बस्दछ र प्रत्येक बैठक तीन हप्तासम्म चल्दछ। समितिका सदस्यहरूले राज्यहरूद्वारा पेश गरिएका प्रतिवेदनहरूका साथै नागरिक समाज र अन्य संस्थाहरूले बुझाएका दस्तावेजहरूको अध्ययन गरी त्यस्ता प्रतिवेदनहरूमाथि छलफल गर्न आयोजित बैठक सत्रहरूका लागि आवश्यक दस्तावेजहरू तयार गर्नु पर्दछ। यसका अतिरिक्त, ऐच्छिक आलेखको प्रावधानबमोजिम, समितिका सदस्यहरूले व्यक्तिगत उजुरीहरूको समीक्षा र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्था वा निश्चित घटनाहरूको जाँचबुझका लागि विभिन्न देशहरूको स्थलगत अध्ययन गर्नु पर्दछ।

कतिपय समिति सदस्यहरूले अन्तर-सत्र बैठकबीचको अवधिमा साधारण टिप्पणीहरूको पहिलो मस्यौदा तयार गर्ने, जेनेभामा सम्पन्न हुने मानवअधिकारसम्बन्धी अन्य सन्धिजनित निकाय र ती निकायका अध्यक्षहरूको बैठकमा सहभागी हुनेजस्ता विभिन्न कार्यहरू गर्दछन्।

**आवधिक प्रतिवेदन**

धारा ३५ अनुसार, महासन्धिको प्रत्येक पक्षराष्ट्रले महासन्धि कार्यान्वयनका लागि अवलम्बन गरिएका उपायहरूबारे समितिसमक्ष विस्तृतरूपमा "प्रारम्भिक प्रतिवेदन" पेश गर्नै पर्दछ। महासन्धि कार्यान्वयनपछि आफ्नो राष्ट्रमा यो कार्यान्वयनमा आएको दुई वर्षभित्र प्रत्येक पक्षराष्ट्रले यस्तो प्रतिवेदन पेश गर्नु पर्दछ। "प्रारम्भिक प्रतिवेदन" मा निम्न विषयहरू समावेश गरिएको हुनु पर्दछ :-

- महासन्धि कार्यान्वयनका लागि चालिएका संवैधानिक, कानुनी र प्रशासनिक कदमहरूबारे जानकारी,

- महासन्धिका प्रत्येक धाराको कार्यानवयनका लागि पारित नीति तथा कार्यक्रमहरूको बारेमा विस्तृत व्याख्या, र
- महासन्धि अनुमोदन र कार्यान्वयनको परिणामस्वरुप, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चिततामा हासिल गरिएको उपलब्धीको पहिचान।

प्रत्येक पक्षराष्ट्रले “प्रारम्भिक प्रतिवेदन” बुझाइसकेपछि कम्तिमा प्रत्येक चार वर्ष वा समितिले अनुरोध गरेको अवस्थामा अन्य समयमा पनि समितिसमक्ष “आवधिक प्रतिवेदन” पेश गर्नु पर्दछ। त्यस्तो प्रतिवेदनमा निम्न विषयवस्तु समावेश गरिएको हुनु पर्दछ :-

- आफ्नो अघिल्लो प्रतिवेदनमाथि समितिद्वारा जारी गरिएका निष्कर्षात्मक टिप्पणीहरूमा जोड दिइएका सरोकार र अन्य विषयवस्तुहरू सम्बोधन,
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्ने सन्दर्भमा प्रतिवेदनले समेटेको समयावधिमा हासिल गरिएको उपलब्धीबारे चर्चा, र
- प्रतिवेदनले समेटेको समयावधिमा, महासन्धि कार्यान्वयन गर्ने क्रममा राज्य र अन्य सरोकारवालाहरूले कुनै चुनौति सामना गर्नु परेको भए सोसम्बन्धमा उल्लेख।

प्रतिवेदनका विषयवस्तुहरूका बारेमा समितिले निर्देशिका निर्माण गर्नेछ। पहिलो प्रतिवेदन विस्तृत हुनै पर्दछ। अर्को शब्दमा त्यस्तो प्रतिवेदनले महासन्धिका हरेक प्रावधानहरूको कार्यान्वयनका सम्बन्धमा विस्तृत जानकारी प्रदान गर्नै पर्दछ। त्यसपछिका प्रतिवेदनहरूमा अघिल्लो प्रतिवेदनमा उल्लेख भइसकेका सूचनालाई यथावत्‌रूपमा दोहोऱ्याउनु पर्दैन। पक्षराष्ट्रहरूले आफ्ना प्रतिवेदनहरू खुल्ला वा पारदर्शी ढङ्गले तयार गर्नु र अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका प्रतिनिधिमूलक संस्थाहरूसँग परामर्श गर्नु र उनीहरूलाई त्यस प्रक्रियामा संलग्न गराउनु पर्दछ।

आवधिक प्रतिवेदनको तयारीबाट निम्न फाइदा हुन्छ :-

- मानवअधिकार र अपाङ्गतासम्बन्धी राष्ट्रिय कानुन, नीति तथा कार्यक्रमहरको विस्तृत समीक्षा गर्न सरकारहरूलाई प्रोत्साहित गर्दछ,
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित भए-नभएकोबारे प्रत्येक राज्यले नियमित अनुगमन गर्दछ भन्ने सुनिश्चित गर्दछ,
- प्राथमिकताका क्षेत्रहरू र आफ्नो कार्य वा उपलब्धिहरूलाई मापन गर्नका लागि निश्चित सूचकहरू तोक्न सरकारहरूलाई प्रोत्साहित गर्दछ,

- सरकारहरूलाई एउटा आधार प्रदान गर्दछ, जसबाट आगामी प्रतिवेदनको तुलना गर्न सकियोस्,
- सरकारको प्रदर्शनका बारेमा सार्वजनिक छलफल र मूल्यांकनका लागि अवसर प्रदान गर्दछ, र
- महासन्धि कार्यान्वयनका सन्दर्भमा देखा परेका चुनौति र अप्ठ्याराहरूको पहिचान गर्दछ।

**आवधिक प्रतिवेदनको उद्देश्य**

आवधिक प्रतिवेदनले महासन्धिद्वारा सृजित दायित्वअनुरुप राज्यका सकारात्मक कदमको प्रबर्द्धन गर्न तथा सरकार, राष्ट्रिय मानवअधिकार निकाय र नागरिक समाजलाई सम्बन्धित राष्ट्रमा अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकारप्रति सम्मानको अवस्था मूल्याङ्कन गर्न आवश्यक उपाय वा दिशा प्रदान गर्दछ। यसका अतिरिक्त, समितिसमक्ष आवधिक प्रतिवेदन प्रस्तुतिबाट निम्न फाइदा हुन्छ :-

- एउटा यस्तो साधन प्रदान गर्दछ जसमार्फत् सरकार, राष्ट्रिय मानवअधिकार निकाय र नागरिक समाजले महासन्धिका उद्देश्यहरू र यसमा समाविष्ट अधिकारहरूको बारेमा अझ राम्रोसँग बुझ्न सक्दछन्,
- महासन्धिका र सम्बन्धित राष्ट्रमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्थाका बारेमा जनचेतना अभिबृद्धिमा योगदान पुऱ्याउँछ,
- महासन्धिको कार्यान्वयन कसरी गर्ने भन्ने सम्बन्धमा एउटा स्वतन्त्र र अन्तर्राष्ट्रिय समितिको दक्षताबाट फाइदा लिन अन्तर्राष्ट्रिय सरकारलाई अनुमति प्रदान गर्दछ,
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रबर्द्धन, संरक्षण र परिपूर्तिका क्षेत्रमा सम्बन्धित राष्ट्रका सकारात्मक/सफल अभ्यास र अनुभवहरूलाई थप बल प्रदान गर्दछ,
- सबै आवधिक प्रतिवेदनहरू र समितिका निष्कर्षात्मक सिफारिसहरू सार्वजनिक दस्तावेज भएका कारण कुनै पनि राष्ट्रलाई अन्य राष्ट्र वा सरकारका सकारात्मक वा सफल अभ्यास तथा अनुभवहरूबाट सिक्न र फाइदा लिन सहयोग प्रदान गर्दछ,
- सरकार, राष्ट्रिय मानवअधिकार निकाय र नागरिक समाजलाई कानुन, नीति तथा कार्यक्रम निर्माणसमेत भावी कार्य संचालनका लागि स्पष्ट र विश्वसनीय

मार्गनिर्देशन प्रदान गर्दछ र कुन क्षेत्रमा खासगरी संयुक्त राष्ट्रसङ्घमार्फत् अन्तर्राष्ट्रिय सहयोग चाहिन्छ भन्ने जानकारी प्रदान गर्दछ।

**आवधिक प्रतिवेदनको अनुगमन**

कुनै पनि राष्ट्रको आवधिक प्रतिवेदनमाथि छलफल गरी त्यसका सम्बन्धमा आफ्नो निष्कर्षात्मक टिप्पणी तथा सिफारिसहरू तयार गरिसकेपछि तिनको अनुगमनका लागि समितिले संयुक्त राष्ट्रसङ्घीय विशिष्टिकृत निकाय, कोष र कार्यक्रमहरूसमक्ष आफ्ना निष्कर्षहरू पठाउँछ। त्यस्तो फलोअप "प्राविधिक सहयोग" का रूपमा गरिन्छ। समितिले फलोअपका लागि आफ्ना निष्कर्षहरू पठाउने र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका क्षेत्रमा कार्यक्रम संचालन गर्ने कार्यादेश भएका त्यस्ता निकाय, कोष र कार्यक्रमहरूमा युनेस्को, आईएलओ, डब्लूएचओ, युएनडिपी र युनिसेफका साथै विश्व बैंकसमेत पर्दछ। यी निकाय, कोष र कार्यक्रमसँग सम्पर्क/समन्वयमार्फत् राज्यहरू र समितिले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्थामा निरन्तर सुधार सुनिश्चित गर्न सक्दछन्।

**पक्षराष्ट्रहरूको सम्मेलन**

महासन्धिको धारा ४० बमोजिम, महासन्धिको कार्यान्वयनसँग सम्बन्धित विभिन्न विषयवस्तुका बारेमा छलफल गर्न महासन्धि अनुमोदन गरेका राज्यहरूले नियमितरूपमा "पक्षराष्ट्रहरूको सम्मेलन" मा भाग लिनेछन्। यस्तो सम्मेलनको पहिलो बैठक महासन्धि कार्यान्वयन भएको छ महिनापश्चात् सम्पन्न हुने महासन्धिमा व्यवस्था छ। यस्तो सम्मेलनको स्वरुप वा कार्यहरूका बारेमा भने महासन्धिमा व्याख्या गरिएको छैन।

**अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्था अनुगमन गर्ने अन्य संयन्त्रहरू**

मानवअधिकारसम्बन्धी सबै सन्धिहरूले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण गर्दछन्। यसको अर्थ हो, संयुक्त राष्ट्रसङ्घका मानवअधिकारसम्बन्धी अन्य सन्धिहरूअन्तर्गत गठन गरिएका स्वतन्त्र विज्ञहरूका समितिहरूको भूमिका सम्बन्धित सन्धिको दायराभित्र रही अपाङ्गता भएका व्यक्तिहरूको अधिकार अनुगमन गर्नु पनि हो। उदाहरणका रूपमा, मानवअधिकार समितिलाई नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रका पक्षराष्ट्रहरूमा अपाङ्गता भएका व्यक्तिहरूको नागरिक तथा राजनीतिक अधिकारको अनुगमन गर्ने अधिकार छ। बालअधिकारसम्बन्धी

समितिलाई अपाङ्गता भएका बालबालिकाको अधिकारको अवस्थाको अनुगमन गर्ने अधिकार छ।

**व्यक्तिगत उजुरीसम्बन्धी कार्यविधि**

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेखको धारा १ र ६ ले महासन्धिको कार्यान्वयन सुदृढ बनाउन क्रमश: दुई प्रकारका कार्यविधिको व्यवस्था गरेका छन् :- (क) व्यक्तिगत उजुरी कार्यविधि, र (ख) जाँचबुझ कार्यविधि।

ऐच्छिक आलेखको धारा १ द्वारा ग्यारेण्टी गरिएको व्यक्तिगत उजुरीको कार्यविधिले ऐच्छिक आलेखको कुनै पनि पक्षराष्ट्रका व्यक्ति वा समूहलाई उनीहरूको राष्ट्रमा महासन्धिद्वारा सृजित कुनै दायित्व राज्यले उल्लङ्घन गरेको सम्बन्धमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समितिसमक्ष उजुरी पेश गर्नसक्ने व्यवस्था गरेको छ।

यस्तो उजुरीमाथि समितिले अध्ययन गर्दछ र आवश्यक छ भने आफ्नो धारणा वा सुझाव/सिफारिसहरू तयार गर्दछ र सम्बन्धित राज्यसमक्ष पठाउँछ। यस्ता धारणा र सुझाव/सिफारिसहरू संयुक्त राष्ट्रसङ्घको महासभामा समितिद्वारा पेश गरिने सार्वजनिक प्रतिवेदनमा पनि समेटिन्छन्। सामान्यतया, व्यक्तिगत उजुरी कार्यविधिहरू कागजी वा लिखित कार्यविधिहरू हुन्। अर्को शब्दमा, उजुरीकर्ता र सम्बन्धित राज्य, कोही पनि समितिसमक्ष भौतिकरूपमा उपस्थित हुँदैनन्। सबै सूचना वा सञ्चार वा प्रस्तुति लिखितरूपमा गरिन्छ।

महत्वपूर्ण पक्ष के हो भने, सबै उजुरीहरू थप कारवाहीका लागि स्वीकार गरिँदैनन्। कुनै पनि उजुरी निम्न अवस्थामा समितिका लागि स्वीकारयोग्य हुँदैन :-

- उजुरीकर्ता अज्ञात छ भने,
- महासन्धिका प्रावधानविपरीत वा त्यसको उल्लङ्घन गर्नेखालको उजुरी छ भने,
- त्यही उजुरीमाथि यसअघि यस्तै अन्य समितिद्वारा छानबिन गरिएको छ भने,
- त्यही उजुरीमाथि अन्य कुनै अन्तर्राष्ट्रिय अनुसन्धान कार्यविधिद्वारा छानबिन गरिएको वा गरिँदै छ भने,
- उपलब्ध सबै राष्ट्रिय उपचारात्मक प्रक्रियाहरू पार गरिएको छैन भने,
- लगत र अपूर्ण सूचना भएमा, र
- सम्बन्धित राष्ट्रका लागि ऐच्छिक आलेख कार्यान्वयनमा आउनुअघि भएको घटना हो भने।

### व्यक्तिगत उजुरी कार्यविधि

व्यक्तिगत उजुरी कार्यविधिमा निम्नलिखित कदमहरू पर्दछन् :-

- समितिले उजुरी प्राप्त गर्दछ।
- समितिले उजुरीपत्रको स्वीकारयोग्यतामाथि छलफल गर्दछ।
- समितिले गोप्यरूपमा उक्त उजुरी सम्बन्धित राष्ट्रको सरकारलाई पठाउँछ।
- उक्त उजुरीमा उल्लेख गरिएका विषयवस्तुहरूको बारेमा स्पष्ट पार्दै र त्यससम्बन्धमा उपचारात्मक वा अन्य कुनै कदम चालिएको भए त्यसको बारेमा समेत जानकारी प्रदान गर्दै छ महिनाभित्र सम्बन्धित सरकारले समितिसमक्ष लिखितरूपमा विस्तृत विवरण पेश गर्दछ।
- सरकारको धारणाका सम्बन्धमा टिप्पणी दिन उजुरीकर्तालाई अवसर प्रदान गरिन्छ।
- उजुरीकर्ताको अधिकार संरक्षणका लागि अन्तरिम उपायहरू अवलम्बन गर्न समितिले सम्बन्धित सरकारलाई आग्रह गर्न सक्दछ।
- बन्दसत्रमा समितिले उक्त उजुरीमाथि छलफल गर्दछ।
- समितिले सरकार र उजुरीकर्ताहरूलाई आवश्यक सुझाव र सिफारिसहरू दिन्छ र त्यसको परिणामस्वरुप यसले के-कस्तो कार्यवाही अगाडि बढायो वा बढाएको छ भन्ने सम्बन्धमा समितिलाई सूचना प्रदान गर्न सम्बन्धित सरकारलाई अनुरोध गर्दछ।
- समितिले आफ्नो प्रतिवेदनमा त्यस्ता सुझाव र सिफारिसहरू प्रकाशन गर्दछ।

व्यक्तिगत उजरीसम्बन्धी कार्यविधिको अधिकार भएका अन्य समितिहरूले आफ्ना सुझाव र सिफारिसहरूको कार्यान्वयनका लागि के-कस्तो कदम चालियो भन्ने सम्बन्धमा सम्बन्धित राज्य/सरकारहरूलाई सोध्ने क्रम बढ्दो छ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको ऐच्छिक आलेख, सबै प्रकारका जातीय विभेद अन्त्य गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्नेसम्बन्धी महासन्धिको ऐच्छिक आलेख, आप्रवासी कामदार र उनीहरूका परिवारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र जबर्जस्ती बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (जो अझै कार्यान्वयनमा आएको छैन) मा पनि व्यक्तिगत उजुरीसम्बन्धी कार्यविधिको व्यवस्था गरिएको छ।

**जाँचबुझ कार्यविधि**

पक्षराष्ट्रले महासन्धिका प्रावधानहरूको व्यापक र सुनियोजित उल्लङ्घन गरेको भनी समितिले कुनै विश्वसनीय सूचना प्राप्त गर्‍यो भने ऐच्छिक आलेखको धारा ६ बमोजिम समितिले आफ्नो टिप्पणी पेश गरेर उक्त सूचनासम्बन्धमा जाँचबुझ गर्ने कार्यमा सहयोग गर्न उक्त पक्षराष्ट्रलाई आग्रह गर्दछ। पक्षराष्ट्रको टिप्पणी र अन्य कुनै विश्वसनीय सूचनाका बारेमा छलफल गरिसकेपछि समितिले आफ्ना एक वा सोभन्दा बढी सदस्यलाई तत्सम्बन्धमा थप छानबिन गर्न र तत्काल प्रतिवेदन जारी गर्न जिम्मेवारी प्रदान गर्नसक्दछ। यस्तो छानबिनअन्तर्गत सम्बन्धित सम्बन्धित राज्यको अनुमतिमा आवश्यकता अनुसार उक्त राष्ट्रको स्थलगत अध्ययनसमेत पर्नसक्छ। छानबिनबाट प्राप्त तथ्यहरूको विश्लेषणपश्चात्, समितिले त्यस्ता तथ्य र आफ्नो टिप्पणी सम्बन्धित राज्यलाई पठाउनु पर्दछ। त्यसपछि उक्त राज्यले छ महिनाभित्र समितिसमक्ष आफ्नो धारणा प्रस्तुत गर्दछ। यस्तो छानबिन प्रक्रिया गोप्य रहन्छ र सम्बन्धित राज्यको पूर्ण सहयोगमा गरिनु पर्दछ।

समितिको छानबिनद्वारा प्राप्त तथ्य र समितिको टिप्पणीप्रति राज्यले धारणा पेश गर्ने छ महिनाको अवधिपश्चात्, छानबिनद्वारा औंल्याइएका विषयवस्तुलाई सम्बोधन गर्न चालिएका कदमहरूको विस्तृत विवरण प्रदान गर्न समितिले उक्त राज्यलाई आग्रह गर्न सक्दछ। सम्बन्धित राज्यबाट थप सूचनाको लागि समितिले अनुरोध गर्न सक्दछ। त्यसपछि समितिले संयुक्त राष्ट्रसङ्घको महासभामा पेश गर्ने प्रतिवेदनमा छानबिनबाट प्राप्त निष्कर्ष र तथ्यहरूको सारांश प्रकाशन गर्नेछ। सम्बन्धित राज्यको सहमतिमा, समितिले आफ्नो छानबिनको पूर्ण प्रतिवेदन पनि प्रकाशन गर्न सक्दछ।

ऐच्छिक आलेख अनुमोदन गर्ने राष्ट्र यस्तो " जाँचबुझ कार्यविधि" बाट पन्छिन पनि सक्दछ। अर्को शब्दमा, ऐच्छिक आलेख हस्ताक्षर र अनुमोदन गर्दा कुनै राज्यले आफ्नो राष्ट्रमा यस्तो छानबिनका लागि समितिलाई मान्यता प्रदान नगरेको घोषणा गर्न सक्दछ। कुनै राष्ट्र जाँचबुझ कार्यविधिबाट पछि हटे तापनि, ऐच्छिक आलेखका सबै पक्षराष्ट्रहरूले व्यक्तिगत उजुरी कार्यविधिलाई भने स्वीकार गर्नै पर्दछ।

अधिकांश अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूले ऐच्छिक उजुरी कार्यविधिहरू समावेश गरेका हुन्छन्, कतिपय सन्धिमा जाँचबुझ कार्यविधिहरू पनि समाविष्ट हुन्छ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षणका लागि यस्ता सबै कार्यविधिहरू सान्दर्भिक छन्। यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि र महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्नेसम्बन्धी

महासन्धिको ऐच्छिक आलेखमा पनि जाँचबुझ कार्यविधिको व्यवस्था गरिएको छ।

यी सन्धिहरू तिनका पक्षराष्ट्रमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरूबाट हुने उजुरीहरूका लागि खुल्ला भएता पनि यी कुनैले पनि अपाङ्गता भएका व्यक्तिहरूको अधिकारलाई विशेषगरी लक्षित गरेका छैनन्। तसर्थ, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षणका लागि विशेषरूपमा लक्षित छ।

**अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिका लागि सचिवालय**

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र यसको ऐच्छिक आलेखसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय तहको कार्य एउटा संयुक्त सचिवालयमार्फत् हुन्छ। उक्त सचिवालयमा न्यूयोर्कस्थित संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक सम्बन्ध विभाग (डेसा) र जेनेभास्थित मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) का कर्मचारीहरू संलग्न छन्।

महासन्धि कार्यान्वयनमा आएपछि न्यूयोर्कमा आयोजना हुने "पक्षराष्ट्रहरूको सम्मेलन" सम्बन्धी कार्यका लागि डेसाले सेवा उपलब्ध गराउनेछ भने अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समितिका लागि जेनेभामा ओएचसीएचआरले सेवा प्रदान गर्नेछ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको न्यूयोर्कस्थित सचिवालय डेसाको सामाजिक नीति र विकास महाशाखामा छ। यो महाशाखाले गरिबी निवारण र रोजगारी, पुस्तान्तरसम्बन्धी विषयवस्तु र तिनको समायोजन, सहभागितामूलक विकास, गैरसरकारी संस्थाहरू र आदिवासीहरूका सवालसम्बन्धमा कार्य गर्दछ।

डेसामा रहेको सचिवालयका निम्नलिखित उद्देश्यहरू छन् :-

(१) सामाजिक जीवन र विकासमा पूर्ण र प्रभावकारी सहभागिताका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्नु,

(२) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रबर्द्धन गर्नु र उनीहरूको मर्यादाको संरक्षण गर्नु, र

(३) रोजगारी, शिक्षा, सूचना, वस्तु तथा सेवामा समान पहुँच प्रबर्द्धन गर्नु।

डेसामा रहेको सचिवालयको कार्यादेशमा सन् १९९३ मा पारित अपाङ्गता भएका व्यक्तिहरूका लागि समान अवसरहरूसम्बन्धी विशेष नियमहरू र अपाङ्गता भएका

व्यक्तिहरूका सम्बन्धमासन् १९८२ मा पारित विश्वव्यापी कार्ययोजनाको समीक्षा र कार्यान्वयन पनि पर्दछन्। यसका अतिरिक्त, यो सचिवालयले विभिन्न प्रकाशनहरू गर्नुका साथै अपाङ्गतासम्बन्धी सूचना सम्प्रेषण वा प्रसार गर्ने भूमिका पनि निर्वाह गर्दछ। सचिवालयले राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय कार्यक्रम र गतिविधिहरूको प्रबर्द्धन गर्नुका साथै सरकार र नागरिक समाजलाई सहयोग प्रदान गर्ने र प्राविधिक सहयोगसम्बन्धी परियोजना र क्रियाकलापहरूलाई उल्लेख्य सहयोग पुऱ्याउने कार्य समेत गर्दछ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिका लागि जेनेभास्थित सचिवालय कार्यक्रम तथा अनुसन्धान महाशाखामा छ। यसमा अहिले मानवअधिकार र अपाङ्गतासम्बन्धी सल्लाहकार कार्यरत छन्। महासन्धि कार्यान्वयनमा आएपछि मात्र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति गठन हुन्छ। तत्पश्चात् यो सचिवालयमा सचिव र समितिका सहयोगी अन्य कर्मचारीहरू नियुक्त हुनेछन्।

मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्ययोजनामा उल्लेख भएबमोजिम, ओएचसीएचआरमा रहेको सचिवालयका उद्देश्यहरू निम्नलिखित छन् :-

(१) खासगरी संचेतना अभिबृद्धि र अनुमोदनको विषयमा केन्द्रित गरी राष्ट्रिय स्तरमा महासन्धिसम्बन्धी कार्यहरू बढाउन संयुक्त राष्ट्रसङ्घका स्थानीय कार्यालयहरूलाई सहयोग प्रदान गर्नु,

(२) विशेषगरी मानवअधिकार परिषद् र विद्यमान सन्धिजनित निकायहरूसमेत संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यक्रमहरूमा अपाङ्गताको विषयलाई मूलप्रवाहीकरण गर्नु,

(३) अपाङ्गतालाई मानवअधिकारको विषयका रूपमा चेतना अभिबृद्धि गर्न र महासन्धिको कार्यान्वयनका लागि राज्य, नागरिक समाज र राष्ट्रिय मानवअधिकार निकायलाई सहयोग गर्न मानवअधिकारसम्बन्धी उच्चायुक्तलाई प्रोत्साहित गर्नु, र

(४) आपसी सहयोगको माध्यमबाट महासन्धिसम्बन्धी कार्यलाई अझ बढी सबल बनाउन अन्य अन्तर-सरकारी र नागरिक समाजका संस्थाहरूसँग नजिकमा रहेर कार्य गर्नु।

अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकारसम्बन्धी प्रस्ताव नं. २०००/५१ मा तत्कालीन मानवअधिकार आयोग (जसलाई मानवअधिकार परिषद्ले विस्थापित प्रतिस्थापन गरेको छ) ले अपाङ्गतासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष समाधिक्षकसँग सहयोग लिएर अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकार संरक्षण तथा अनुगमनलाई सबल बनाउन भए/गरेका प्रयासहरूको अध्ययन गर्न मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तलाई अनुरोध गरेको थियो।

उक्त अनुरोधपछि मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालयले अपाङ्गताको मानवअधिकारसम्बन्धी पक्षलाई बढावा दिने कार्यक्रम निर्माण गऱ्यो, जुन निम्न विषयमा लक्षित थियो :-

- संयुक्त राष्ट्रसङ्घका सन्धिजनित अङ्गहरू तथा सन्धिबाहिरका मानवअधिकार संयन्त्रहरू (जस्तैः तत्कालीन मानवअधिकार आयोगका विशेष कार्यविधिहरू) का क्रियाकलापहरूमा अपाङ्गताको विषय समायोजन गर्न प्रोत्साहित गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी नयाँ विषयगत महासन्धिको व्याख्यामा सहयोग गर्ने, र
- सामाजिक विकास आयोगअन्तर्गत रहेका अपाङ्गतासम्बन्धी विशेष समाधिक्षक र अपाङ्गताका क्षेत्रमा कार्यरत संयुक्त राष्ट्रसङ्घीय विशिष्टिकृत निकायहरूसँगको समन्वय सुदृढ गर्ने।

विद्यमान मानवअधिकार संयन्त्रका कार्यमा अपाङ्गताको विषय समावेश गर्ने र नयाँ महासन्धिको व्याख्या-विश्लेषण गर्ने कार्यलाई आपसमा पूरक कार्यका रूपमा हेरिनु पर्दछ। अपाङ्गता भएका व्यक्तिहरूले भोग्नु परेका समस्याहरूको सामाजिक विकासको पक्ष सम्बोधन गर्ने निरन्तरको प्रयाससँगै यो कार्यले मानवअधिकार उच्चायुक्तद्वारा वकालत गरिँदै आएको "बहुआयामिक" शैली ग्रहण गरेको छ।

**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्**

मानवअधिकार परिषद्ले यसको सातौं सत्रमा, एक प्रस्ताव (ए/एचआरसी/७/१.२५) मार्फत् अपाङ्गता एउटा विकास भइरहेको अवधारणा भएको र व्यक्तिहरूबीचको अन्तरक्रियाबाट उत्पन्न हुने तथ्यलाई मान्यता प्रदान गऱ्यो। शारीरिक वा मानसिक पक्षमा क्षति भएका व्यक्तिहरूका लागि देखिने व्यवहारगत र वातावरणीय व्यवधानले उनीहरूलाई अन्य व्यक्तिहरूसरह समाजमा पूर्ण र प्रभावकारीरूपमा सहभागी हुन बाधा पुऱ्याउँछ। परिषद्द्वारा पारित उक्त प्रस्तावले खासगरी विकासशील राष्ट्रहरूसहित हरेक राष्ट्रमा अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तरमा सुधारका लागि अन्तर्राष्ट्रिय सहयोगको महत्वमाथि जोड दिएको छ। अपाङ्गता भएका महिला र युवती/बालिकाहरू बहुपक्षीय विभेदको शिकार भएको र अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको प्रबर्द्धन गर्ने प्रयासहरूमा लैंगिक पक्षलाई पनि समेट्नुपर्ने विषयलाई प्रस्तावमा विशेष जोड दिइएको छ। अपाङ्गता भएका सबै व्यक्तिहरूले आफ्नो मानवअधिकार तथा मौलिक

स्वतन्त्रताहरूको उपभोग गरेको सुनिश्चित गर्न तथा त्यस क्रममा भौतिक, सामाजिक, आर्थिक र सांस्कृतिक वातावरण एवम् स्वास्थ्य, शिक्षा, सूचना र सञ्चारमा उनीहरूको पहुँचको महत्वका बारेमा मानवअधिकार परिषद्को प्रस्तावमा उल्लेख गरिएको छ। परिषद्ले सरकारहरूलाई अपाङ्गता भएका व्यक्तिहरूविरुद्धका सबैखाले भेदभावहरूको अन्त्य र रोकथामका लागि प्रभावकारी उपायहरू अवलम्बन गर्न आग्रह गरेको छ। अपाङ्गता भएका व्यक्तिहरूको पूर्ण र प्रभावकारी सहभागिता र समावेशीकरण सुनिश्चित गर्दै उनीहरूको व्यक्तिगत स्वतन्त्रता र अवसरहरूमा समानता स्थापित गर्नुपर्ने एवम् व्यक्तिगत स्वायत्तताका यस्ता सवालहरूको सम्मान गर्नुपर्नेतर्फ परिषद्ले सरकारहरूको ध्यानाकर्षण गरेको छ।

परिषद्सँगको समन्वयलाई निरन्तरता प्रदान गर्न तथा यसका कार्यक्रमहरूअनुरुप आफ्नो कार्यादेश पूरा गर्ने क्रममा गरिने कार्यहरूमा परिषद्का कार्यहरूलाई पनि सम्बोधन गर्न मानवअधिकार परिषद्ले सामाजिक विकास आयोगअन्तर्गत रहेका अपाङ्गतासम्बन्धी विशेष समाधिक्षकलाई आग्रह पनि गऱ्यो। परिषद्ले राज्यहरू र विभिन्न क्षेत्रीयस्तरका अन्तरसरकारी संस्थाहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र यसको ऐच्छिक आलेख हस्तार र अनुमोदन गर्न तथा यो विषयलाई प्राथमिकतामा राख्न आग्रह गरेको छ।

मानवअधिकार आयोगले ग्रामीण र शहरी दुवै क्षेत्रमा भौतिक वातावरण, यातायात, सूचना र सञ्चार तथा अन्य सेवा-सुविधाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्न र त्यसक्रममा देखिएका बाधा-व्यवधानहरूको पहिचान र निर्मूलनका लागि उपयुक्त उपाय अवलम्बन गर्न राज्यहरूलाई प्रोत्साहित गरेको छ। त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धमा हरेक वर्ष यसका नियमित सत्रहरूमध्ये एकमा अन्तरक्रियात्मक बहस चलाउने पनि निर्णय गरेको छ। पहिलो यस्तो बहस परिषद्को दशौं सत्रमा हुनेछ, जसमा व्यक्तिहरूबीच समानता र अविभेदका साथै महासन्धिको अनुमोदन र प्रभावकारी कार्यान्वयनका लागि अवलम्बन गरिनुपर्ने कानुनी उपायहरूका बारेमा छलफल गरिनेछ।

## अध्याय चार

# महासन्धिको कार्यान्वयन र अनुगमनका लागि राष्ट्रिय संयन्त्रहरूको निर्माण

महासन्धिको धारा ३३ मा यसको कार्यान्वयन स्थितिको राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा अनुगमनको व्यवस्था गरिएको छ। राष्ट्रियस्तरमा, कार्यान्वयनसँग सम्बन्धित विषयवस्तु हेर्नका लागि राज्यले सरकारी तहमा कम्तिमा एक वा सोभन्दा बढी फोकल प्वाइन्टहरू नियुक्त गर्नै पर्दछ। कार्यान्वयन सहज बनाउन पक्ष राष्ट्रहरूले सरकारी तहमा एउटा संयोजनकारी निकाय स्थापना गर्ने कार्यलाई प्राथमिकता दिनै पर्दछ। यसैगरी, महासन्धिको प्रवर्द्धन, संरक्षण र अनुगमनका लागि पक्षराष्ट्रहरूले राष्ट्रिय मानवअधिकार आयोगजस्तो निकाय स्थापना गर्नु र तिनलाई सबल बनाउनु पर्दछ।

यो एउटा अन्तर्राष्ट्रिय कानुनको आधारभूत सिद्धान्त हो कि कुनै पनि अन्तर्राष्ट्रिय सन्धिको पक्षराष्ट्रले आफ्ना घरेलु (राष्ट्रिय) कानुन र अभ्यासहरू उक्त सन्धि अनुरुप भएको सुनिश्चित गर्नु पर्दछ। महासन्धि कार्यान्वयनका लागि केवल उपयुक्त कानुन र नीतिहरूको मात्र आवश्यकता पर्ने नभई यसका लागि आर्थिक स्रोत-साधन तथा त्यस्ता कानुन र नीतिहरूको कार्यान्वयन र अनुगमन गर्न सक्ने क्षमता भएका निकाय वा संरचनाहरू पनि जरुरी हुन्छन्।

महासन्धिको धारा ३३ ले पक्षराष्ट्रहरूले अपाङ्गता भएका महिला, पुरुष र बालबालिकाको अधिकार राष्ट्रियस्तरमा कार्यान्वयन र अनुगमन सुदृढ गर्नका लागि निश्चित संयन्त्रहरू निर्माण गर्नुपर्ने व्यवस्था गरेको छ। महासन्धिअनुसार, पक्षराष्ट्रहरूले निम्न कार्यहरू पनि गर्नु पर्दछ :-

- कार्यान्वयनका लागि सरकारी तहमा एक वा सोभन्दा बढी फोकल प्वाइन्ट नियुक्त गर्ने,
- विभिन्न क्षेत्र र तहमा गरिनु पर्ने कार्यहरूलाई सहजीकरण गर्नका लागि सरकारी तहमा एउटा संयोजनकारी निकायको स्थापना गर्ने कार्यलाई प्राथमिकतामा पार्ने, र

- महासन्धिको प्रबर्द्धन एवम् यसको कार्यान्वयन अनुगमनका लागि राष्ट्रिय मानवअधिकार आयोगजस्तो स्वतन्त्र/स्वायत्त निकाय स्थापना गर्ने।

नागरिक समाज, विशेषत: अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका प्रतिनिधिमूलक संस्थाहरू, महासन्धि कार्यान्वयनका लागि आवश्यक पर्ने विभिन्न नीति, कार्यक्रम र कानुनहरू निर्माण र कार्यान्वयनका साथै त्यसको समग्र अनुगमन प्रक्रियाका सबै तहमा पनि पूर्णरूपमा सहभागी हुनुपर्ने महासन्धिमा उल्लेख गरिएको छ। महासन्धिमा तोकिएका अधिकारहरू राष्ट्रिय कानुनहरूद्वारा संरक्षित भएको सुनिश्चित गर्न राष्ट्रिय अदालतहरूले महत्वपूर्ण भूमिका खेल्नेछन्।

**फोकल प्वाइन्टहरू**

महासन्धिको धारा ३३(१) मा यसको कार्यान्वयनसम्बन्धी विषयहरूलाई सम्बोधन गर्न र सरकारी तहमा एउटा संयोजनकारी संयन्त्र स्थापना गर्ने कार्यलाई अघि बनाउन पक्षराष्ट्रहरूले सरकारी तहमा एक वा सोभन्दा बढी फोकल प्वाइन्टहरू नियुक्त गर्नुपर्ने व्यवस्था गरिएको छ। यस्ता निकायहरूको स्वरुप र कार्यका बारेमा भने महासन्धिले कुनै त्यस्तो निश्चित सिफारिस गरेको छैन। विश्वव्यापी कार्ययोजना र अपाङ्गता भएका व्यक्तिहरूका लागि समान अवसरहरूसम्बन्धी विशेष नियमहरूले पनि यस्तै खाले निकायहरूको स्थापनामा जोड दिएका छन्।

यस्तो फोकल प्वाइन्ट कुनै मन्त्रालय वा मन्त्रिपरिषद् अन्तर्गत रहने एउटा शाखा वा व्यक्ति, अपाङ्गतासन्बन्धी आयोगजस्तो कुनै निकाय, वा मानवअधिकार मन्त्रालय वा अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी मन्त्रालयजस्तो कुनै निश्चित मन्त्रालय, वा यी तीन प्रकारका संयन्त्रहरूको संयोजन पनि हुन सक्दछ। यदि यस्ता अंग वा संयन्त्रहरू बनिसकेका छन् भने पनि, महासन्धिको कार्यान्वयन सुपरीवेक्षण गर्न र स्थानीय, क्षेत्रीय र राष्ट्रिय/सङ्घीय तहका विभिन्न क्षेत्रहरूमा भइरहेका प्रयासहरूको संयोजन गर्न आवश्यकतानुसार यस्ता अंग वा संयन्त्रहरूको कार्यादेश र कार्यशैली परिमार्जन गर्नुपर्ने हुन्छ।

जुनसुकैरूपमा स्थापित भए पनि, फोकल प्वाइन्टले अरु निकाय वा व्यक्तिहरूबाट अलग नरही वा छायाँमा नपरी महासन्धिको कार्यान्वयनमा संयोजन कायम गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्दछ। फोकल प्वाइन्ट पर्याप्त मानवीय र आर्थिक संसाधनयुक्त, कानुनी, प्रशासनिक वा अन्य कानुनी संयन्त्रका आधारमा निर्माण भएको, र

सरकारको संभव भएसम्मको उच्चतम तहमा स्थापित भएको हुनु पर्दछ।

**संयोजनकारी संयन्त्रहरू**

महासन्धिको धारा ३३(१) ले यसको कार्यान्वयनका सन्दर्भमा विभिन्न क्षेत्र र तहमा कामको संयोजन गर्न सरकारी तहमा एउटा संयोजनकारी संयन्त्र निर्माण गर्न राज्यहरूलाई प्रोत्साहित गरेको छ। राज्यहरूले यस्तो एउटा संयोजनकारी संयन्त्र निर्माण गर्न वा भइरहेको संयन्त्रलाई सुधार गर्न सक्दछन्, जसले :-

- सरकारका विभिन्न निकाय वा क्षेत्रहरूबीच संयोजन गर्न अनुमति दिइएको उपयुक्त संस्थागत व्यवस्थासहितको एउटा स्थायी संरचना ग्रहण गर्दछ,
- स्थानीय, क्षेत्रीय र राष्ट्रिय/सङ्घीय तहहरूमा कामको संयोजन सुनिश्चित गर्दछ, र
- नागरिक समाजसँग छलफलका लागि स्थायी मञ्चको स्थापनामार्फत् अपाङ्गता भएका व्यक्तिहरू, त्यस्ता व्यक्तिहरूका संस्थाहरू र गैरसरकारी संस्थाहरूको सहभागिता सुनिश्चित गर्दछ।

फोकल प्वाइन्ट र संयोजनकारी संयन्त्रहरूले सरकार र राष्ट्रिय मानवअधिकार संस्थाहरू, वा, अझ आमरूपमा, सरकार र व्यक्ति तथा उनीहरूका प्रतिनिधिमूलक संस्थाहरूको बीचमा मध्यस्थता वा पुलको काम गर्न विभिन्न क्षेत्राधिकारहरू पहिचान गरिएका छन्। अपाङ्गतासम्बन्धमा विद्यमान संयोजनकारी संयन्त्रहरूमा प्राय:जसो विभिन्न मन्त्रालयहरू (श्रम, समाजकल्याण, अर्थ, स्वास्थ्य, आवास, शिक्षा, रोजगारी आदि) का प्रतिनिधिहरू र कतिपय अवस्थामा स्थानीय र क्षेत्रीय निकायहरूका प्रतिनिधिहरू समावेश गरिएको हुन्छ। धेरैजसो, यस्ता संयन्त्रहरूमा अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई समावेश गरिएको हुन्छ। उदाहरणका रूपमा, अष्ट्रेलियाको राष्ट्रिय अपाङ्गता परिषद्ले अपाङ्गतासँग सम्बन्धित सवालहरूमा सरकारलाई सुझाव प्रदान गर्दछ र सम्वाद प्रबर्द्धन गर्न तथा अधिकार प्राप्तकर्ता (rights-holders) सँग प्राथमिक सूचना प्राप्त गर्न समुदायसँग परामर्श कार्यक्रमहरूको आयोजना गर्दछ।

## राष्ट्रिय मानवअधिकार निकायहरू

### महासन्धि र राष्ट्रिय मानवअधिकार निकायहरूबीचको सम्बन्ध

महासन्धिको धारा ३३(२) मा राज्यहरूले महासन्धिद्वारा प्रदत्त अधिकारहरूको रक्षा (जस्तै:, व्यक्तिगत उजुरीहरूको छानबिन र मुद्दा दायर गर्नमा सहभागिता) र

महासन्धि कार्यान्वयनको अनुगमन (जस्तैः कानुनहरूको समीक्षा र राष्ट्रियस्तरमा कार्यान्वयन स्थितिको आँकलन) का लागि एक वा सोभन्दा बढी स्वतन्त्र संयन्त्रहरूलाई समावेश गरेर निश्चित कानुनी र संस्थागत स्वरुप निर्माण गर्नु पर्ने व्यवस्था गरिएको छ। महासन्धिले "राष्ट्रिय मानवअधिकार निकाय" भन्दा पनि एउटा निश्चित संयन्त्रमा जोड दिएको छ। यद्यपि, यस्तो संयन्त्र स्थापित गर्दा राज्यले सन् १९९३ मा संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा स्वीकार गरिएको "मानवअधिकारको संरक्षण र प्रबर्द्धनका लागि राष्ट्रिय निकायहरूको स्थान र कार्यसम्बन्धी सिद्धान्तहरू" लाई ध्यानमा राख्नुपर्दछ।

नेपालको अन्तरिम संविधानको धारा १३२ ले राष्ट्रिय मानवअधिकार आयोगलाई मानवअधिकारसँग सम्बन्धित विद्यमान कानुनहरूको आवधिकरूपमा समीक्षा गर्ने र त्यसका आधारमा आवश्यक सुधार र संशोधनका लागि सरकारसमक्ष सिफारिस प्रस्तुत गर्ने कार्यादेश दिएको छ। त्यसैगरी, आयोगले कुनै पनि अन्तर्राष्ट्रिय मानवअधिकार सन्धि तथा दस्तावेजमा पक्षराष्ट्र बन्न कारणसहित सरकारसमक्ष सिफारिस गर्न र नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय मानवअधिकार सन्धि र दस्तावेजहरूको कार्यान्वयनको अनुगमन गर्न सक्दछ। यदि त्यस्ता सन्धि र दस्तावेजहरू कार्यान्वयन नभएको पाइएमा तिनको प्रभावकारी कार्यान्वयनका लागि आयोगले सरकारलाई सुझावहरू दिन सक्दछ।

**संसद**

महासन्धिद्वारा स्थापित निश्चित अनुगमन संयन्त्रहरूका अतिरिक्त, संसदले निरीक्षण क्रियाकलापमार्फत् अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकारको सम्मान सुनिश्चितताका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ। केही प्रमुख निरीक्षणका साधन वा तरिकाबारे तलका अनुच्छेदहरूमा चर्चा गरिएको छ।

कार्यपालिकाका कार्यहरूको योजनाबद्ध निरीक्षण वा सुपरीवेक्षण प्रायशः संसदीय समितिहरूद्वारा गर्ने गरिन्छ। यी समितिहरूले प्रत्येक सरकारी विभाग र मन्त्रालयहरूको कामको लेखाजोखा गर्दछन्, र उनीहरूका नीति तथा प्रशासनिक कदमहरूका महत्वपूर्ण पक्षको अध्ययन-अनुसन्धान गर्दछन्। प्रभावकारी निरीक्षण वा सुपरीवेक्षणका लागि संसदीय समितिहरू आफ्नो एजेण्डा तय गर्न सक्षम हुनु र उनीहरूमा मन्त्रीहरू र सरकारी कर्मचारीहरू समितिसमक्ष उपस्थित हुने र सवालहरूको जवाफ दिने अधिकार वा शक्ति हुनु जरुरी हुन्छ।

जनचासोको कुनै पनि गम्भीर सवाल उत्पन्न भएको अवस्थामा त्यसलाई सम्बोधन गर्नेगरी एउटा जाँचबुझ आयोग गठन गर्नु सर्वोत्तम उपाय हुनसक्दछ। कुनै एक

संसदीय समितिको क्षेत्राधिकारभित्र मात्र नपर्ने सवाल छ वा त्यो सवाल कुनै एउटा सरकारी विभाग वा निकायको मात्र जिम्मेवारीको विषय होइन भने त्यस्तो अवस्थामा आयोग गठन गर्नु फलदायक हुन्छ।

मन्त्रीहरू व्यवस्थापिकाका सदस्यहरू समेत भएको राष्ट्रमा संसदद्वारा ती मन्त्रीहरूलाई मौखिक र लिखितरूपमा बारम्बार प्रश्नहरू गर्नु एउटा महत्वपूर्ण सुपरीवेक्षण संयन्त्र हुनसक्छ। यस्तो प्रत्यक्ष प्रश्नले सरकारलाई जवाफदेही बनाउन सहयोग पुग्दछ।

संसदले सरकारद्वारा सार्वजनिक कार्यहरू विकेन्द्रित गरेर जिम्मेवारी प्राप्त स्वतन्त्र निकायहरूको पनि अनुगमन गर्दछ। यस्ता निकायहरूमा स्वास्थ्य-सुरक्षा प्रदान गर्ने नियन्त्रणमुखी अङ्गहरू, सेवा-प्रदायक निकायहरू, सार्वजनिक उपभोग तथा अन्य कार्यसम्बन्धी निकायहरू आदि पर्दछन्, जसका कार्यहरूको असर प्रत्यक्षरूपमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारमा पर्न सक्दछ। महासन्धिको धारा ३३(३) ले महासन्धि कार्यान्वयनको अनुगमनमा नागरिक समाजको सहभागिताको व्यवस्था गरेको छ। उक्त व्यवस्थाअनुसार, नागरिक समाज, खासगरी अपाङ्गता भएका व्यक्तिहरू र तिनका प्रतिनिधिमूलक संस्थाहरू महासन्धि कार्यान्वयनको प्रक्रियामा पूर्णरूपमा संलग्न र सहभागी भएको हुनु पर्दछ।

सरकारमाथि संसदको नियन्त्रणका माध्यमबाट यसले सरकारका नीतिहरूमा यथेष्ठ प्रभाव पार्न सक्दछ। संसदीय सुपरीवेक्षण सरकारको बजेट निर्माण र खर्च गर्दा, दुवै अवस्थामा रहन्छ। यो प्रक्रियाको अङ्गका रूपमा, विभिन्न सामाजिक समूहहरू, जस्तैः अपाङ्गता भएका व्यक्तिहरू, का लागि प्रस्तावित बजेटका बारेमा पर्याप्त छलफल र अनुगमन गरिएको छ भन्ने कुरा संसदले सुनिश्चित गर्न सक्दछ।

**न्यायपालिका**

प्रत्येक पक्षराष्ट्रको संवैधानिक संरचनामा आधारित भएर, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको अनुगमनले या त महासन्धिका प्रावधानहरू सिधै राष्ट्रिय कानुनको अंग बन्ने र राष्ट्रिय अदालतहरूद्वारा अवलम्बन गरिने स्थिति उत्पन्न गर्दछ या त महासन्धिका प्रावधानहरू राष्ट्रिय कानुनमा समावेश गरेर मात्र सुनिश्चित गरिनु पर्ने हुनसक्छ। यद्यपि, दोश्रो अवस्थामा समेत, महासन्धिको हस्ताक्षर वा अनुमोदनले मात्र पनि महासन्धिद्वारा सुनिश्चित गरिएका अधिकारहरूको पक्षमा बलियो व्याख्यात्मक प्राथमिकता निर्माण गर्दछ। यसको अर्थ हो, न्यायपालिकाले यथासम्भव

स्तरमा महासन्धि अनुरुप नै राष्ट्रिय कानुनको कार्यान्वयन तथा कानुनको व्याख्या गर्नेछ। यसो गर्दा, राष्ट्रिय कानुन राज्यको अन्तर्राष्ट्रिय दायित्वसँग मेल नखाने वा विपरीत हुँदैन भन्ने सर्वमान्य संवैधानिक अनुमान गरिन्छ। यसका अतिरिक्त, राज्यहरूले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र प्रवर्द्धनका लागि समानता र अविभेदको सिद्धान्त अवलम्बन गर्नुपर्ने दायित्वलाई मान्यता प्रदान गर्दछन्।

अपाङ्गता भएका व्यक्तिहरूका लागि उपयुक्त हुने गरी अविभेदको सिद्धान्त विकासमा न्यायपालिकाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। मानवअधिकारको संरक्षणका लागि निर्वाह गरेको यस्तो केन्द्रीय भूमिका निर्वाह गर्दा न्यायपालिकालाई फाइदा र बेफाइदा दुवै छन्। नेपालको सन्दर्भमा, सर्वोच्च अदालतले १६ अप्रिल २००८ मा सांकेतिक भाषा र अनुवाद सेवाको प्रयोग गर्नुका साथै नि:शुल्क बहिला शिक्षाको व्यवस्था गरी बहिरा व्यक्तिहरूको शिक्षाको अधिकार सुरक्षित गर्न नेपाल सरकारका नाममा एक लिखित धारणा जारी गरेको थियो।

यसअघि सर्वोच्च अदालतले नेपाल सरकारका नाममा १५ फेब्रुवरी २००५ मा एक परमादेश जारी गरी अपाङ्गता संरक्षण तथा कल्याण ऐन, १९८२ अनुरुप अपाङ्गता भएका व्यक्तिहरूका लागि उनीहरूका प्राथमिक आवश्यकताहरू, सेवा र सुविधाका आधारमा कार्यक्रमहरू तय गर्न र उक्त कार्यक्रम अर्को वर्ष (२००६) सम्म कार्यान्वयन शुरु गरिसक्न आदेश दिएको थियो। त्यसैगरी, सन् २००७ मा सर्वोच्च अदालतले सरकारका नाममा अर्को एक परमादेश जारी गरी शारीरिकरूपमा अशक्त नागरिकहरूको अधिकार संरक्षण गर्न सार्वजनिक सेवामा त्यस्ता व्यक्तिहरूको पहुँच सृजना गर्न र उनीहरूलाई कष्ट नहुने खालका भवनहरू निर्माण गर्न आदेश दिएको थियो।

# अध्याय पाँच

## अपाङ्गतासम्बन्धी विशेष समाधिक्षक

अपाङ्गता भएका व्यक्तिहरूका लागि समान अवसरहरूसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष नियमहरूले नियमहरूको कार्यान्वयन अनुगमन गर्न एकजना विशेष समाधिक्षक नियुक्त गर्नुपर्ने व्यवस्था गरेको छ। विशेष समाधिक्षकको प्रमुख कार्य सन् १९९३ मा संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा पारित अपाङ्गता भएका व्यक्तिहरूका लागि समान अवसरहरूसम्बन्धी विशेष नियमहरूको कार्यान्वयन अवस्था अनुगमन गर्नु र विश्वभरी नै अपाङ्गता भएका व्यक्तिहरूको अवस्थामा सुधार ल्याउन मद्दत पुऱ्याउनु हो।

संयुक्त राष्ट्रसङ्घका महासचिवले सन् १९९४ मा स्वीडेनका बेङ्ट लिन्डक्वीस्टलाई सामाजिक विकाससम्बन्धी आयोगअन्तर्गत अपाङ्गतासम्बन्धी पहिलो विशेष समाधिक्षक नियुक्त गरेका थिए। लिन्डक्वीस्टलाई तीन वर्षका लागि विशेष समाधिक्षकमा नियुक्त गरिएको थियो र उनको कार्यावधि राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्द्वारा सन् १९९७ र सन् २००० मा गरी दुई पटक थप गरिएको थियो। उनले विशेष नियमहरूको प्रबर्द्धन र कार्यान्वयनको अनुगमनसम्बन्धमा तीनवटा प्रतिवेदनहरू पेश गर्नुका साथै आयोगले अनुरोध गरेबमोजिम यसका लागि आवश्यक थप विकासका सम्बन्धमा आफ्ना धारणाहरू प्रस्तुत गरेका थिए।

राष्ट्रसङ्घका तत्कालीन महासचिव कोफी अन्नानले कतारका शेख हेसा खालिफा बिन अहमद अल-थानीलाई सन् २००३ देखि २००५ सम्मका लागि संयुक्त राष्ट्रसङ्घीय सामाजिक विकाससम्बन्धी आयोग अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी दोश्रो विशेष समाधिक्षक नियुक्त गरेका थिए। उनको कार्यावधि सन् २००५ मा थप तीन वर्षका लागि थप गरिएको थियो, जुन यही सन् २००८ को डिसेम्बर ३१ मा सकिँदैछ। सातौं सत्रका क्रममा २५ मार्च २००८ मा पारित मानवअधिकार परिषद्को प्रस्ताव (ए/एचआरसी/७/एल.२५) मा उल्लेख गरिएको छ, "मानवअधिकार परिषद् सामाजिक विकाससम्बन्धी आयोगअन्तर्गत अपाङ्गतासम्बन्धी विशेष समाधिक्षकलाई परिषद्लाई निरन्तर सहयोग पुऱ्याउन र आयोगको कार्यक्रमअनुरुप, आफ्नो कार्यादिशअन्तर्गतका

गतिविधिहरू अगाडि बढाउँदा परिषद्लाई पनि सम्बोधन गर्न आमन्त्रण गर्दछ।"

विशेष समाधिक्षकको कार्यादेश निम्न उद्देश्यका साथ तय गरिएको थियो :-

- अपाङ्गता भएका व्यक्तिहरूका लागि समान अवसरहरूसम्बन्धी विशेष नियमहरूको विश्वव्यापी कार्यान्वयन प्रबर्द्धन गर्नु,
- विशेष नियमहरूको प्रभावकारी कार्यान्वयनलाई अगाडि बढाउनु,
- विशेष नियमहरूको कार्यान्वयन अवस्था आँकलन गर्न र प्रगति मापन गर्न प्रत्येक राज्यलाई सहयोग गर्नु,
- विद्यमान चुनौति वा बाधा-व्यवधानहरूको पहिचान गरी विशेष नियमहरूको सफलतम कार्यान्वयनका लागि सहयोगीसिद्ध हुनसक्ने उपयुक्त उपायहरूका बारेमा सल्लाह प्रदान गर्नु,
- हरेक राज्यको आर्थिक, सामाजिक र सांस्कृतिक विशेषता वा चरित्रलाई मान्यता प्रदान गर्नु,
- राज्यहरू र यस क्षेत्रमा कार्यरत सङ्घ-संस्थाहरूलाई सल्लाह-सेवा प्रदान गर्नु,
- राज्यहरू र अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूबीच सूचना तथा अनुभव आदान-प्रदानमा सहजीकरण गर्नु,
- सबै अन्तर्राष्ट्रिय, क्षेत्रीय, सरकारी र गैरसरकारी संस्थाहरूका प्रयासहरू र स्रोत-साधनहरूको संयोजन गर्नु, र यस्ता प्रयास र स्रोत-साधनहरूलाई विशेष नियमहरूको कार्यान्वयनका दिशामा परिलक्षित गर्नु,
- विशेष नियमहरूको प्रबर्द्धन, कार्यान्वयन र अनुगमनको सवोत्तम तरिकाबारे समीक्षा गर्ने तथा सल्लाह र सुझाव प्रदान गर्ने कार्यमा विज्ञहरूको समितिको संलग्नतालाई प्रोत्साहित गर्नु।

## विशेष समाधिक्षकको भूमिका

### राष्ट्र-भ्रमण

विशेष समाधिक्षकले विभिन्न तरिकाले विशेष नियमहरूको कार्यान्वयन अनुगमन गर्दछन्। त्यस्ता तरिकाहरूमा सदस्य राष्ट्रहरूको सर्भे गर्ने, राष्ट्रका प्रतिवेदनहरू, पत्रपत्रिकाका समाचार तथा लेख-रचना, अध्ययन-अनुसन्धान, संयुक्त राष्ट्रसङ्घीय निकायहरूका प्रतिवेदन र कामका समीक्षा गर्ने, र राष्ट्र-भ्रमण गर्ने आदि पर्दछन्।

अपाङ्गता भएका व्यक्तिहरूका लागि राष्ट्रिय र क्षेत्रीयस्तरमा समानता स्थापित गर्न विशेष नियमहरूको कार्यान्वयनका लागि आवश्यक पूर्वाधार निर्माणलगायतका विषयमा सरकार, गैरसरकारी संस्थाहरू र प्राज्ञिक संस्थाहरूसँग छलफल गर्न विशेष

समाधिक्षकले संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूको भ्रमण गर्दछन्। त्यसक्रममा उनले त्यस्ता संस्थाहरूलाई सरकारहरूसँगको छलफलमा सहभागी गराउनुका साथै अपाङ्गताको सवाललाई उच्च राष्ट्रिय प्राथमिकतामा पार्न योगदान पुऱ्याउँछन्। यसका साथै, विशेष समाधिक्षकले राष्ट्र-भ्रमणका क्रममा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र ऐच्छिक आलेखका सम्बन्धमा भएको प्रगतिका सम्बन्धमा फलोअप पनि गर्दछन्।

भ्रमणका क्रममा, विशेष समाधिक्षकले सरकारका मन्त्रीहरू, विभिन्न मन्त्रालयका प्रतिनिधिहरू, सरकारी तथा गैरसरकारी सङ्घ-संस्था, युनेस्को र अन्य संयुक्त राष्ट्रसङ्घीय अङ्ग वा विशिष्टिकृत निकायहरू तथा अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका प्रतिनिधिमूलक संस्थाका पदाधिकारीहरूसँग भेटघाट एवम् छलफल गर्दछन्। त्यसक्रममा उनले राष्ट्रिय कानुनहरूको रणनीति र कार्यक्रमहरूका बारेमा विशेष नियमहरूको कोणबाट धारणा प्रस्तुत गर्नुका साथै ती विषयहरूमा छलफल चलाउँदछन्। यस्तो छलफलमा अपाङ्गता भएका व्यक्तिहरूलाई सार्वजनिक/सरकारी योजना तथा कार्यक्रमहरूमा समायोजन गर्नका लागि के-कसरी व्यवस्था मिलाउनु पर्दछ भन्ने सवालमा मुख्य ध्यान केन्द्रित गर्दछन्। राष्ट्र-भ्रमणका क्रममा विशेष समाधिक्षकले अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूको जीवनस्तरका बारेमा सूचना तथा तथ्य-तथ्याङ्क सङ्कलन गर्नुका साथै अपाङ्गताका क्षेत्रमा सरकार र विभिन्न सङ्घ-संस्थाहरूबीच सहयोग, सहकार्य र समन्वय प्रबर्द्धन गर्न मद्दत पुऱ्याउँछन्। त्यसैगरी, विभिन्न राष्ट्रहरूमा आयोजित भेला, बैठक र सभा-सम्मेलनहरूमा मन्तव्य व्यक्त गर्दछन्।

**कार्यान्वयनको मूल्याङ्कन**

विशेष समाधिक्षकले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चितताका क्षेत्रमा विद्यमान चुनौतिहरूको संयुक्तरूपमा सामना गर्न सरकारी र राष्ट्रियस्तरका गैरसरकारी संस्थाहरूबीच आपसी सहयोग अभिबृद्धिका लागि सम्भाव्यता अध्ययन गर्नुका साथै विकास सहयोगका एजेण्डाहरूमा अपाङ्गताको विषयलाई प्राथमिकतामा पार्न निरन्तर चासो व्यक्त गर्दछन्।

विशेष समाधिक्षकले भविष्यमा विस्तृत अन्तर्राष्ट्रिय महासन्धि निर्माण लागि आवश्यक पर्नसक्ने कार्यविधि तथा अपाङ्गता भएका व्यक्तिका अधिकार र मानव मर्यादाको प्रबर्द्धनका बारेमा सुझाव दिन्छन्।

उनले भविष्यमा सन्धि कार्यान्वयन अनुगमन प्रणालीको आवश्यकता वा

स्वरुपसम्बन्धी प्रस्ताव र विशेष नियमहरूमा अहिले प्रयोग गरिएका शब्द तथा भाषालाई ध्यानमा राखी त्यस सम्बन्धमा व्यापक पारिनु वा बढाइनुपर्ने क्षेत्रबारे सुझावहरू प्रस्तुत गर्दछन्।

विशेष समाधिक्षकले विशेष नियमहरू कार्यान्वयन र कार्यान्वयनको लागि तौरतरीका निर्माण गर्ने तथा अझ व्यापक र सुदृढ पारिनुपर्ने पक्षबारे निर्णय लिने सम्बन्धमा आफ्नो धारणा व्यक्त गर्दछन्।

**वकालत**

विशेष समाधिक्षकले सरकारहरूको अनुरोधमा आधारित भएर निश्चित क्षेत्रमा कसरी कामको शुरुवात गर्ने भन्नेबारे सल्लाह प्रदान गर्नुका साथै अपाङ्गतासम्बन्धी प्राथमिकताका क्षेत्रहरूबारे छलफल गर्दछन्। त्यसैगरी सरकारहरूलाई नयाँ नीति तथा कानुन कार्यान्वयन गर्ने उपयुक्त रणनीति तय गर्न सल्लाह प्रदान गर्नुका साथै अन्य राष्ट्रहरूले विशेष नियमहरू कसरी प्रयोग गरेका छन् वा अपाङ्गताका क्षेत्रमा देखा पर्ने निश्चित समस्याहरूलाई अन्य राष्ट्रहरूले कसरी समाधान गर्न सफल भएका छन् भन्ने सवालमा आवश्यक ठानिए, अनुरोध गरिए वा इच्छा व्यक्त गरिएबमोजिम सूचना प्रदान गर्दछन्। विशेष समाधिक्षकका एकदमै महत्वपूर्ण कार्यहरूमध्ये, सरकार र अन्य सम्बन्धित पक्षहरूलाई एक ठाउँमा ल्याउने एजेण्टको भूमिका निर्वाह गर्नु हो, जसमा उनले सरकार र अन्य सरोकारवालाहरूलाई साझा छलफल कार्यक्रमहरूमा सहभागी गराउने र अन्य सरोकारवाला संस्थाहरूमाझ सम्वाद संचालन गर्नुका साथै अपाङ्गताको सवाललाई सरकारको उच्चतम प्राथमिकतामा पार्न प्रयास गर्दछन्।

विशेष समाधिक्षकले अपाङ्गताका विविध सवालहरूका बारेमा सरकारी प्रतिनिधिहरूसँग सञ्चार-सम्पर्क कायम गर्दछन्।

विशेष समाधिक्षकले राष्ट्र-भ्रमणका क्रममा उठाइएका सवालहरू, खासगरी महासन्धिको कार्यान्वयन र अन्य नयाँ अवधारणाहरूको सम्बोधनका विषयहरूमा भएको प्रगतिबारे फलोअप गर्नुका साथै सम्बन्धित राष्ट्रहरूमा क्रियाशील विभिन्न निकायहरूसँगको समन्वय र सहयोगमा के कुरामा सहमति भएको थियो र के कस्तो कार्य गर्न बाँकी छ भन्ने विषयमा सम्बन्धित सरकारहरूलाई फलोअप सन्देश पठाउँदछन्।

उनले सरकारी र गैरसरकारी संस्थाहरूलाई विशेष नियमहरूको कार्यान्वयन र अन्य आवश्यक सूचनाका लागि प्रश्नावलीका माध्यमबाट संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूमा अपाङ्गतासम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन अवस्था मूल्यांकन गरी प्राप्त तथ्यहरूलाई भावी दिनहरूमा फलोअप र अनुगमनका लागि प्रयोग गर्दछन्।

**संयोजन**

विशेष समाधिक्षकले पुराना व्यवस्थाहरूको विस्थापन र नयाँ व्यवस्था तथा प्रणालीहरूको स्थापनाका बारेमा संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूसँगको सहयोग र सम्वादहरूको संयोजन गर्दछन् र अपाङ्गताप्रति गरिने आम नकारात्मक व्यवहार परिवर्तनका उपायहरू तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सार्वजनिक स्थान र शिक्षा प्रदान गर्ने सवालमा विद्यमान समस्याहरूको समाधान गर्ने नयाँ र प्रभावकारी तौरतरिकाहरूका बारेमा सदस्य राष्ट्रहरूसँग छलफल गर्दछन्।

**सेमिनार तथा सम्मेलनहरू**

विशेष समाधिक्षकले संसारका सबै भू-भागमा अपाङ्गतासँग सरोकार राख्ने विषयमा आयोजित विभिन्न सभा, सम्मेलन तथा सेमिनार र कार्यशाला गोष्ठीहरूमा भाग लिन्छन्। आफूले सहभागिता जनाउने त्यस्ता अवसरहरू तथा अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रियस्तरमा आयोजित सेमिनार तथा बैठकहरूमा विशेष समाधिक्षकले अपाङ्गता भएका व्यक्तिहरूका सम्बन्धमा जारी विशेष नियमहरूको बारेमा जानकारी गराउँदै ती नियमहरूको कार्यान्वयनमा जोड दिने गर्दछन्।

विशेष समाधिक्षकले विभिन्न उप-क्षेत्रीय सेमिनार तथा कार्यक्रमहरूमा पनि भाग लिन्छन्, जहाँ उनले सरकारी र गैरसरकारी संस्थाहरूको सहकार्यबाट विशेष नियमहरूको प्रभावकारी कार्यान्वयन सम्बन्धमा आफ्नो धारणा व्यक्त गर्नुका साथै ती विशेष नियमहरूको पृष्ठभूमि एवम् संयुक्त राष्ट्रसङ्घद्वारा पारित विभिन्न दस्तावेजहरूसँग तिनको सम्बन्धका बारेमा जानकारी गराउँदछन्।

विशेष समाधिक्षकले विशेष नियमहरू र विभिन्न क्षेत्रमा तिनको कार्यान्वयनका बारेमा जानकारी गराउन विभिन्न सभा/सम्मेलन तथा तालिम कार्यक्रमको आयोजना पनि गर्दछन्। उनले संयुक्त राष्ट्रसङ्घको सामाजिक विकास समितिलाई यस्ता विशेष नियमहरूको कार्यान्वयन अनुगमन गर्ने स्थायी संयन्त्र निर्माण तथा संचालनका सम्बन्धमा पनि निरन्तर सुझाव दिने गरेका छन्।

**प्रतिवेदन**

विशेष समाधिक्षकले सामाजिक विकाससम्बन्धी आयोगमा वार्षिक प्रतिवेदन पेश गर्दछन्। उक्त प्रतिवेदनमा विशेष नियमहरूको प्रबर्द्धन र तिनको कार्यान्वयन अनुगमनबाट प्राप्त तथ्यहरू, विशेष समाधिक्षकका सुझावहरू र आयोगले अनुरोध

गरेबमोजिम आगामी दिनमा ती नियमहरू कार्यान्वयनका क्षेत्रमा विकास गर्नुपर्ने पक्षहरूको बारेमा चर्चा गरिएको हुन्छ। आफ्नो काम गर्ने क्रममा, विशेष समाधिक्षकले राष्ट्रसङ्घका सदस्य राष्ट्रहरू, गैरसरकारी संस्थाहरू र विज्ञहरूसँग प्रत्यक्ष सम्वाद कायम गरी प्रतिवेदनमा उनीहरूले समावेश गर्न चाहेका सूचना, सवाल र टिप्पणीहरूका बारेमा जानकारी हासिल गर्दछन्।

समितिसमक्ष प्रस्तुत गरिएका प्रतिवेदनमा विशेष समाधिक्षकहरूले, विभिन्न सरोकारवाला निकायहरू र अन्तर्राष्ट्रिय र क्षेत्रीय अन्तर-सरकारी संस्थाहरूलाई विशेष नियमहरूको कार्यान्वयनमा कसरी सहभागी गराउने भन्ने विषयलाई पनि प्रमुखताका साथ उल्लेख गरेका छन्। यसअन्तर्गत, विद्यमान सूचना आदान-प्रदान पद्धतिमा सुधार गर्नुपर्ने आवश्यकता पनि औंल्याइएको छ। त्यसैगरी उनीहरूले संयुक्त राष्ट्रसङ्घका विभिन्न अंग र विशिष्टिकृत निकायहरूबीच अझ बढी समन्वय स्थापित गर्नुपर्ने विषयमा जोड दिएका छन्।

विशेष समाधिक्षकले विज्ञहरूको समितिसँग पनि बैठकहरू गर्दछन् र उक्त समितिका महत्वपूर्ण सुझावहरूलाई ग्रहण गर्दछन्। विज्ञहरूको समिति सन् १९९४ मा स्थापित भएको हो, जसमा अपाङ्गताका क्षेत्रमा कार्यरत ६ प्रमुख अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको प्रतिनिधित्व रहेको छ। सबै क्षेत्रलाई प्रतिनिधित्व गर्नेगरी तथा अपाङ्गताको क्षेत्रमा भिन्दाभिन्दै विषयको विशिष्टता हासिल गरेका पाँच पुरुष र पाँच महिलाको संलग्नता रहनुलाई अनुगमनको प्रक्रियाका प्रमुख पक्ष/तत्वहरूमध्ये एक मानिएको छ।

विशेष समाधिक्षकका हरेक कार्यहरूमा संयुक्त राष्ट्रसङ्घको सहयोग अपरिहार्य हुन्छ। विज्ञहरूको समितिसँग आवश्यक परामर्शपश्चात् सामाजिक विकाससम्बन्धी समितिमा पेश गर्ने प्रतिवेदनमा उनले अघिल्ला प्रतिवेदनहरूमा थप सुधार वा विकास गरिनुपर्ने भनी तोकिएका सवालमा भएको प्रगति तथा तिनको फलोअप र अझ सुदृढीकरणका लागि चालिनुपर्ने कदमका बारेमा आफ्नो धारणा व्यक्त गर्दछन्। त्यसैगरी विशेष नियमहरूको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न तहमा संयुक्त राष्ट्रसङ्घका निकायहरू, सरकारी तथा गैरसरकारी संस्थाहरूबीच कसरी समन्वय कायम गर्ने भन्ने विषयमा पनि विशेष समाधिक्षकले आफ्नो प्रतिवेदनमा सुझाव पेश गर्दछन्।

आफ्नो कार्यादेश पूरा गर्नेक्रममा विशेष समाधिक्षकले २४ जुन २००२ मा पारित सामाजिक परिषद्को प्रस्ताव नं. २००२/२६ अनुरुप संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समिति र अन्य सम्बन्धित निकाय वा विज्ञ संयन्त्रहरूसँग आफ्नो विशेषज्ञता तथा सूचना आदान-प्रदान गर्दछन्।

# अध्याय छ

अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई संयुक्त राष्ट्रसङ्घीय आर्थिक सहयोग

## अपाङ्गतासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय स्वयम्सेवी कोष

यो कोष अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय वर्ष १९८१ को तयारीका क्रममा संयुक्त राष्ट्रसङ्घ महासभाको प्रस्ताव ३२/१३३ अनुरुप स्थापना भएको हो। प्रस्ताव नं. ४०/३१ मा महासभाले यो कोषको नाम परिवर्तन गरी "अपाङ्गता भएका व्यक्तिहरूको संयुक्त राष्ट्रसङ्घीय दशकका लागि स्वयम्सेवी कोष" (१९८३-१९९२) राख्ने र यसबाट अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी विश्वव्यापी कार्ययोजना कार्यान्वयनका महत्वपूर्ण र सृजनात्मक क्रियाकलापमा सहयोग गर्ने निर्णय गर्‍यो। महासभाले प्रस्ताव नं. ४७/८८ मार्फत् यो कोषलाई अपाङ्गतासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय स्वयम्सेवी कोषका रूपमा उक्त दशकभन्दा पछिसम्म पनि कायम राख्ने निर्णय गर्‍यो र महासभाद्वारा यसको प्रस्ताव नं. ४५/९१ मा पारित गरिएबमोजिम सन् २०१० सम्मका लागि तय गरिएको "सबैका लागि समाज" को लक्ष्य प्राप्तिका लागि संचालित कार्यक्रमहरूलाई सहयोग पुर्‍याउने गरी यसको उदायता क्षेत्र व्यापक पार्‍यो।

संयुक्त राष्ट्रसङ्घले अपाङ्गता भएका व्यक्तिहरूका लागि कार्यरत संस्थाहरूलाई अपाङ्गतासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कोषमार्फत् उनीहरूका क्रियाकलापलाई सहयोग गर्दछ। आर्थिक सहयोगको प्राथमिकता अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको निर्माण, अनुमोदन र कार्यान्वयनका लागि कार्य गर्न गैरसरकारी संस्थाहरूको क्षमता अभिबृद्धिमा लक्षित गरिएको छ। अपाङ्गतासम्बन्धी विषयमा चेतना अभिबृद्धि गर्ने, यससम्बन्धी ज्ञान र अनुभव आदान-प्रदान गर्ने र अपाङ्गता भएका व्यक्तिहरूका लागि उपयुक्त प्रविधिहरूको प्रसार गर्नेजस्ता क्षेत्रमा महत्वपूर्ण र सृजनात्मक कार्यहरूका लागि पनि सानो मात्रामा आर्थिक सहायता प्रदान गरिन्छ।

महासभाद्वारा प्रस्ताव नं. ५७/२२९ पारित भएपश्चात्, अपाङ्गता भएका

व्यक्तिहरूको अधिकार र मर्यादा संरक्षण र प्रवर्द्धनसम्बन्धी विस्तृत र आधारभूत अन्तर्राष्ट्रिय महासन्धिसम्बन्धी तदर्थ समितिका कार्यमा विकासशील राष्ट्रहरू, खासगरी अति कम विकसित राष्ट्रहरूका गैरसरकारी संस्थाहरू र विज्ञहरूको सहभागिताका लागि विनियोजित सहयोग प्राप्त गर्न अपाङ्गतासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय स्वयम्सेवी कोषको एउटा उपलेखा सृजना गरियो।

यो कोष अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिका लागि संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक सम्बन्ध विभाग (डेसा) अन्तर्गत रहेको सचिवालयले संचालन गर्दछ।

परियोजना प्रस्ताव तयार र पेश गर्नका लागि आवश्यक निर्देशिका निम्नलिखित वेबसाइटमा उपलब्ध छ :-

http://www.un.org/disabilities/default.asp?navid=8&pid=29

**कोषमार्फत् सहयोग प्राप्त गर्नका लागि आवश्यक मापदण्ड**

- गैरसरकारी संस्थाहरूले सहयोगका लागि अनुरोध गर्न सक्दछन् (सम्बन्धित ठाउँको सरकारी निकायबाट सहमति जनाइएको वा विरोध नगरिएको पत्र आवश्यक पर्दछ)
- सरकारहरूले पनि सहायताका लागि अनुरोध गर्न सक्दछन्
- अपाङ्गता भएका व्यक्तिहरूलाई व्यक्तिगत सहयोग भने प्रदान गरिँदैन।

**सहायताका लागि योग्य हुने परियोजनाको प्रकार**

कोषले मूलत: निम्न विषयमा महत्वपूर्ण र सृजनात्मक कार्यहरूका लागि सानो मात्रामा सहयोग प्रदान गर्दछ :-

- महासन्धि र अपाङ्गताका विषयमा चेतना अभिबृद्धि र संचेतना प्रवर्द्धन
- महासन्धिको कार्यान्वयनमा योगदान
- ज्ञान र अनुभव आदान-प्रदान तथा समावेशी र पहुँचयोग्य नीति तथा अभ्यासहरूको प्रसार
- विकासका एजेण्डामा अपाङ्गताको विषयलाई मूलप्रवाहीकरण र प्रवर्द्धन
- विकासशील राष्ट्रहरूमा अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर र सामाजिक सुरक्षामा सुधार ल्याउन र महासन्धि कार्यान्वयन गर्न सरोकारवालाहरूको क्षमता

अभिबृद्धि (सरोकारवालाहरूमा अपाङ्गता भएका व्यक्तिहरूका सङ्घ-संस्था, अन्य नागरिक समाज संस्थाहरू, सरकारी निकाय, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृसंस्थाहरू आदि पर्न सक्दछन्)

- अपाङ्गता भएका व्यक्तिहरूका क्षेत्रीय र अन्तर्राष्ट्रिय संस्था तथा सञ्जालहरूको क्षमता अभिबृद्धि

अति कम विकसित र त्यस्तै वर्गीकरणमा पर्ने राष्ट्रहरूबाट सहायताका लागि गरिएका अनुरोधहरूप्रति विशेष ध्यान दिइन्छ। सहायताका लागि योग्य नहुने क्रियाकलापहरूमा व्यक्तिगत सहयोग, सामान खरीद (जस्तैः कम्प्युटर, क्यामरा, सहयोगी औजार, गाडी), भवन निर्माण, घर वा अन्य प्रकारका चिजका लागि भाडा आदि पर्दछन्।

**परियोजना प्रस्ताव प्रस्तुति**

- परियोजना प्रस्ताव वर्षभरी नै पठाउन सकिन्छ
- कोषबाट सहयोगका लागि अनुरोध गर्नुअघि गैरसरकारी संस्थाहरूले सर्वप्रथम सम्बन्धित सरकारी अधिकारीबाट त्यसप्रति सहमति जनाइएको वा विरोध नगरिएको पत्र लिनु आवश्यक हुन्छ। गैससहरूले यस्तो पत्र प्राप्त गर्ने कार्यविधिका बारेमा युनडीपीको स्थानीय कार्यालयसँग परामर्श गर्न सक्दछन्।
- परियोजना प्रस्तावहरू ईमेल, फ्याक्स वा हुलाक/पोष्टमार्फत् पठाइनु पर्दछ (इमेलमार्फत् पठाउन सल्लाह दिइन्छ)।

# अनुसूचीहरू

## अनुसूची १ :

### अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र मर्यादासम्बन्धी महासन्धि

**अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६**

(१३ डिसेम्वर २००६ मा संयुक्त राष्ट्रसङ्घको ६१ औं महासभाबाट पारित)

**प्रस्तावना**

प्रस्तुत महासन्धिका पक्ष राष्ट्रहरू,

(क) मानव परिवारका सम्पूर्ण सदस्यहरूको नैसर्गिक मर्यादा र मूल्य तथा समान र अहरणीय अधिकारलाई नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधारशिलाको रूपमा मान्यता प्रदान गर्ने संयुक्त राष्ट्रसङ्घको बडापत्रमा उद्घोषित सिद्धान्तहरू स्मरण गर्दै,

(ख) संयुक्त राष्ट्रसङ्घले मानवअधिकारको विश्वव्यापी घोषणापत्र र मानव अधिकारसम्वन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्रहरूमा प्रत्यक व्यक्ति तिनमा उल्लिखित सबै अधिकार तथा स्वतन्त्रताहरूको कुनै किसिमको भेदभाव विना हकदार भएको घोषणा र मन्जूरी गरेको कुरालाई स्वीकार गर्दै,

(ग) सबै मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको सर्वव्यपकता, अविभाज्यता, अन्तरनिर्भरता तथा अन्तरसम्बद्धता साथै अपाङ्गता भएका व्यक्तिहरूलाई विना कुनै भेदभाव त्यस्ता अधिकार र स्वतन्त्रताहरूको पूर्ण उपभोगको प्रत्याभूति दिनु पर्ने आवश्यकतालाई पुन:पुष्टि गर्दै,

(घ) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको महासन्धि, बालअधिकारसम्बन्धी महासन्धि, बसाई सरेका सम्पूर्ण कामदार तथा उनीहरूको परिवारका सदस्यहरूको

अधिकार संरक्षण गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई स्मरण गर्दै,

(ङ) अपाङ्गता एउटा नवीनतम अवधारणा हो र अपाङ्गता भएका व्यक्तिहरू तथा धारणागत एवम् वातावरणीय अवरोधहरू बीचको अन्तरक्रियाको परिणाम स्वरूप उत्पन्न हुन्छ, जसले अन्य व्यक्तिहरू सरह समान आधारमा समाजमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन वाधा पुऱ्याउँछ, भन्ने कुरालाई मान्यता दिदै,

(च) अपाङ्गता भएका व्यक्तिहरूको लागि अवसरहरूलाई थप समान तुल्याउन राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा नीति, योजना, कार्यक्रम तथा कार्यहरूको प्रवर्द्धन, तर्जुमा तथा मूल्याङ्कनमा प्रभाव पार्न अपाङ्ग व्यक्तिहरूसम्बन्धी विश्व कार्ययोजना तथा अपाङ्गता भएका व्यक्तिहरूलाई औसर समानीकरण सम्बन्धी प्रमाणिक नियमहरूमा उल्लिखित सिद्धान्त र नीति निर्देशनहरूको महत्वलाई मान्यता दिदै,

(छ) अपाङ्गतासम्बन्धी विषयलाई दिगो विकासका सम्बद्ध रणनीतिहरूको अभिन्न अङ्गको रूपमा मूल प्रवाहीकरण गर्नुपर्ने महत्वलाई जोड दिदै,

(ज) अपाङ्गताको आधारमा कुनै पनि व्यक्ति विरूद्ध हुने भेदभाव मानव मात्रको नैंसर्गिक मर्यादा तथा मूल्यको उल्लङ्घन हो भन्ने कुरालाई समेत मान्यता दिदै,

(झ) अपाङ्गता भएका व्यक्तिहरूको विविधतालाई समेत स्वीकार गर्दै,

(ञ) थप सघन सहयोग आवश्यक पर्ने लगायतका अपाङ्गता भएका सबै व्यक्तिहरूको मानव अधिकार सम्बर्द्धन र संरक्षणको आवश्यकतालाई मान्यता दिदै,

(ट) यस्ता विभिन्न दस्तावेज र प्रयासहरूका वावजुद पनि अपाङ्गता भएका व्यक्तिहरूले विश्वका सबै भूभागहरूमा समाजका समान सदस्यको रूपमा सहभागी हुनका लागि अवरोधहरू तथा मानव अधिकार उल्लङ्घनको निरन्तर सामना गरिरहेका छन् भन्ने कुरामा चासो राख्दै,

(ठ) प्रत्येक मुलुक र खासगरी विकासोन्मुख मुलुकहरूमा अपाङ्गता भएका व्यक्तिहरूको जीवनावस्थाहरूमा सुधार गर्नका लागि अन्तर्राष्ट्रिय सहयोगको महत्वलाई स्वीकार गर्दै,

(ड) अपाङ्गता भएका व्यक्तिहरूले उनीहरूको समुदायको सर्वाङ्गीण हित र विविधतामा पुऱ्याएको वा पुऱ्याउन सक्ने अमूल्य योगदानलाई तथा अपाङ्गता भएका व्यक्तिहरूको सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपभोगको प्रवर्द्धनले तथा अपाङ्गता भएका व्यक्तिहरूको पूर्ण सहभागिताबाट उनीहरूको स्वामीत्वको अनुभूतिमा अभिवृद्धि तथा समाजको मानवीय, सामाजिक र आर्थिक विकास एवम् गरीवी निवारणमा उल्लेखनिय प्रगति ल्याउने कुरालाई मान्यता दिदैस

(ढ) अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो लागि आफैले छनौट गर्न पाउने स्वतन्त्रतालगायत उनीहरूको व्यक्तिगत स्वायत्तता र स्वतन्त्रताको महत्वलाई स्वीकार गर्दै,

(णा) अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको प्रत्यक्ष सरोकार हुने लगायतका अन्य नीति र कार्यक्रमहरूको निर्णय गर्ने प्रक्रियमा सक्रियरूपमा संलग्न हुन पाउने अवसर उपलब्ध हुनुपर्दछ भन्ने कुरामा विचार गर्दै,

(त) जति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय, जातीय, आदिवासी वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म, उमेर वा अन्य हैसियतको आधारमा विविध वा गम्भीर प्रकारका भेदभावका भागीदार भएका अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्नु परेको कठीन अवस्था बारे चासो राख्दै,

(थ) अपाङ्गता भएका महिला वा बालिकाहरू प्राय घरभित्र र बाहिर दुवै स्थानमा अक्सर हिंसा, चोट वा दुर्व्यवहार, तिरस्कार वा तिरस्कारजन्य व्यवहार, गलत व्यवहार वा शोषणको उच्च जोखिममा भएको स्वीकार गर्दै,

(द) अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिका सरह समान आधारमा सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपभोग गर्नु पाउनु पर्ने कुरा स्वीकार गर्दै तथा यस उद्देश्य प्राप्तिका लागि पक्ष राष्ट्रहरूले बालअधिकारसम्बन्धी महासन्धि अन्तर्गत वहन गर्न कबूल गरेका जिम्मेवारीहरूको स्मरण गर्दै,

(ध) अपाङ्गता भएका व्यक्तिहरूको लागि सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपभोग प्रवर्द्धन गर्ने सम्पूर्ण प्रयासहरूमा लैङ्गिक दृष्टिकोण समाहित गर्नुपर्ने आवश्यकतामा जोड दिदैं,

(न) अपाङ्गता भएका बहुसंख्यक व्यक्तिहरू गरीबीको अवस्थामा जीवन यापन गरेको तथ्यलाई उजागर गर्दै तथा यस सम्बन्धमा अपाङ्गता भएका व्यक्तिहरूमा गरीबीले पारेको नकारात्मक प्रभाव सम्बोधन गर्नुपर्ने गम्भीर आवश्यकतालाई मान्यता दिदैं,

(प) संयुक्त राष्ट्रसङ्घको बडापत्रमा उल्लिखित उद्देश्य तथा सिद्धान्तको पूर्ण सम्मानमा आधारित शान्ति र सुरक्षाका अवस्थाहरू तथा खासगरी सशस्त्र द्वन्द्व र विदेशीको कब्जाको समयमा लागू हुन सक्ने मानव अधिकारसम्बन्धी लिखतहरूको परिपालना अपाङ्गता भएका व्यक्तिहरूको पूर्ण संरक्षणका लागि अपरिहार्य भएका कुरा दृष्टिगत गर्दै,

(फ) अपाङ्गता भएका व्यक्तिहरूलाई सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको उपभोग गर्नमा सक्षम तुल्याउन भौतिक, सामाजिक, आर्थिक तथा

सांस्कृतिक वातावरण, स्वास्थ्य र शिक्षा एवम् सूचना र सञ्चारमा पहुँचको महत्वलाई स्वीकार गर्दै,

(ब) अन्य व्यक्ति तथा आफू रहेको समुदाय प्रति कर्तव्य रहेको प्रत्येक व्यक्तिमा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अधिकारपत्र (International Bill of Rights) मा व्यवस्था गरिएका अधिकारहरूको सम्बर्द्धन र पालनाको लागि प्रयत्नरत रहने जिम्मेवारी रहेको कुरालाई महसुस गर्दै,

(भ) परिवार समाजको प्राकृतिक र आधारभूत समुहगत ईकाई हो तथा समाज र राज्यबाट संरक्षण प्राप्त गर्न हकदार छ एवं अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरूको पूर्ण र समान उपभोगका लागि योगदान दिन परिवारलाई सक्षम तुल्याउन अपाङ्गता भएका व्यक्तिहरू तथा उनीहरूको परिवारले आवश्यक संरक्षण र सहयोग प्राप्त गर्नुपर्छ भन्ने कुरामा विश्वस्त हुदैं,

(म) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र मर्यादाको सम्बर्द्धन र संरक्षण गर्ने विस्तृत तथा एकीकृत अन्तर्राष्ट्रिय महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूको गम्भीर सामाजिक असुविधालाई पुन:सम्बोधन गर्न तथा अविकासोन्मुख र विकसित दुवै मुलुकहरूमा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रहरूमा समान अवसरहरूका साथै उनीहरूको सहभागितालाई सम्बर्द्धन गर्न महत्वपूर्ण योगदान दिनेछ भन्ने कुरामा विश्वस्त हुदैं,

देहाय बमोजिम सहमत भएका छन् :-

**धारा** १ : उद्देश्य

प्रस्तुत महासन्धिको उद्देश्य अपाङ्गता भएका सबै व्यक्तिहरूद्वारा हुने सम्पूर्ण मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको पूर्ण र समान उपभोग, सम्बर्द्धन, संरक्षण एवं सुनिश्चित गर्नु तथा उनीहरूको नैसर्गिक मर्यादाको सम्मानको संवर्द्धन गर्नु हो।

अपाङ्गता भएका व्यक्ति भन्नाले दीर्घकालीन अशक्तताद्धारा सृजित शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी कमजोरीहरू तथा तिनको विभिन्न अवरोधहरूसँगको अन्तरक्रियाको कारणले समाजमा अन्य व्यक्तिहरू सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्तिसमेतलाई जनाउँछ।

**धारा** २ : परिभाषा

प्रस्तुत महासन्धिको प्रयोजनको लागि :-

"**सञ्चार**" भन्नाले भाषा, पाठको प्रस्तुती, ब्रेल, स्पर्श सञ्चार, ठूलो छापा, पहुँचयोग्य बहु माध्यमलगायत पहुँचयोग्य सूचना र सञ्चार प्रविधिको साथै लेख्य, श्रव्य, सामान्य भाषा, मानव वाचक तथा सञ्चारका प्रवर्द्धनात्मक र वैकल्पिक माध्यम, तरिका, साधन र ढाँचासमेतलाई जनाउँछ।

"**भाषा**" भन्नाले बोली र सांकेतिक भाषा तथा अन्य प्रकारका ध्वनीरहित भाषासमेतलाई जनाउँछ।

"**अपाङ्गताको आधारमा हुने विभेद**" भन्नाले अन्य व्यक्तिहरूसरह समान आधारमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक नागरिक वा अन्य क्षेत्रहरूमा सम्पूर्ण मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको स्वीकार्यता, उपभोग वा प्रयोगलाई अवरोध गर्ने वा निस्तेज गर्ने उद्देश्यले वा त्यस्तो प्रभाव भएको अपाङ्गताको आधारमा हुने कुनै पनि विषमता, उपेक्षा वा प्रतिबन्ध सम्झनु पर्छ। सो शब्दले उपयुक्त अनुकूलताको अस्वीकारलगायतका सबै प्रकारका विभेदहरूसमेतलाई जनाउँछ।

"**उपयुक्त अनुकूलता**" भन्नाले अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरू सरह समान आधारमा सम्पूर्ण मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको उपभोग वा प्रयोगको सुनिश्चित गर्नका लागि कुनै निश्चित अवस्थामा आवश्यक भएकोमा असमानुपातिक वा अनुचित भार नपारी प्रदान गरिने आवश्यक र उपयुक्त सुधार वा अनुकूलता सम्झनु पर्छ।

"**सर्वमान्य संरचना**" भन्नाले उच्चतम सम्भव हदसम्म, विशिष्टीकृत संरचना वा समायोजन विना सबै मानिसहरूले प्रयोग गर्न सक्ने उत्पादन, वातावरण, कार्यक्रम र सेवाहरूको संरचना सम्झनुपर्छ। "सर्वमान्य संरचना" ले अपाङ्गता भएका व्यक्तिहरूको निश्चित वर्गको लागि आवश्यक भएको बखत प्रयोग गरिने सहायक उपकरणलाई वाहेक गर्ने छैन।

**धारा ३** : सामान्य सिद्धान्तहरू

प्रस्तुत महासन्धिका सिद्धान्तहरू देहायबमोजिम हुनेछन् :-

(क) नैसर्गिक मर्यादाको सम्मान, आफ्नो लागि आफै छनौट गर्न पाउने

स्वतन्त्रतालगायतका वैयक्तिक स्वायत्तता तथा व्यक्तिको स्वतन्त्रताको सम्मान,

(ख) गैर-भेदभाव,

(ग) समाजमा पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरण,

(घ) मानवीय विविधता साथसाथै मानवीयताको अङ्गको रूपमा अपाङ्ग भएका व्यक्तिको भिन्नताको स्वीकार्यता,

(ङ) अवसरहरूमा समानता,

(च) पहुँचयोग्यता,

(छ) पुरूष र महिलाबीच समानता,

(ज) अपाङ्गता भएका बालबालिकाको विकासोन्मुख क्षमताको सम्मान तथा अपाङ्गता भएका बालबालिकाको आफ्नो पहिचानको संरक्षण गर्न पाउने अधिकारको सम्मान।

**धारा ४** : सामान्य दायित्वहरू

१. पक्ष राष्ट्रहरू अपाङ्गताको आधारमा हुने कुनै पनि प्रकारको भेदभाव नगरी अपाङ्गता भएका सबै व्यक्तिहरूलाई सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपभोग सुनिश्चित र प्रवर्द्धन गर्ने कबूल गर्दछन्। यस उद्देश्य प्राप्तिका लागि पक्ष राष्ट्रहरूले देहायबमोजिमका कार्यहरू गर्ने कबूल गर्दछन् :-

(क) प्रस्तुत महासन्धिमा स्वीकार गरिएका अधिकारहरूको कार्यान्वयनको लागि सम्पूर्ण उपयुक्त व्यवस्थापकीय, प्रशासनिक तथा अन्य उपायहरू ग्रहण गर्ने,

(ख) अपाङ्गता भएका व्यक्तिहरू विरूद्ध भेदभाव सृजना गर्ने विद्यमान कानुन, नियम, प्रथा तथा प्रचलनलाई संशोधन वा उन्मूलन गर्न कानुन बनाउने लगायतका सबै उपयुक्त उपायहरू अवलम्बन गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्न सबै नीति तथा कार्यक्रमहरूलाई ध्यान दिने,

(घ) यस महासन्धिसँग बाझिने कुनै पनि कार्य वा प्रचलनमा संलग्न नहुने तथा सार्वजनिक निकाय तथा संस्थाहरूले प्रस्तुत महासन्धि अनुरूप कार्य गरेको सुनिश्चित गर्ने,

(ङ) कुनै पनि व्यक्ति, संस्था वा निजी उद्यमबाट अपाङ्गताको आधारमा हुने विभेद अन्त्य गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने,

(च) अपाङ्गता भएका व्यक्तिहरूको खास आवश्यकता परिपूर्ति गर्न न्यूनतम संभावित समायोजन आवश्यक पर्ने र न्यूनतम खर्च लाग्ने गरी यस महासन्धिको धारा २

मा परिभाषित विश्वव्यापीरूपमा डिजाईन गरिएको वस्तु, सेवा, उपकरण र सुविधाहरूको अनुसन्धान तथा विकास गर्ने वा सोको लागि प्रोत्साहित गर्ने, त्यस्ता वस्तु, सेवा, उपकरण र सुविधाहरूको उपलब्धता र प्रयोग प्रवर्द्धन गर्ने र मापदण्ड तथा मार्ग निर्देशिकाहरूको विकास गर्न सर्वव्यापी संरचना प्रवर्द्धन गर्ने,

(छ) धान्न सक्ने मूल्यका प्रविधिहरूलाई प्रथमिकता दिँदै अपाङ्गता भएका व्यक्तिहरूलाई सुहाउँदो सूचना र सञ्चार प्रविधि, गमनशील सहाय सामाग्री, उपकरण, सहयोगात्मक प्रविधिहरूलगायत अन्य नयाँ प्रविधिहरूको अनुसन्धान, विकास गर्ने वा सोको लागि प्रोत्साहित गर्ने तथा त्यस्ता प्रविधिहरूको उपलब्धता र प्रयोगको प्रवर्द्धन गर्ने,

(ज) अपाङ्गता भएका व्यक्तिहरूलाई नयाँ प्रविधिका साथै अन्य प्रकारको सहयोग आधार सेवा र सुविधालगायतका अन्य गमनशील सहायक सामाग्री, उपकरण तथा सहयोगात्मक प्रविधिहरूबारे पहुँचयोग्य जानकारी उपलब्ध गराउने,

(झ) प्रस्तुत महासन्धिमा प्रत्याभूत गरिएका सहयोग र सुविधाहरू अझ राम्ररी उपलब्ध गराउन अपाङ्गता भएका व्यक्तिहरूसँग काम गर्ने पेशाकर्मी तथा कर्मचारीलाई तालिम, प्रशिक्षण प्रवर्द्धन गर्ने,

२. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको सम्बन्धमा प्रत्येक पक्ष राष्ट्रले अन्तर्राष्ट्रिय सहयोगको संरचनाभित्र अन्तर्राष्ट्रिय कानुनबमोजिम प्रस्तुत महासन्धिमा उल्लिखित तत्काल लागू हुने जिम्मेवारीहरूमा प्रतिकूल प्रभाव नपर्ने गरी आफूसँग उपलब्ध श्रोतहरूको अधिकतम हदसम्म र आवश्यकता अनुसार त्यस्ता अधिकारहरूको प्रगतिशील ढङ्गले पूर्ण प्राप्ति गर्ने उद्देश्यले उपायहरू अवलम्बन गर्ने कबूल गर्दछ।

३. पक्ष राष्ट्रहरूले प्रस्तुत महासन्धि कार्यान्वयन गर्ने कानुन तथा नीतिहरूको निर्माण र कार्यान्वयनमा तथा अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित विषयहरूसँग सम्बन्धित अन्य निर्णय गर्ने प्रक्रियाहरूमा अपाङ्गता भएका बालबालिकाहरूलगायत अपाङ्गता भएका व्यक्तिहरूसँग उनीहरूका प्रतिनिधि संस्थाहरू मार्फत निकटरूपमा परामर्श गर्ने तथा निजहरूलाई सक्रियरूपमा संलग्न गराउनेछन्।

४. कुनै पक्ष राष्ट्रको कानुन वा त्यस्तो राष्ट्रलाई लागू हुने अन्तर्राष्ट्रिय कानुनमा अपाङ्गता भएका व्यक्तिहरूका अधिकारको प्राप्तिका लागि थप अनुकूल व्यवस्थाहरू गरिएका भए प्रस्तुत महासन्धिमा लेखिएको कुनै पनि कुराले त्यस्ता व्यवस्थाहरूलाई प्रभाव पार्ने छैन। कानुन, परम्परा, नियम वा प्रथाबमोजिम कुनै पक्ष राष्ट्रहरूको

इलाकामा स्वीकार गरिएका वा विद्यमान रहेका मानवअधिकार र आधारभूत स्वतन्त्रताहरू उपर प्रस्तुत महासन्धिले त्यस्ता अधिकार वा स्वतन्त्रताहरू स्वीकार नगरेको वा कम हदमा स्वीकार गरेको बहानामा कुनै पनि प्रतिबन्ध लगाइने वा त्यस्तो अधिकार र स्वतन्त्रताहरूलाई न्यूनीकरण गरिनेछैन।

५. प्रस्तुत महासन्धिका व्यवस्थाहरू कुनै सीमा वा अपवाद विना सङ्घीय राज्यका सबै भागहरूमा लागू हुनेछ।

**धारा ५ : समानता र गैर-भेदभाव**

१. पक्षराष्ट्रहरू कानुनको अगाडी तथा अन्तर्गत सबै व्यक्तिहरू समान भएको तथा कुनै पनि भेदभाव विना कानुनको समान संरक्षण र समान सुविधाको हकदार भएको स्वीकार गर्छन्।

२. पक्षराष्ट्रहरूले अपाङ्गताको आधारमा हुने सबै भेदभावहरू निषेध गर्नेछन् तथा अपाङ्गता भएका व्यक्तिहरूलाई कुनै पनि आधारमा हुने भेदभाव विरूद्ध समान तथा प्रभावकारी कानुनी संरक्षण प्रत्याभूत गर्नेछन्।

३. समानता प्रवर्द्धन तथा भेदभाव उन्मूलन गर्नका लागि पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई उचित अनुकूलता प्रदान गरिएको सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त कदमहरू चाल्नेछन्।

४. प्रस्तुत महासन्धिका शर्तहरू अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक समानताको गति बढाउन वा प्राप्त गर्न आवश्यक पर्ने विशेष उपायहरूलाई भेदभाव मानिने छैन।

**धारा ६ : अपाङ्गता भएका महिला**

१. पक्षराष्ट्रहरू अपाङ्गता भएका महिला तथा बालिकाहरू विविध भेदभावको भागीदार भएका छन् भनी स्वीकार गर्छन् तथा यस सम्बन्धमा उनीहरूले सबै मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण र समान उपभोग गरेको सुनिश्चित गर्न उपायहरू अवलम्बन गर्नेछन्।

२. महिलाहरूको लागि प्रस्तुत महासन्धिमा व्यवस्था गरिएका मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको अभ्यास तथा उपभोगको प्रत्याभूति गर्ने उद्देश्यले उनीहरूको पूर्ण विकास, प्रगति तथा सशक्तिकरण सुनिश्चित गर्न पक्षराष्ट्रहरूले सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्।

**धारा ७ : अपाङ्गता भएका बालबालिका**

१. पक्षराष्ट्रहरूले अन्य बालबालिका सरह समान आधारमा अपाङ्गता भएका बालबालिकाले सबै मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपभोग गरेको सुनिश्चित गर्न सम्पूर्ण आवश्यक उपायहरू अवलम्बन गर्नेछन्।

२. अपाङ्गता भएका बालबालिकासँग सम्बन्धित सबै काम कारबाहीहरूमा बालकालिकाको सर्वोत्तम हित नै प्राथमिक विषय हुनेछ।

३. पक्षराष्ट्रहरूले अन्य बालबालिका सरह समान आधारमा अपाङ्गता भएका बालबालिकाले उनीहरूलाई प्रभाव पार्ने सबै विषयहरूमा आफ्नो धारणा व्यक्त गर्ने अधिकार तथा उमेर र परिपक्कता अनुसार उनीहरूको धारणालाई उचित सम्मान दिईने तथा त्यस्ता अधिकारको उपयोगका लागि अपाङ्गता तथा उमेर अनुसार उपयुक्त हुने सहयोगहरू प्रदान गर्ने कुरा सुनिश्चित गर्नेछन्।

**धारा ८ : सचेतना अभिवृद्धि**

१. पक्षराष्ट्रहरूले देहायका कार्यहरू गर्न तात्कालिक, प्रभावकारी तथा उपयुक्त उपायहरू अवलम्बन गर्न कबूल गर्दछन् :-

(क) पारिवारिक तहलगायत सम्पूर्ण समाजमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धमा तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार तथा स्वाभिमानको सम्मान अभिवृद्धि गर्न सचेतना अभिवृद्धि गर्ने,

(ख) जीवनका सबै पक्षहरूमा लिङ्ग र उमेरमा आधारितलगायत अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित पुरातन, पूर्वाग्रही तथा हानिकारक प्रचलनहरू विरूद्ध जुध्न,

(ग) अपाङ्गता भएका व्यक्तिहरूको सामर्थ्य तथा योगदानबारे सचेतना अभिवृद्धि गर्ने।

२. यस उद्देश्य प्राप्तिका लागि देहायका उपायहरूसमेत पर्दछन् :-

(क) प्रभावकारी सार्वजनिक सचेतना कार्यक्रमहरू तय गर्ने, लागु गर्ने तथा निरन्तरता दिने,

१. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारप्रतिको ग्रहणशीलता संवर्द्धन गर्ने,

२. अपाङ्गता भएको व्यक्तिहरू प्रति सकारात्मक धारणा तथा उच्चतर सामाजिक सचेतना अभिवृद्धि गर्ने,

३. अपाङ्गता भएका व्यक्तिहरूको सीप, गुण र क्षमताको स्वीकार्यता तथा कार्यस्थल र श्रम बजारमा उनीहरूको योगदान प्रबर्द्धन गर्ने,

(ख) सानो उमेरदेखिका सम्पूर्ण बालबालिकालगायत शिक्षा प्रणालीका सम्पूर्ण तहहरूमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारप्रति सम्मानको धारणा अभिवृद्धि गर्ने,

(ग) प्रस्तुत महासन्धिको उद्देश्य अनुकूल हुने गरी अपाङ्गता भएका व्यक्तिहरूलाई प्रस्तुत गर्न सञ्चारका सबै अङ्गहरूलाई प्रोत्साहित गर्ने,

(घ) अपाङ्गता भएका व्यक्तिहरू र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरूका बारेमा चेतनामूलक प्रशिक्षण कार्यक्रमहरूलाई प्रोत्साहित गर्ने।

**धारा ९ : पहुँचयुक्तता**

१. अपाङ्गता भएका व्यक्तिहरूलाई स्वनिर्भरतापूर्वक जीवनयापन गर्न तथा जीवनका हरेक पक्षमा पूर्णरूपमा सहभागी हुन सक्षम बनाउन पक्षराष्ट्रहरूले अन्य व्यक्ति सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई शहरी र ग्रामीण दुवै क्षेत्रहरूमा भौतिक वातावरण, यातायात, सूचना तथा सञ्चार प्रविधि र प्रणालीहरूलगायत सूचना र सञ्चार तथा सर्वसाधरणलाई खुला भएका वा प्रदान गरिएका अन्य सुविधा तथा सेवाहरूमा पहुँच सुनिश्चित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्। पहुँचयुक्तताको व्यवधान तथा अवरोधहरूको पहिचान तथा अन्त्य गर्ने यस्ता उपायहरू अन्य कुराका अतिरिक्त देहायका कुराहरूको हकमा अवलम्बन गरिनेछन् :-

(क) विद्यालय, आवास, चिकित्सकीय सुविधा र कार्यस्थललगायत भवन, सडक, यातायात तथा अन्य आन्तरिक र बाह्य सुविधाहरू,

(ख) विद्युतीय सेवा तथा सङ्कटकालीन सेवाहरूलगायत सूचना, सञ्चार तथा अन्य सुविधाहरू।

२. पक्षराष्ट्रहरूले देहायका कार्यहरू गर्नको लागि समेत उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् :-

(क) सर्वसाधरणलाई खुला भएका वा प्रदान गरिएको सूविधा र सेवाहरूमा पहुँचको लागि न्यूनतम मापदण्ड र निर्देशिकाहरू निर्माण गर्ने, जारी गर्ने तथा सोको कार्यान्वयनको अनुगमन गर्ने,

(ख) सर्वसाधारणलाई खुला भएका वा प्रदान गरिएका सूविधा र सेवाहरू प्रदान गर्ने निजी क्षेत्रका निकायले अपाङ्गता भएका व्यक्तिहरूको पहुँचको हरेक पक्षमा ध्यान दिएको सुनिश्चित गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्नु परेको पहुँचका समस्याहरूमा सरोकारवाला पक्षहरूलाई प्रशिक्षण प्रदान गर्ने,

(घ) सर्वसाधरणलाई खुला भएको भवन भित्रका तथा अन्य सुविधाहरूमा ब्रेल तथा पढ्न र बुझ्न सरल हुने ढङ्गमा साङ्केतिक सूचना प्रदान गर्ने,

(ङ) भवन र सर्वसाधरणलाई खुला भएका अन्य सुविधाहरूको पहुँचमा सहजता प्रदान गर्न पथ प्रदर्शक, वाचक तथा व्यावसायिक सांकेतिक भाषा अनुवादकलगायत प्रत्यक्ष सहयोग तथा सहयोगीहरू उपलब्ध गराउने,

(च) अपाङ्गता भएका व्यक्तिहरूको सूचनामा पहुँच सुनिश्चित गर्न अन्य उपयुक्त किसिमका सहायता र सहयोगको प्रवर्द्धन गर्ने,

(छ) इन्टरनेटलगायत नयाँ सूचना र सञ्चार प्रविधि तथा प्रणालीहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच प्रबर्द्धन गर्ने,

(ज) पहुँच योग्य सूचना र सञ्चारका प्रविधि तथा प्रणालीहरूको डिजाइन, विकास, उत्पादन तथा वितरणलाई सुरूदेखि नै प्रवर्द्धन गर्ने ताकि ती प्रविधि र प्रणालीहरू न्यूनतम मूल्यमा उपलब्ध हुन सकून्।

**धारा १० : जीवनको अधिकार**

प्रत्येक मानवलाई जीवनको नैसर्गिक अधिकार भएको कुरा पक्षराष्ट्रहरूले पुन: पुष्टि गर्दछन् तथा अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूका लागि यस अधिकारको प्रभावकारी उपभोग सुनिश्चित गर्न सम्पूर्ण आवश्यक उपायहरू अवलम्बन गर्ने छन्।

**धारा ११ : जोखिमका अवस्थाहरू तथा मानवीय सङ्कटहरू**

पक्षराष्ट्रहरूले अन्तर्राष्ट्रिय मानवीय कानुन तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनलगायत अन्तर्राष्ट्रिय कानुनहरू अन्तर्गतका जिम्मेवारीहरूअनुसार सशस्त्र द्वन्द, मानवीय सङ्कट तथा प्राकृतिक प्रकोपहरू घटेका अवस्थाहरूलगायत जोखिमका अन्य अवस्थाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण र सुरक्षा सुनिश्चित गर्न सम्पूर्ण आवश्यक उपायहरू अवलम्बन गर्नेछन्।

**धारा १२ : कानुनको अगाडी समान मान्यता**

१. पक्षराष्ट्रहरू अपाङ्गता भएका व्यक्तिहरूलाई कानुनको अगाडि व्यक्तिको रूपमा सर्वत्र मान्यता पाउने अधिकार भएको पुन: पुष्टि गर्छन्।

२. अन्य व्यक्तिहरूसरह समान आधारमा जीवनका सबै पक्षहरूमा अपाङ्गता भएका व्यक्तिहरूले कानुनी क्षमता उपभोग गर्छन् भनी पक्षराष्ट्रहरूले स्वीकार गर्नेछन्।
३. अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो कानुनी क्षमता प्रयोग गर्न आवश्यक पर्ने सहयोगमा पहुँच प्रदान गर्न पक्षराष्ट्रहरूले उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्।
४. पक्षराष्ट्रहरूले कानुनी क्षमताको प्रयोगसँग सम्बन्धित सम्पूर्ण उपायहरू अन्तर्राष्ट्रिय मानवअधिकार कानुनबमोजिम उल्लङ्घन रोक्न उपयुक्त र प्रभावकारी सुरक्षाहरू भएको सुनिश्चित गर्नेछन्। त्यस्ता सुरक्षाहरूले कानुनी क्षमताको प्रयोगसँग सम्बन्धित सम्पूर्ण उपायहरूले व्यक्तिहरूको अधिकार, इच्छा र चाहनाहरूको सम्मान गर्ने, स्वार्थहरूको द्वन्द र अनुचित प्रभावबाट मुक्त भएको, समानुपातिक तथा व्यक्तिको अवस्थाहरू अनुरूप भएको, सम्भव भएसम्म कम समयको लागि प्रयोग हुने तथा सक्षम, स्वतन्त्र र निष्पक्ष अधिकारी वा न्यायिक निकायबाट पुनरावलोकनका विषय भएको सुनिश्चित गर्नेछन्। त्यस्ता सुरक्षाहरू व्यक्तिको अधिकार तथा स्वार्थहरूलाई प्रभाव पार्ने उपायहरूको मात्रास‘ग समानुपातिक हुनेछन्।
५. यस धाराको अधिनमा रही पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई सम्पत्ति स्वामित्वमा लिने, अंश/अपुताली पाउने, आफ्नो आर्थिक कारोबारहरू आफैले नियन्त्रण गर्ने र बैंक ऋण, धितो बन्धक तथा अन्य प्रकारका वित्तीय ऋणमा समान पहुँच सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त र प्रभावकारी उपायहरू अवलम्बन गर्ने तथा अपाङ्गता भएका व्यक्तिहरू आफ्नो सम्पत्तिबाट स्वेच्छाचारी ढङ्गमा वञ्चित नगरिएको सुनिश्चित गर्नेछन्।

**धारा १३ : न्यायमा पहुँच**

१. साक्षीको रूपमा लगायत प्रत्यक्ष वा अप्रत्यक्ष सहभागीको रूपमा अनुसन्धानात्मक तथा अन्य प्रारम्भिक चरणहरूमा अपाङ्गता भएका व्यक्तिहरूको प्रभाकारी भूमिकामा सहजता प्रदान गर्ने उद्देश्यले पक्षराष्ट्रहरूले कार्यविधिगत तथा उमेर अनुसारका अनुकूलताहरूको माध्यमबाटसमेत अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई न्यायमा प्रभाकारी पहुँच सुनिश्चित गर्नेछन्।
२. अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा प्रभावकारी पहुँच सुनिश्चित गर्न सघाउने उद्देश्यले पक्षराष्ट्रहरूले प्रहरी, कारागारका कर्मचारीलगायत न्याय प्रशासनको क्षेत्रमा काम गर्ने व्यक्तिहरूका लागि उपयुक्त प्रशिक्षण प्रबर्द्धन गर्नेछन्।

**धारा १४ : व्यक्तिको स्वतनत्रता तथा सुरक्षा**

(१) अन्य व्यक्तिहरूसरह समान आधारमा,

(क) अपाङ्गता भएका व्यक्तिहरूले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकार उपभोग गरेको,

(ख) गैरकानुनी वा स्वेच्छाचारी ढङ्गमा अपाङ्गता भएका व्यक्तिहरू स्वतन्त्रताबाट वञ्चित नगरिएका र स्वतन्त्रता वञ्चित गर्ने कुनै पनि कार्य कानुन अनुरूप भएको तथा अपाङ्गताको विद्यमानताले कुनै पनि अवस्थामा स्वतन्त्रता वञ्चित गर्ने कार्यलाई न्यायोचित नठहराउने कुरा पक्षराष्ट्रहरूले सुनिश्चित गर्ने छन्।

(२) पक्षराष्ट्रहरूले अपाङ्गता व्यक्तिहरू कुनै पनि प्रक्रियाद्वारा आफ्नो स्वतन्त्रताबाट वञ्चित भएमा उनीहरू अन्य व्यक्तिहरूसरह समान आधारमा अन्तर्राष्ट्रिय मानवअधिकार कानुन बमोजिमका प्रत्याभूतिहरूका हकदार भएको तथा उनीहरूलाई यस महासन्धिका उपयुक्त अनुकूलताका व्यवस्थाहरूलगायत उद्देश्य तथा सिद्धान्तहरूको परिपालना हुने गरी व्यवहार गरिएको सुनिश्चित गर्नेछन्।

**धारा १५ : यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट स्वतन्त्रता**

१. कुनै पनि व्यक्तिलाई यातना दिइने वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिनेछैन। खासगरी कसैलाई पनि निजको स्वतन्त्र सहमति विना चिकित्सकीय वा वैज्ञानिक प्रयोग भोग्न लगाइने छैन।

२. अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई यातना वा क्रुर, अपमानजनक व्यवहार वा सजायको भागीदार हुनबाट रोक्न पक्षराष्ट्रहरूले सम्पूर्ण प्रभावकारी व्यवस्थापकीय, प्रशासनिक, न्यायिक वा अन्य उपायहरू अवलम्बन गर्नेछन्।

**धारा १६ : शोषण, हिंसा र दुर्व्यवहारबाट स्वतन्त्रता**

१. अपाङ्गता भएका व्यक्तिहरूलाई घरभित्र र बाहिर दुवै ठाउँमा लैंगिक पक्षहरूमा आधारितलगायत सबै प्रकारका शोषण, हिंसा तथा दुर्व्यवहारबाट संरक्षण गर्न पक्षराष्ट्रहरूले सम्पूर्ण उपयुक्त व्यवस्थापकीय प्रशासनिक, सामाजिक, शैक्षिक तथा अन्य उपायहरू अवलम्बन गर्नेछन्।

२. पक्षराष्ट्रहरूले शोषण, हिंसा र दुर्व्यवहारका घटनाहरू कसरी रोक्ने, पहिचान गर्ने र सोको प्रतिवेदन भन्ने कुराको सूचना र शिक्षाको व्यवस्थालगायत अन्य कुराको अतिरिक्त, अपाङ्गता भएका व्यक्ति, तिनीहरूको परिवार र परिचारकका लागि उपयुक्त लिङ्ग र उमेर संवेदनशील सहयोग सुनिश्चित गरेर सबै प्रकारका शोषण, हिंसा तथा दुर्व्यवहार रोक्नेसमेत सबै उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्। पक्षराष्ट्रहरूले संरक्षण सेवाहरू उमेर, लिङ्ग र अपाङ्गता प्रति संवेदनशील भएको पक्षराष्ट्रहरूले सुनिश्चित गर्नेछन्।
३. सम्पूर्ण प्रकारका शोषण, हिंसा तथा दुर्व्यवहारका घटना रोक्नका लागि पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूको सेवाका लागि तयार गरिएको सम्पूर्ण सुविधा तथा कार्यक्रमहरू स्वतन्त्र निकायहरूबाट प्रभावकारी ढङ्गमा अनुगमन गरिएको सुनिश्चित गर्नेछन्।
४. कुनै पनि प्रकारको शोषण, हिंसा वा दुर्व्यवहारको शिकार भएका अपाङ्गता भएका व्यक्तिहरूको शारीरिक, मानसिक र मनोवैज्ञानिक पुनर्प्राप्ति, पुनर्स्थापन तथा सामाजिक पुन:एकीकरणको प्रबर्द्धन गर्न पक्षराष्ट्रहरूले संरक्षण सेवाहरूको व्यवस्थालगायत अन्य सम्पूर्ण आवश्यक उपायहरू अवलम्बन गर्नेछन्। स्वास्थ्य, कल्याण, आत्मसम्मान, स्वाभिमान र स्वायतत्ता अभिबृद्धि गर्ने तथा लिङ्ग र उमेरको उचित आवश्यकताहरूलाई ध्यान दिने वातावरणमा यस्तो पुनर्प्राप्ति र पुन:एकीकरण सञ्चालन हुनेछ।
५. अपाङ्गता भएका व्यक्तिहरू विरूद्ध हुने शोषण, हिंसा र दुर्व्यवहारका घटनाहरूको पहिचान अनुसन्धान तथा उपयुक्त भएकोमा अभियोजन गरिएको सुनिश्चित गर्न पक्षराष्ट्रहरूले महिला र बालबालिका केन्द्रित कानुन तथा नीतिहरूलगायत अन्य प्रभावकारी कानुन तथा नीति निर्माण गर्नेछन्।

**धारा १७ : व्यक्तिको अखण्डताको संरक्षण गर्ने**

अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएको प्रत्येक व्यक्तिलाई शारीरिक र मानसिक अखण्डताको लागि सम्मानको अधिकार छ।

**धारा १८ : आवतजावत र राष्ट्रियतासम्बन्धी स्वतन्त्रता**

१. पक्षराष्ट्रहरूले देहाय बमोजिमका कुराहरूसमेत सुनिश्चित गरी अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरू सरह आवत जावत गर्ने स्वतन्त्रता, आफ्नो वासस्थान र राष्ट्रियता रोज्न पाउने स्वतन्त्रताको अधिकार स्वीकार गर्नेछन् :-

(क) राष्ट्रियता प्राप्त र परिवर्तन गर्ने अधिकार भएको तथा स्वेच्छाचारी ढङ्गमा वा अपाङ्गताको आधारमा आफ्नो राष्ट्रियताबाट वञ्चित नगरिएको,

(ख) अपाङ्गताको आधारमा आफ्नो राष्ट्रियताको वा अन्य परिचयका कागजातहरू प्राप्त गर्ने, राख्ने वा उपयोग गर्ने क्षमताबाट वा आवतजावतको स्वतन्त्रताको प्रयोगमा सहजता प्रदान गर्न आवश्यक पर्ने अध्यागमन कारबाही जस्ता सम्बन्धित प्रक्रियाहरूको उपयोग गर्नबाट वञ्चित नगरिएको,

(ग) आफ्नो देशलगायत कुनै पनि देश छोड्न स्वतन्त्र रहेको,

(घ) स्वेच्छाचारी ढङ्गबाट वा अपाङ्गताको आधारमा आफ्नो देशमा प्रवेष गर्न पाउने अधिकारबाट वञ्चित नगरिएको ,

२. जन्म भए लगतै अपाङ्गता भएका बालबालिकाको दर्ता गरिनेछ र निजहरूलाई जन्मनासाथ नाम पाउने अधिकार, राष्ट्रियता प्राप्त गर्ने अधिकार तथा सम्भव भएसम्म आफ्नो बुबाआमा पहिचान गर्ने र निजहरूबाट स्याहार, सुसार पाउने अधिकार हुनेछ।

**धारा १९ : स्वतन्त्रतापूर्वक बस्न पाउने तथा समुदायमा समावेश गरिने**

यस महासन्धिका पक्षराष्ट्रहरूले अन्य व्यक्तिहरू सरहको छनौट सहितको अपाङ्गता भएका व्यक्तिहरूलाई समुदायमा बस्न पाउने समान अधिकार भएको स्वीकार गर्छन तथा देहाय बमोजिमका कुराहरूसमेत सुनिश्चित गरी अपाङ्गता भएका व्यक्तिहरूलाई यस अधिकारको पूर्ण उपभोग गर्न तथा निजहरूको समुदायमा पूर्ण समावेश र सहभागितामा सहजता प्रदान गर्न प्रभावकारी उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् :-

(क) अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरूसरह समान आधारमा आफ्नो बासस्थान र कहाँ र कसको साथमा बस्ने भनी छनौट गर्ने अवसर हुन्छ र कुनै खास किसिमको बसोबास व्यवस्थामा बस्नका लागि उनीहरूलाई बाध्य बनाइदैन,

(ख) अपाङ्गता भएका व्यक्तिहरूलाई बस्न र समुदायमा समावेश हुन तथा समुदायबाट एक्ल्याउने र अलग्याउने कार्य हुनबाट रोक्न आवश्यक पर्ने व्यक्तिगत सहयोगलगायत विभिन्न स्तरका घर भित्रको, आवासीय र अन्य सामुदायिक सहयोग सेवाहरूमा पहुँच प्राप्त हुन्छ,

(ग) सर्वसाधरणलाई उपलब्ध सामुदायिक सेवा तथा सुविधाहरू अपाङ्गता भएका व्यक्तिहरूलाई समान आधारमा उपलब्ध छन् तथा निजहरूको आवश्यकताहरूप्रति उत्तरदायी छन्।

**धारा २० : व्यक्तिगत गमनशिलता (हिँडडुल)**

पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई देहायका कुराहरूको माध्यमबाट समेत अधिकतम सम्भावित स्वनिर्भरता सहित व्यक्तिगत गमनशिलता सुनिश्चित गर्न प्रभावकारी उपायहरू अवलम्बन गर्नेछन् :-

(क) अपाङ्गता भएका व्यक्तिहरूलाई निजहरूले रोजेको तरीका र समयमा तथा धान्न सक्ने मूल्यमा व्यक्तिगत गमनशिलता सहज बनाउने,

(ख) गुणस्तरीय गमनशिलता सेवा, उपकरण, सहयोगात्मक प्रविधि तथा प्राणीबाट हुने प्रत्यक्ष सहयोग र मध्यस्थ सेवा धान्न सक्ने मूल्यमा उपलब्ध गराई पहुँच सहज बनाउने,

(ग) अपाङ्गता भएका व्यक्तिहरू तथा अपाङ्गता भएका व्यक्तिहरूको साथमा काम गर्ने विशेषज्ञ कर्मचारीहरूलाई गमनशिलता सीप सम्बन्धी तालिम प्रदान गर्ने,

(घ) गमनशिलता सेवा उपकरण तथा सहयोगात्मक प्रविधि उत्पादन गर्ने निकायहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको लागि गमनशिलताका सम्पूर्ण पक्षहरूमा ध्यान दिन प्रोत्साहन गर्ने।

**धारा २१ : विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनामा पहुँच**

यस महासन्धिको धारा २ मा परिभाषा भएबमोजिमका आफुले रोजेको सबै प्रकारका सञ्चारका माध्यमहरूमार्फत अन्य व्यक्तिहरूसरह अपाङ्गता भएका व्यक्तिहरूले समान आधारमा सूचना र मत माग गर्ने, प्राप्त गर्ने र प्रदान गर्नेलगायतका विचार र अभिव्यक्तिको स्वतन्त्रता उपभोग गर्न पाउने कुरा सुनिश्चित गर्न पक्षराष्ट्रहरूले देहायका कार्यहरू समेत गरी सबै उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् :-

(क) अपाङ्गता भएका व्यक्तिहरूलाई सर्वसाधारणका लागि लक्षित गरिएका सूचनालाई विभिन्न प्रकारका अपाङ्गतालाई उपयुक्त हुने गरी पहुँचयोग्य ढाँचा र प्रविधिमा समयमा नै र अतिरिक्त खर्च विना उपलब्ध गराउने,

(ख) अपाङ्गता भएका व्यक्तिहरूले कार्यालयमा हुने अन्तरक्रियाहरूमा आफूले रोजेको साङ्केतिक भाषा, ब्रेल, प्रबर्द्धनात्मक र वैकल्पिक सञ्चार एवम् सञ्चारका अरू सबै प्रकारका पहुँचयोग्य साधन, तरीका र ढाँचा प्रयोग गर्न पाउने कुरालाई स्वीकार गरेर एवम् त्यस्ता प्रयोगलाई सहज बनाउने,

(ग) सर्वसाधारणलाई इन्टरनेटलगायतका सेवा प्रदान गर्ने निजी क्षेत्रका संस्थाहरूलाई

त्यस्तो सूचना र सेवा अपाङ्गता भएका व्यक्तिहरूले पहुँच गर्न र प्रयोग गर्न सक्ने ढाँचामा प्रदान गर्न आव्हान गर्ने,

(घ) इन्टरनेटको माध्यबाट सूचना प्रदान गर्ने सूचना प्रदायकहरूलगायत आमसञ्चारलाई उनीहरूको सेवा अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयोग्य बनाउनका लागि प्रोत्साहित गर्ने,

(ङ) साङ्केतिक भाषाको प्रयोगलाई मान्यता दिने तथा प्रबर्द्धन गर्ने।

**धारा २२ : गोपनीयताको सम्मान**

१. कुनै पनि अपाङ्गता भएका व्यक्तिहरूलाई निजको बासस्थान वा बसोबासको प्रबन्ध मिलाइएको स्थान जहाँ भए तापनि निजको गोपनीयता, परिवार, घर वा पत्राचार वा अन्य प्रकारका सञ्चारहरूलाई स्वेच्छाचारी वा गैरकानुनी हस्तक्षेप वा निजको सम्मान र प्रतिष्ठालाई गैरकानुनी आक्रमणको विषय बनाइनेछैन। अपाङ्गता भएका व्यक्तिहरूलाई त्यस्ता हस्तक्षेप वा आक्रमण विरूद्ध कानुनको संरक्षण पाउने अधिकार हुनेछ।

२. पक्षराष्ट्रहरूले अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूको वैयक्तिक, स्वास्थ्य तथा पुनर्स्थापनासम्बन्धी सूचनाको गोपनीयताको संरक्षण गर्ने छन्।

**धारा २३ : घर तथा परिवारको सम्मान**

१. पक्षराष्ट्रहरूले देहायका कुराहरू सुनिश्चित गर्नका लागि अन्य व्यक्तिहरूसरह समान आधारमा विवाह, परिवार, पितृत्व वा मातृत्व र नाता सम्बन्धहरूसँग सम्बन्धित सबै कुराहरूमा अपाङ्गता भएका व्यक्तिहरू विरूद्धका भेदभाव उन्मूलन गर्ने प्रभावकारी र उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् :-

(क) विवाह योग्य उमेर भएका अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो चाहना अनुसारको जीवन साथीसँग स्वतन्त्र र पूर्ण सहमतिको आधारमा विवाह गर्ने र परिवार बसाउने अधिकार स्वीकार गरिएको,

(ख) आफ्ना सन्तानहरूको सङ्ख्या तथा जन्मान्तरको बारेमा स्वतन्त्रता तथा जिम्मेवारपूर्वक निर्णय गर्ने तथा उमेर सुहाउँदो जानकारी, प्रजनन्सम्बन्धी तथा परिवार नियोजन शिक्षामा पहुँच पाउने अपाङ्गता भएका व्यक्तिहरूको अधिकारलाई स्वीकार गरिएको छ तथा निजहरूलाई त्यस्ता अधिकारहरू प्रयोग गर्न सक्षम बनाउने साधनहरू उपलब्ध गराइएको,

(ग) अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका बालबालिकालगायत अपाङ्गता भएका व्यक्तिहरूले प्रजनन क्षमतालाई कायमा राखेको।

२. पक्षराष्ट्रहरूले संरक्षकत्व, अभिभावकत्व, ट्रष्टीसीप, धर्मपुत्र वा धर्मपुत्रीको रूपमा ग्रहण गर्ने वा यस्तै अन्य संस्थाहरूसम्बन्धी अवधारणा राष्ट्रिय कानुनमा विद्यमान भएमा त्यस सम्बन्धमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र जिम्मेवारीहरूलाई सुनिश्चित गर्नेछन्, सबै अवस्थामा बालबालिकाको सर्वोत्तम हित सर्वोपरी हुनुपर्नेछ। आफ्नो बालबच्चाको पालनपोषण गर्ने जिम्मेवारी निर्वाह गर्नका लागि पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई उपयुक्त सहयोगहरू प्रदान गर्नेछन्।

३. पक्षराष्ट्रहरूले पारिवारिक जीवनको सम्बन्धमा अपाङ्गता भएका बालबालिकाहरूको समान अधिकार भएको सुनिश्चित गर्नेछन्। त्यस्ता अधिकारहरूको उपभोगका लागि तथा अप्रकाशन, परित्याग, बेवास्ता र पृथकीकरण गर्ने कुरालाई रोक्न पक्षराष्ट्रहरूले अपाङ्गता भएका बालबालिका तथा निजका परिवारहरूलाई समयमै विस्तृत जानकारी, सेवा र सहयोग उपलब्ध गराउने कबूल गर्नेछन्।

४. पक्षराष्ट्रहरूले अधिकारप्राप्त अधिकारीहरूबाट लागू हुने कानुन र कार्यविधिबमोजिम पृथकीकरण कार्य बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएको भनी न्यायिक पुनरावलोकनको अधिनमा रहि निर्णय गरेबमोजिम बाहेक आफ्नो ईच्छाविरूद्ध कुनै पनि बालबालिका निजको बाबु आमाबाट अलग गरिदैनन् भनी सुनिश्चित गर्नेछन्। बालबालिका वा बाबु आमा मध्ये कुनै एक जना वा दुवैमा अपाङ्गता भएको आधारमा कुनै पनि अवस्थामा कुनै पनि बालबालिकालाई पृथक गरिनेछैन।

५. पक्षराष्ट्रहरूले अपाङ्गता भएका बालबालिकालाई सबैभन्दा नजिकको परिवारले पालनपोषण गर्न असमर्थ भएको अवस्थामा त्यस्ता बालबालिकालाई वैकल्पिकरूपमा स्याहार सम्भार गर्न विस्तृत नाता सम्बन्धमा तथा त्यस्तो हुन नसकेमा समुदायभित्र नै पारिवारिक वातावरणमा स्याहार सम्भार गर्ने व्यवस्था गर्न हरसम्भव प्रयास गर्नेछन्।

**धारा २४ : शिक्षा**

१. पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूको शिक्षाको अधिकार स्वीकार गर्छन्। विना कुनै भेदभाव र समान अवसरको आधारमा यस अधिकारलाई हासिल गर्नका लागि पक्षराष्ट्रहरूले देहायका कुराहरू तर्फ निर्देशित हुने गरी सबै तह र जीवनपर्यन्त

सिकाईमा समावेशी शिक्षा प्रणाली सुनिश्चित गर्नेछन् :-

(क) मानवको अन्तर्निहित क्षमताका साथै स्वाभिमानको बोध तथा आत्म मूल्यको पूर्ण विकास एवम् मानवअधिकार, आधारभूत स्वतन्त्रता र मानव विविधताको अभिवृद्धि गर्ने,

(ख) अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो व्यक्तित्व, क्षमता र सिर्जनशिलताका साथै निजहरूको मानसिक र भौतिक क्षमतालाई अधिकतम हदसम्म विकास गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिहरूलाई प्रभावकारी ढङ्गमा स्वतन्त्र समाजमा सहभागी हुन सक्षम गराउने।

२. यस अधिकार प्राप्तिका लागि पक्षराष्ट्रहरूले देहायका कुराहरू सुनिश्चित गर्नेछन् :-

(क) अपाङ्गताको आधारमा अपाङ्गता भएका व्यक्तिहरू साधारण शैक्षिक प्रणालीबाट उपेक्षित नभएका तथा अपाङ्गताको आधारमा अपाङ्गता भएका बालबालिकाहरू नि:शुल्क तथा अनिवार्य प्राथमिक शिक्षा वा माध्यमिक शिक्षाबाट उपेक्षित नभएका,

(ख) आफू बसेको समुदायमा अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशी, स्तरीय र नि:शुल्क प्राथमिक तथा माध्यमिक शिक्षामा पहुँच भएको,

(ग) आवश्यकता अनुसारको मनासिव अनुकूलता उपलब्ध गराइएको,

(घ) अपाङ्गता भएका व्यक्तिहरूलाई प्रभावकारी शिक्षा सहज बनाउन प्रचलित शिक्षा प्रणाली अन्तर्गत उनीहरूले सहयोग प्राप्त गरेका,

(ङ) पूर्ण समावेशीपनको लक्ष्यसँग मेल खाने गरी प्राज्ञिक तथा सामाजिक विकास अधिकतम हुने वातावरणमा प्रभावकारी वैयक्तिक सहयोगका उपायहरू प्रदान गरिएका।

३. पक्षराष्ट्रहरूले अपाङ्गता भएको व्यक्तिहरूलाई शिक्षामा निजहरूको पूर्ण र समान सहभागितालाई सहज बनाउन र समुदायको एक सदस्यको रूपमा जीवन र सामाजिक विकासका सीपहरू सिक्न सक्षम बनाउनेछन्। यस उद्देश्य प्राप्तिका लागि पक्षराष्ट्रहरूले देहायका उपायहरूलगायतका उपयुक्त उपायहरू अबलम्बन गर्नेछन् :-

(क) ब्रेल, वैकल्पिक लिपि, प्रबर्द्धनात्मक तथा वैकल्पिक तरीका साधन र ढाँचा तथा पूर्वाभास र गमनशील सीप सिक्न सहज तुल्याउने साथै दौंतरीबाट सिक्ने कला र परामर्श सहज बनाउने,

(ख) साङ्केतिक भाषा सिक्न र बहिरा समुदायको भाषिक पहिचानको प्रबर्द्धनलाई सहज बनाउने,

(ग) दृष्टिविहिन, वहिरा वा श्रवण तथा दृष्टिविहिन व्यक्ति खासगरी बालबालिकाहरूलाई त्यस्ता व्यक्तिहरूका लागि सबैभन्दा उपयुक्त भाषा र तरीका तथा सञ्चार माध्यमबाट प्राज्ञिक र सामाजिक विकासलाई अधिकतम बनाउने वातावरणहरूमा शिक्षा प्रदान गरिएको सुनिश्चित गर्ने।

४. यस अधिकारको प्राप्ति सुनिश्चित गर्न सहयोग पुऱ्याउने उद्देश्यले पक्षराष्ट्रहरूले साङ्केतिक भाषा र ब्रेलमा योग्य अपाङ्गता भएका शिक्षकहरूलगायत अन्य शिक्षकहरू नियुक्त गर्न तथा शिक्षका सबै तहहरूमा कार्य गर्ने विशेषज्ञ र कर्मचारीहरूलाई प्रशिक्षित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्। त्यस्तो प्रशिक्षणमा अपाङ्गता बारेको सचेतना र अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्न सञ्चारका उपयुक्त सम्बर्द्धनात्मक एवम् वैकल्पिक उपाय, सञ्चारको माध्यम तथा ढाँचा, शैक्षिक प्रविधि र सामाग्री समाहित भएको हुनुपर्नेछ।

५. पक्षराष्ट्रहरूले भेदभाव विना र अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरू सामान्य शिक्षा, व्यावसायिक प्रशिक्षण, प्रौढ शिक्षा तथा आजीवन अध्ययनमा पहुँच प्राप्त गर्न सक्षम भएको सुनिश्चित गर्नेछन्। यस उद्देश्य प्राप्तिका लागि पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई मनासिव अनुकूलता प्रदान गरिएको सुनिश्चित गर्नेछन्।

**धारा २५ : स्वास्थ्य**

पक्षराष्ट्रहरूले अपाङ्गताको आधारमा हुने भेदभाव विना अपाङ्गता भएका व्यक्तिहरूलाई उच्चतम प्राप्यस्तरको स्वास्थ्य प्राप्त गर्ने अधिकार भएको स्वीकार गर्छन्। पक्षराष्ट्रहरूले स्वास्थ्यसँग सम्बन्धित पुनर्स्थापनालगायत लैङ्गिक संवेदनशील भएका स्वास्थ्य सेवाहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई पहुँच भएको सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्। खासगरी पक्षराष्ट्रहरूले देहायका कुराहरू गर्नेछन् :-

(क) अपाङ्गता भएका व्यक्तिहरूलाई पनि अन्य व्यक्तिहरूलाई प्रदान गरिए अनुसारकै तह, गुण र स्तरको नि:शुल्क वा धान्न सकिने यौनजन्य र प्रजनन स्वास्थ्य तथा जनसङ्ख्यामा आधारित सार्वजनिक स्वास्थ्य कार्यक्रमका क्षेत्रहरूमा लगायत अन्य स्वास्थ्य उपचार र कार्यक्रमहरू प्रदान गर्ने,

(ख) अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष गरी निजहरूले अपाङ्गताको कारणले आवश्यक पर्ने उपयुक्तता अनुसार यथासमय अपाङ्गता पहिचान तथा हस्तक्षेप गर्ने एवं बच्चा तथा वृद्ध व्यक्तिहरूलगायत अन्य व्यक्तिहरूमा थप अपाङ्गता न्यूनीकरण वा रोकथाम गर्न तयार गरिएका सेवाहरूलगायतका स्वास्थ्य सेवाहरू प्रदान गर्ने,

(ग) ग्रामीण क्षेत्रहरूलगायत मानिसहरूको आफ्नो समुदायको सम्भव भएसम्म नजिक हुने गरी त्यस्ता स्वास्थ्य सेवाहरू प्रदान गर्ने,

(घ) तालिम एवम् सार्वजनिक र निजी स्वास्थ्य उपचारका लागि नैतिक मापदण्डहरूको कार्यन्वयनको माध्यबाट मानवअधिकार, मर्यादा, स्वायतत्ता र अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकतालगायतका विषयहरूमा सचेतना अभिवृद्धि गरी स्वतन्त्र तथा सुसूचित सहमतिका आधारमा समेत अन्य व्यक्तिसरह स्तरीय उपचार अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदान गर्न स्वास्थ्य व्यसायीहरूलाई लगाउने,

(ङ) राष्ट्रिय कानुनले स्वास्थ्य बीमा र जीवन बीमालाई अनुमति दिएको अवस्थामा त्यस्तो बीमाको व्यवस्थामा अपाङ्गता भएका व्यक्तिहरू विरूद्धको भेदभावलाई निषेध गर्ने तथा त्यस्तो बीमा स्वच्छ र उचित ढङ्गमा प्रदान गरिने,

(च) अपाङ्गताको आधारमा स्वास्थ्य उपचार वा स्वास्थ्य सेवा वा खाद्यान्न वा पेय पदार्थको भेदभावकारी अस्वीकृतिलाई रोक्ने।

**धारा २६ : वासस्थान र पुनर्स्थापना**

१. पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई अधिकत्तम स्वतन्त्रता, पूर्ण शारीरिक, मानसिक, सामाजिक र व्यावसायिक सक्षमता हासिल गर्न एवम् कायम राख्न तथा जीवनका सबै पक्षहरूमा पूर्णरूपले समावेश हुन सक्षम तुल्याउन दौतरीको सहयोगसमेत अन्य प्रभावकारी र उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्। यस उद्देश्य प्राप्तिको लागि, पक्षराष्ट्रहरूले खासगरी स्वास्थ्य, रोजगारी, शिक्षा र सामाजिक सेवाका क्षेत्रहरूमा विस्तृत वासस्थान र पुनर्स्थापनासम्बन्धी सेवा र कार्यक्रमहरू देहाय अनुसार आयोजना, सुदृढीकरण तथा विस्तार गर्नेछन् :-

(क) त्यस्ता सेवा र कार्यक्रमहरू सकेसम्म प्रारम्भिक अवस्थामा नै सुरू गरिने तथा व्यक्तिको आवश्यकता र क्षमताको बहुआयामिक मूल्याङ्कनमा आधारित हुनेछन्,

(ख) त्यस्ता सेवा र कार्यक्रमहरूले समुदायमा र समाजका सबै पक्षहरूमा सहभागिता र समावेशीकरणलाई सघाउ पुऱ्याउने छन् र स्वेच्छिक हुनेछन् तथा अपाङ्गता भएका व्यक्तिहरूलाई ग्रामीण क्षेत्रहरूलगायत अन्य क्षेत्रहरूमा सकेसम्म

उनीहरूको समुदायको नजीक हुने गरी उपलब्ध गराइनेछन्।

२. पक्षराष्ट्रहरूले वासस्थान र पुनर्स्थापनासम्बन्धी सेवामा कार्यरत कर्मचारी र पेशाकर्मीहरूका लागि प्रारम्भिक एवम् निरन्तर प्रशिक्षणको विकासलाई प्रबर्द्धन गर्नेछन्।

३. पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूका लागि तयार गरिएका वासस्थान र पुनर्स्थापनासँग सम्बन्धित सहयोगी उपकरण तथा प्रविधिको उपलब्धता, ज्ञान र प्रयोगलाई प्रबर्द्धन गर्नेछन्।

**धारा २७ : काम र रोजगार**

१. पक्षराष्ट्रहरूको अपाङ्गता भएका व्यक्तिहरूको अन्य व्यक्तिहरूसरह समान आधारमा काम गर्न पाउने अधिकारलाई स्वीकार गर्छन्, त्यस्तो अधिकारमा श्रम बजारमा अपाङ्गता भएका व्यक्तिहरूले स्वतन्त्रतापूर्वक छनौट र स्वीकार गरेको काम गरी जीवन निर्वाह गर्न पाउने अवसर तथा खुला, समावेशी तथा पहुँचयोग्य वातावरणमा काम गर्ने अधिकारसमेत समावेश छ। पक्षराष्ट्रहरूले, अन्य कुराका अतिरिक्त, देहायका कार्यहरू गर्नको लागि कानुन निर्माणलगायत उपयुक्त उपायहरू अवलम्बन गरी रोजगारीको क्रममा अपाङ्गता बेहोरेका व्यक्तिहरूलगायत अपाङ्गता भएका अन्य व्यक्तिहरूको कामको अधिकार उपभोगको संरक्षण र प्रबर्द्धन गर्नेछन् :-

(क) भर्ना, छनौट र नियुक्तिका शर्तहरू, सेवाको निरन्तरता, वृत्ति विकास र सुरक्षित एवम् स्वस्थ्यकर कार्य अवस्थालगायत सबै प्रकारका रोजगारीहरूसँग सम्बन्धित अपाङ्गताको आधारमा हुने भेदभावलाई निषेध गर्ने,

(ख) अन्य व्यक्तिहरू सरह अपाङ्गता भएका व्यक्तिहरूको समान अवसर तथा समान कामको लागि समान ज्याला, सुरक्षित र स्वस्थ्यकर कार्यअवस्था, दुराचारबाट संरक्षणसमेत तथा गुनासोको सुनुवाईलगायतका काम गर्नका लागि चाहिने न्यायपूर्ण र अनुकूल वातावरण पाउने अधिकारको संरक्षण गर्ने,

(ग) अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूले पनि निजहरूको श्रम तथा ट्रेड युनियनसम्बन्धी अधिकार प्रयोग गर्न पाएको सुनिश्चित गर्ने,

(घ) साधारण प्राविधिक एवम् पेशागत निर्देशन कार्यक्रम, पदस्थापना सेवा एवम् पेशागत तथा निरन्तर तालीम प्रभावकारीरूपमा पहुँच प्राप्त गर्न अपाङ्गता भएका व्यक्तिहरूलाई सक्षम बनाउने,

(ङ) अपाङ्गता भएका व्यक्तिहरूलाई काम खोज्ने, काम पाउने, काममा बहाल रहने र काममा फर्कने एवम् श्रम बजारमा रोजगारी र वृत्ति विकासका अवसरहरूको प्रवर्द्धन गर्ने,

(च) अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वरोजगार, उद्यमशीलता, सहकारिताको विकास र आफै व्यवसाय सुरू गर्ने अवसरहरूको प्रबर्द्धन गर्ने,

(छ) सार्वजनिक क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी प्रदान गर्ने,

(ज) सकारात्मक कार्य योजना, प्रोत्साहन तथा अन्य उपायहरू समाविष्ट उपयुक्त नीति र उपायहरूको माध्यमद्वारा निजी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीलाई प्रबर्द्धन गर्ने,

(ञ) अपाङ्गता भएका व्यक्तिहरूलाई कार्यस्थलमा मनासिव अनुकूलता उपलब्ध गराइएको सुनिश्चित गर्ने,

(ट) अपाङ्गता भएका व्यक्तिहरूले खुला श्रम बजारमा कार्य अनुभव प्राप्त गर्ने कुरालाई प्रबर्द्धन गर्ने,

(ठ) अपाङ्गता भएका व्यक्तिहरूको लागि व्यावसायिक तथा पेशागत पुनर्स्थापना, रोजगारीको निरन्तरता तथा काममा फर्कने कार्यक्रमहरूको प्रवर्द्धन गर्ने।

२. पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरू दास वा बाँधा नबनाइएको तथा उनीहरूले अन्य व्यक्तिहरूसरह समान आधा रमा बलपूर्वक वा अनिवार्य श्रमबाट संरक्षणसुनिश्चित गर्नेछन्।

**धारा २८ : पर्याप्त जीवनस्तर र सामाजिक संरक्षण**

१. पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरू आफैलाई र तिनका परिवारको लागि समेत पर्याप्त खाद्यान्न, लुगा एवम् आवाससमेतको पर्याप्त जीवनस्तरको तथा जीवन निर्वाहका अवस्थाहरूको निरन्तर सुधारको अधिकार भएको स्वीकार गर्छन् तथा अपाङ्गताको आधारमा गरिने कुनै पनि भेदभाव विना त्यस्तो अधिकारको उपभोग संरक्षण र प्रबर्द्धन गर्न उपयुक्त कदमहरू चाल्नेछन्।

२. पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा तथा अपाङ्गताको आधारमा गरिने कुनै पनि भेदभाव विना त्यस्तो अधिकारको उपभोग गर्न पाउने अधिकार भएको स्वीकार गर्छन् तथा त्यस्तो अधिकारको उपभोग, संरक्षण र प्रवर्द्धन गर्न देहायका उपायहरूलगायत अन्य उपयुक्त कदमहरू चाल्नेछन् :-

(क) स्वच्छ पानीको आपूर्तिमा अपाङ्गता भएका व्यक्तिहरूको समान पहुँच

सुनिश्चित गर्ने तथा उपयुक्त र धान्न सकिने मूल्यमा सेवा, उपकरण र अपाङ्गतासँग सम्बन्धित आवश्यकताहरूको लागि अन्य सहयोगहरूमा निजहरूको पहुँच सुनिश्चित गर्ने,

(ख) अपाङ्गता भएका व्यक्तिहरू खासगरी अपाङ्गता भएका महिला र वृद्ध-वृद्धाहरूको लागि सामाजिक सुरक्षा कार्यक्रम तथा गरीबी न्यूनीकरण कार्यक्रमहरूमा पहुँच सुनिश्चित गर्ने,

(ग) गरीबीको अवस्थामा जीवनयापन गरिरहेका अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका परिवारलाई पर्याप्त तालिम, परामर्श, आर्थिक सहयोग एवम् राहत सेवालगायत अपाङ्गतासम्बन्धी खर्चहरूमा राज्यबाट प्रदान गरिने सहयोगमा पहुँच सुनिश्चित गर्ने,

(घ) सार्वजनिक आवास कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचलाई सुनिश्चित गर्ने,

(ङ) अपाङ्गता भएका व्यक्तिहरूको अवकाश पछिको सुविधा तथा कार्यक्रमहरूमा पहुँच सुनिश्चित गर्ने।

**धारा २९ : राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिता**

पक्षराष्ट्रहरूले अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई राजनीतिक अधिकार तथा त्यस्तो अधिकारहरूको उपभोग गर्ने अवसरको प्रत्याभूत दिनेछन् र देहायका कुराहरू गर्नेछन् :-

१. अन्य व्यक्तिहरूसरह अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान गर्ने तथा निर्वाचित हुनेलगायत प्रत्यक्ष वा स्वतन्त्ररूपमा चुनिएका प्रतिनिधिहरूमार्फत राजनीतिक तथा सार्वजनिक जीवनमा प्रभावकारी एवम् पूर्णरूपमा सहभागी हुन सकेका छन् भनी अरू कुराका अतिरिक्त देहायका कुराहरूबाट सुनिश्चित गर्ने :-

(क) मतदानका प्रक्रिया, सुविधा र सामाग्रीहरू उपयुक्त, पहुँच योग्य तथा बुझ्न एवम् प्रयोग गर्न सहज भएको सुनिश्चित गर्ने,

(ख) अपाङ्गता भएका व्यक्तिहरूले भययुक्त वातावरणमा निर्वाचन र सार्वजनिक जनमत सङ्ग्रहहरूमा गोप्य मतदान प्रक्रियाद्वारा मतदान गर्ने तथा निर्वाचनमा उम्मेदवार हुने, सरकारका सबै तहहरू र सार्वजनिक कार्यहरूमा पद धारण गर्न र कार्य सम्पादन गर्न पाउने अधिकारको संरक्षण गर्ने तथा उपयुक्त भएको अवस्थामा सहयोगात्मक र नयाँ प्रविधिहरूको प्रयोगलाई सहज बनाउने,

(ग) अपाङ्गता भएका व्यक्तिहरूलाई मतदाताको रूपमा आफ्नो इच्छा स्वतन्त्ररूपमा अभिव्यक्त गर्न सक्ने अधिकार प्रत्याभूत गर्ने तथा यस उद्देश्य प्राप्तिका लागि उनीहरूको अनुरोधमा मतदान गर्न उनीहरूले रोजेको व्यक्तिको सहयोग प्राप्त गर्न अनुमति दिने।

२. अपाङ्गता भएका व्यक्तिहरूले अन्य व्यक्तिहरूसरह समान आधारमा विना भेदभाव सार्वजनिक क्रियाकलापहरूको सञ्चालनमा प्रभावकारी तथा पूर्णरूपमा सहभागी हुन सक्ने वातावरणको सक्रिय रूपले प्रवर्द्धन गर्ने तथा देहायका कुराहरूलगायत सार्वजनिक क्रियाकलापहरूमा उनीहरूको सहभागितालाई प्रोत्साहित गर्ने :-

(क) मुलुकको सार्वजनिक तथा राजनीतिक जीवनसँग सम्बन्धित गैरसरकारी सङ्घ संस्थाहरूमा तथा राजनीतिक दलहरूको गतिविधि र सञ्चालनमा सहभागिता,

(ख) अन्तर्राष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय र स्थानीयस्तरमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गर्न अपाङ्गता भएका व्यक्तिहरूको सङ्गठन खोल्ने र त्यस्ता सङ्गठनको सदस्य बन्ने।

**धारा ३० : सांस्कृतिक जीवन, मनोरञ्जन, विश्राम तथा खेलकुदमा सहभागिता**

१. पक्षराष्ट्रहरू अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार भएको स्वीकार गर्छन् र पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूले देहाय बमोजिमका कुराहरू गर्न पाएको सुनिश्चित गर्न सम्पूर्ण उपायहरू अवलम्बन गर्नेछन् :-

(क) पहुँचयोग्य ढाँचाहरूमा सांस्कृतिक सामाग्रीहरूमा पहुँच उपभोग गर्ने,

(ख) पहुँचयोग्य ढाँचाहरूमा टेलिभिजन कार्यक्रम, चलचित्र, नाटक र अन्य सांस्कृतिक क्रियाकलापहरूमा पहुँच उपभोग गर्ने,

(ग) नाट्यशाला, सङ्ग्राहालय, सिनेमा हल, पुस्तकालय, पर्यटकीय सेवाजस्ता सांस्कृतिक कार्यक्रम वा सेवाहरू सञ्चालन गर्ने स्थानहरूमा पहुँच उपभोग गर्ने तथा सम्भव भएसम्म राष्ट्रिय सांस्कृतिक महत्वका स्मारक र स्थलहरूमा पहुँच उपभोग गर्ने।

२. अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको व्यक्तिगत फाईदाको लागि मात्र नभई समाजको वैभवताको लागि समेत उनीहरूको सिर्जनशील, कलात्मक तथा बौद्धिक आन्तरिक क्षमताको विकास तथा उपभोग गर्ने अवसर प्राप्त गर्न सक्षम बनाउन पक्षराष्ट्रहरूले उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्।

३. बौद्धिक सम्पत्तिसम्बन्धी अधिकार संरक्षण गर्ने कानुनले अपाङ्गता भएका व्यक्तिहरूलाई सांस्कृतिक सामाग्रीहरूमा पहुँच गर्न अनुचित वा विभेदकारी अवरोधहरू सिर्जना नगरेको सुनिश्चित गर्न पक्षराष्ट्रहरूले अन्तर्राष्ट्रिय कानुनबमोजिम सम्पूर्ण उपयुक्त कदमहरू चाल्नेछन्।

४. अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरू पनि सांकेतिक भाषा तथा वहिरा संस्कृतिलगायत विशेष सांस्कृतिक तथा भाषिक पहिचानको मान्यता र सहायता पाउने हक राख्नेछन्।

५. अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरूसरह समान आधारमा मनोरञ्जनात्मक, विश्राम तथा खेलकुदका क्रियाकलापहरूमा सहभागी हुन सक्षम बनाउने अभिप्रायले भएको देहायका उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् :-

(क) सम्पूर्ण तहहरूमा मूलप्रवाहका खेलकुद क्रियाकलापमा अपाङ्गता भएका व्यक्तिहरूको सम्भव भएको हदसम्म सहभागितालाई प्रोत्साहित तथा प्रवर्द्धन गर्ने,

(ख) अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गता-विशेष खेलकुद तथा मनोरञ्जनात्मक क्रियाकलापहरू आयोजना गर्ने, विकास गर्ने तथा त्यसमा सहभागी हुन पाउने अवसर उपलब्ध भएको सुनिश्चित गर्ने तथा यस उद्देश्य प्राप्तिका लागि अन्य व्यक्तिहरू सरह समान आधारमा उपयुक्त प्रशिक्षण, तालिम र श्रोतहरूको व्यवस्थालाई प्रोत्साहित गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिहरूको खेलकुद, मनोरञ्जनात्मक र पर्यटकीय स्थानमा पहुँच भएको सुनिश्चित गर्ने,

(घ) विद्यालय प्रणालीभित्रका क्रियाकलापहरूलगायत अन्य नाटक, मनोरञ्जन, विश्राम र खेलकुद क्रियाकलापहरूमा अन्य बालबालिका सरह अपाङ्गता भएका बालबालिकाहरूको पहुँच भएको सुनिश्चित गर्ने,

(ङ) मनोरञ्जनात्मक, पर्यटकीय, विश्राम वा खेलकुद क्रियाकलापका संस्थाहरूमा संलग्न व्यक्तिहरूबाट अपाङ्गता भएका व्यक्तिहरूले सेवामा पहुँच पाएको सुनिश्चित गर्ने।

**धारा ३१ : तथ्याङ्क तथा आँकडा सङ्कलन**

१. यस महासन्धिलाई कार्यान्वयन गर्नका लागि नीति तर्जुमा तथा कार्यान्वयन गर्न आफूलाई सक्षम बनाउन पक्षराष्ट्रहरूले तथ्याङ्क तथा अनुसन्धनात्मक

आँकडालगायतका उपयुक्त सूचना संकलन गर्ने कबूल गर्दछन्। त्यस्तो सूचना संकलन गर्ने तथा राख्ने प्रक्रिया देहायबमोजिम हुनेछ :-

(क) अपाङ्गता भएका व्यक्तिहरूको विश्वसनीयता र गोपनीयताको सम्मान सुनिश्चित गर्न सूचनार तथ्याङ्क संरक्षणसम्बन्धी कानुनलगायतका कानुनीरूपमा स्थापित सुरक्षा व्यवस्थाको पालना गर्ने,

(ख) आँकडाहरूको संकलन तथा प्रयोगमा मानवअधिकार र आधारभूत स्वतन्त्रता संरक्षण गर्न अन्तर्राष्ट्रियरूपमा मान्य अन्य मापदण्ड र नैतिक नियमहरूको पालना गर्ने।

२. यस धारा बमोजिम सङ्कलित सूचनाहरू उपयुक्तता अनुसार केलाइनेछ तथा यस महासन्धि अन्तर्गत पक्षराष्ट्रहरूको जिम्मेवारीको कार्यान्वयन मूल्याङ्कनमा सहयोग गर्न तथा अपाङ्गता भएका व्यक्तिहरूले उनीहरूको अधिकार प्रयोग गर्दा सामना गर्नु परेका अवरोधहरूको पहिचान तथा सम्बोधन गर्न प्रयोग गरिनेछन्।

३. पक्षराष्ट्रहरूले त्यस्ता तथ्याङ्कको सम्प्रेषण गर्ने तथा अपाङ्गता भएका व्यक्तिहरू र अन्य व्यक्तिहरूको त्यस्ता तथ्याङ्कमा पहुँच सुनिश्चित गर्ने जिम्मेवारी ग्रहण गर्नेछन्।

**धारा ३२ : अन्तर्राष्ट्रिय सहयोग**

१. पक्षराष्ट्रहरूले यस महासन्धिका लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि राष्ट्रिय प्रयासहरूको समर्थनमा अन्तर्राष्ट्रिय सहयोग र यसको प्रवर्द्धनको महत्वलाई स्वीकार गर्छन् तथा यस सम्बन्धमा उपयुक्तताअनुसार राष्ट्रहरू बीच तथा सम्बन्धित अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठन र नागरिक समाज खासगरी अपाङ्गता भएका व्यक्तिहरूको सङ्गठनसँगको साझेदारीमा उपयुक्त र प्रभाकारी उपायहरू अवलम्बन गर्नेछन्। त्यस्ता उपायहरूमा अरू कुराहरूको अतिरिक्त देहायका कुराहरू समेत समावेश हुन सक्नेछन् :-

(क) अन्तर्राष्ट्रिय विकास कार्यक्रमलगायतका अन्तर्राष्ट्रिय सहयोग कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्ने तथा निजहरूको लागि पहुँचयोग्य भएका सुनिश्चित गर्ने,

(ख) सूचना, अनुभव, प्रशिक्षण कार्यक्रम तथा सर्वोत्तम अभ्यासहरूको आदान-प्रदान तथा हिस्सेदारी समेतको माध्यमबाट सक्षमता विकासलाई सहज बनाउने तथा समर्थन गर्ने,

(ग) अनुसन्धान तथा वैज्ञानिक र प्राविधिक ज्ञानको पहुँचमा सहयोग सहज बनाउने,

(घ) पहुँचयोग्य तथा सहयोगात्मक प्रविधिहरूमा पहुँच र हिस्सेदारीद्वारा तथा प्रविधि हस्तान्तरण मार्फत उपयुक्तता अनुसार प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने।

२. यस धाराका व्यवस्थाहरूले प्रस्तुत महासन्धि अन्तर्गत प्रत्येक पक्षराष्ट्रले वहन गर्नुपर्ने दायित्वमा प्रतिकूल प्रभाव पार्ने छैनन्।

**धारा ३३ : राष्ट्रिय स्तरमा कार्यान्वयन तथा अनुगमन**

१. प्रस्तुत महासन्धिको कार्यान्वयनसँग सम्बन्धित कुराहरूका लागि आफ्नो सङ्गठनको प्रणाली अनुसार सरकारी संरचनाभित्र एक वा एक भन्दा बढी सम्पर्क विन्दुहरू तोक्ने तथा विभिन्न क्षेत्र तथा तहहरूमा भएका सम्बन्धित कामहरू सहज तुल्याउन सरकारी संरचनाभित्र एक समन्वयनकारी निकाय स्थापना गर्न वा तोक्ने काममा उचित ध्यान दिनेछन्।

२. पक्षराष्ट्रहरूले यस महासन्धिको कार्यान्वयनको प्रबर्द्धन, संरक्षण तथा अनुगमन गर्न उपयुक्तता अनुसार आफ्नो कानुनी तथा प्रशासनिक प्रणाली बमोजिम आफ्नो मुलुकमा एक वा सो भन्दा बढी स्वतन्त्र संयन्त्रहरू समेतको एक कार्य संरचना तोक्ने वा स्थापित गर्नेछन्। पक्षराष्ट्रहरूले त्यस्तो संयन्त्र तोक्दा वा स्थापना गर्दा मानवअधिकारको संरक्षण र सम्बर्द्धनको लागि गठन भएको राष्ट्रिय संस्थाको हैसियत र कार्य प्रणालीसँग सम्बन्धित सिद्धान्तहरूलाई दृष्टिगत गर्नेछन्।

३. अनुगमन प्रक्रियामा नागरिक समाज खासगरी अपाङ्गता भएका व्यक्तिहरू र तिनीहरूका प्रतिनिधि संस्थाहरूलाई पूर्णरूपमा संलग्न तथा सहभागी गराइनेछन्।

**धारा ३४ : अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति**

१. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति (यसपछि "समिति" भनिएको) को स्थापना गरिनेछ, जसले यसपछि व्यवस्था गरिएका कामहरू गर्नेछ।

२. प्रस्तुत महासन्धि लागू हुँदाका बखतमा यस समितिमा बाह्रजना विशेषज्ञहरू रहनेछन्। महासन्धिमा थप साठी अनुमोदन वा सम्मिलनहरू भएपछि बढीमा अठार जना सदस्यहरू रहने गरी समितिको सदस्यता सङ्ख्यामा छ जनासम्मले थप गर्न सकिनेछ।

३. समितिका सदस्यहरूले आफ्नो व्यक्तिगत क्षमतामा कार्य गर्नेछन् र निजहरू उच्च नैतिक चरित्र तथा यस महासन्धिले समेटेका क्षेत्रमा उत्कृष्ट सक्षमता र अनुभव

भएका व्यक्तिहरू हुनेछन्। सदस्यहरूको मनोनयन गर्दा प्रस्तुत महासन्धिको धारा ४ को उपधारा ३ मा उल्लिखित व्यवस्था उपर उचित ध्यान दिने आव्हान गरिनेछ।

४. समन्यायिक भौगोलिक वितरण, विभिन्न प्रकारका सभ्यता तथा प्रमुख कानुनी प्रणालीहरूको प्रतिनिधित्व, सन्तुलित लैंगिक प्रतिनिधित्व तथा अपाङ्गता भएका विशेषज्ञ व्यक्तिहरूको सहभागितालाई विचार गर्दै पक्षराष्ट्रहरूले समितिका सदस्यहरू निर्वाचित गर्नेछन्।

५. पक्षराष्ट्रहरूको सम्मेलनको बैठकबाट यस महासन्धिका पक्षराष्ट्रहरूले आफ्नो नागरिकहरूमध्येबाट मनोनयन गरेका व्यक्तिहरूको सूचीबाट गोप्य मतदानद्वारा समितिका सदस्यहरू निर्वाचित हुनेछन्। दुई तिहाइ पक्षराष्ट्रहरू उपस्थित भए गणपूरक सङ्ख्या पुगेको मानिने त्यस्तो बैठकमा उपस्थित तथा मतदान गर्ने पक्षराष्ट्रहरूका प्रतिनिधिहरूको सर्वाधिक मत तथा पूर्ण बहुमत प्राप्त गर्ने व्यक्तिहरू समितिमा निर्वाचित हुनेछन्।

६. प्रस्तुत महासन्धि लागू भएको छ महिना भित्रै प्रारम्भिक निर्वाचन हुनेछ। प्रत्येक निर्वाचनको कम्तीमा चार महिना अगावै संयुक्त राष्ट्रसङ्घका महासचिवले पक्षराष्ट्रहरूलाई सदस्यताका लागि दुई महिनाभित्र मनोनयन पेश गर्न आव्हान गर्दै पत्र पठाउनेछन्। तत्पश्चात् महासचिवले मनोनयन गर्ने पक्षराष्ट्रहरू समेत खुलाई त्यसरी मनोनयन गरिएका सबै व्यक्तिहरूको वर्णानुक्रममा नामको सूची तयार गर्नेछन् तथा त्यस्तो सूची यस महासन्धिका पक्षराष्ट्रहरूलाई पेश गर्नेछन्।

७. समितिका सदस्यहरू चार वर्षका लागि निर्वाचित हुनेछन्। एक पटकका लागि उनीहरू पुनःनिर्वाचित हुन योग्य हुने छन्। तर प्रथम निर्वाचनमा निर्वाचित छ सदस्यको कार्यकाल दुई वर्ष पूरा भएपछि समाप्त हुनेछ, प्रथम निर्वाचन सम्पन्न भए लगत्तै त्यस्ता छ सदस्यहरूको नाम यस धाराको प्रकरण ५ मा उल्लेख गरिएको बैठकको अध्यक्षद्वारा गोला हालेर छानिनेछ।

८. समितिका थप छ सदस्यहरूको निर्वाचन यस धाराका सम्बन्धित व्यवस्थाहरू बमोजिम नियमित निर्वाचनको समयमा हुनेछ।

९. समितिका सदस्यको मृत्यु भएमा वा निजले राजिनामा दिएमा वा अन्य कारणले निजले आफ्नो जिम्मेवारी पुरा गर्न नसक्ने घोषणा गरेमा, मनोनयन गर्ने पक्षराष्ट्रले यस धाराको सम्बन्धित व्यवस्थामा गरिएको योग्यता भएको र शर्त पूरा गर्ने विशेषज्ञ व्यक्तिलाई बाँकी कार्यकालका लागि सेवा गर्न नियुक्त गर्नेछन्।

१०. समितिले आफ्नो कार्यविधिको नियम बनाउने छ।

११. प्रस्तुत महासन्धि अन्तर्गतको समितिको कार्यको प्रभावकारी सम्पादनको लागि संयुक्त राष्ट्रसङ्घका महासचिवले आवश्यक कर्मचारी तथा सुविधा उपलब्ध गराउनेछन् र समितिको प्रारम्भिक बैठक बोलाउने छन्।
१२. समितिका जिम्मेवारीहरूको महत्वलाई ध्यानमा राख्दै महासभाले निर्णय गरेको शर्त तथा बन्देजका अधिनमा रही प्रस्तुत महासन्धि अन्तर्गत स्थापित समितिका सदस्यहरूले संयुक्त राष्ट्रसङ्घको स्रोतबाट पारिश्रमिक पाउने छन्।
१३. समितिका सदस्यहरूलाई संयुक्त राष्ट्रसङ्घको विशेषाधिकार तथा उन्मुक्तिसम्बन्धी महासन्धिका सम्बन्धित दफाहरूमा व्यवस्था गरिए अनुसार राष्ट्रहरू, सङ्घको मिसनमा कार्यरत विशेषज्ञहरूको सुविधा, विशेषाधिकार तथा उन्मुक्ति प्राप्त हुनेछ।

**धारा ३५ : पक्षराष्ट्रहरूको प्रतिवेदन**

१. सम्बन्धित पक्षराष्ट्रको लागि प्रस्तुत महासन्धि लागू भएको मितिले दुई वर्षभित्र प्रत्येक पक्षराष्ट्रले यस महासन्धि अन्तर्गतका आफ्ना जिम्मेवारीहरू पूरा गर्न अवलम्बन गरेका उपायहरू तथा त्यस सम्बन्धमा हासिल गरेको प्रगतिसम्बन्धी विस्तृत प्रतिवेदन संयुक्त राष्ट्रसङ्घको महासचिवमार्फत समितिसमक्ष पेश गर्नेछ।
२. पक्षराष्ट्रहरूले तत्पश्चात् कम्तीमा प्रत्येक चार वर्षमा र समितिले अनुरोध गरेको जुनसुकै बखत पछिल्ला प्रतिवेदनहरू पेश गर्नु पर्नेछ।
३. समितिले प्रतिवेदनको विषय वस्तुका सम्बन्धमा लागू हुने कुनै पनि निर्देशिका सम्बन्धमा निर्णय गर्न सक्नेछ।
४. समितिसमक्ष विस्तृत प्रारम्भिक प्रतिवेदन पेश गरेको पक्षराष्ट्रले आफ्नो पछिल्ला प्रतिवेदनहरूमा अगाडि नै उपलब्ध गराइएका जानकारीहरू दोहोऱ्याउन आवश्यक हुने छैन। त्यसरी समितिसमक्ष पेश गर्नुपर्ने प्रतिवेदनहरू तयार गर्दा, सो कार्य खुला र पारदर्शी तवरले गर्ने तर्फ ध्यान दिन तथा प्रस्तुत महासन्धिको धारा ४ को उपधारा ३ मा गरिएको व्यवस्थामा उचित ध्यान पुऱ्याउन पक्षराष्ट्रहरूलाई आव्हान गरिन्छ।
५. प्रस्तुत महासन्धि अन्तर्गतका जिम्मेवारीहरू निर्वाह गर्ने मात्रा, प्रभाव पार्ने तत्वहरू र कठिनाइहरूको बारेमा प्रतिवेदनहरूले औंल्याउन सक्नेछन्।

**धारा ३६ : प्रतिवेदनउपर विचार**

१. समितिले प्रत्येक प्रतिवेदनउपर विचार गर्नेछ, सो प्रतिवेदनका सम्बनधमा आफूले उपयुक्त ठानेको कुनै पनि सुझाव र सामान्य सिफरिस गरी त्यस्ता सुझाव र

सिफारिसहरू पक्षराष्ट्रलाई पठाइनेछ। पक्षराष्ट्रले आफूले उपयुक्त ठानेका कुनै पनि जानकारी बारे समितिलाई जवाफ दिन सक्नेछ। समितिले प्रस्तुत महासन्धिको कार्यान्वयनसँग सम्बन्धित थप जानकारी पक्षराष्ट्रसँग अनुरोध गर्न सक्नेछ।

२. कुनै पक्षराष्ट्रहरूले लामो समयदेखि प्रतिवेदन पेश नगरेको भए, सूचना गरेको तीन महिनाभित्र पनि त्यस्तो सम्बन्धित प्रतिवेदन पेश नगरिएमा आफूलाई उपलब्ध भरपर्दो जानकारीको आधारमा समितिले त्यस्तो सम्बन्धि राज्यपक्षलाई त्यस पक्षराष्ट्रहरूमा प्रस्तुत महासन्धिको कार्यान्वयनको जाँचबुझको आवश्यकताबारे सूचित गर्न सक्नेछ। समितिले त्यस्तो जाँचबुझमा सहभागी हुन सम्बन्धित पक्षराष्ट्रलाई आव्हान गर्नेछ। पक्षराष्ट्रले सम्बन्धित प्रतिवेदन पेश गरी जवाफ दिएमा, यस धाराको उपधारा १ को व्यवस्था लागि हुनेछ।

३. संयुक्त राष्ट्रसङ्घको महासचिवले सबै पक्षराष्ट्रहरूलाई प्रतिवेदनहरू उपलब्ध गराउनेछन्।

४. पक्षराष्ट्रहरूले आ-आफ्नो मुलुकहरूमा आफ्ना प्रतिवेदनहरू सर्वसाधरणलाई व्यापकरूपमा उपलब्ध गराउनेछन् तथा त्यस्ता प्रतिवेदनहरूसँग सम्बन्धित सुझाव र सामान्य सिफारिसहरूमा पहुँच सहज बनाउनेछन्।

५. पक्षराष्ट्रहरूबाट प्राप्त प्रतिवेदनहरूमा प्राविधिक सहयोग र सल्लाहको लागि अनुरोध भएको वा आवश्यकता दर्शाएको भए समितिले उपयुक्त ठानेको अवस्थामा सो सम्बोधन गर्नका लागि त्यस्ता अनुरोध तथा सङ्केतहरूको सम्बन्धमा समितिको आफ्नो भनाई वा सिफरिसहरू भए सो सहित राष्ट्रसङ्घको विशिष्टीकृत निकाय, कोष र कार्यक्रमहरू तथा सक्षम निकायहरूलाई पठाउनेछ।

**धारा ३७ : पक्षराष्ट्रहरू तथा समिति बीच सहयोग**

१. प्रत्येक पक्षराष्ट्रले समितिलाई सहयोग गर्ने तथा आफ्नो कार्यादेश पूरा गर्न समितिका सदस्यहरूलाई सहयोग गर्नेछ।

२. समितिले पक्षराष्ट्रहरूलाई प्रस्तुत महासन्धिको कार्यान्वयनको लागि राष्ट्रिय क्षमता अभिबृद्धि गर्नका लागि अन्तर्राष्ट्रिय सहयोगलगायत अन्य उपाय र माध्यमहरूउपर उचित ध्यान दिनेछ।

**धारा ३८ : समितिको अन्य निकायहरूसँगको सम्बन्ध**

प्रस्तुत महासन्धिको प्रभावकारी कार्यान्वयन अभिवृद्धि गर्न तथा प्रस्तुत

महासन्धिले समेटेको क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोग प्रोत्साहित गर्न :-

१. विशिष्टीकृत निकायहरू र संयुक्त राष्ट्रसङ्घका अन्य अङ्गहरूलाई उनीहरूको अधिकारक्षेत्रभित्र पर्ने यस महासन्धिका व्यवस्थाहरूको कार्यान्वयनका सम्बन्धमा विचार विमर्श गरिँदा प्रतिनिधित्व गर्ने अधिकार हुनेछ। आ-आफ्नो सम्बन्धित अधिकारक्षेत्रभित्र पर्ने महासन्धिको कार्यान्वयनका विषयमा समितिले उचित ठानेको अवस्थामा त्यस्ता विशिष्टीकृत निकायहरू र अन्य सक्षम संस्थाहरूलाई विशेषज्ञ परामर्श प्रदान गर्न आमन्त्रण गर्न सक्नेछ। समितिले विशिष्टीकृत निकायहरू र संयुक्त राष्ट्रसङ्घका अन्य अङ्गहरूलाई उनीहरूको कार्यक्षेत्रभित्र पर्ने विषयहरूबारे महासन्धिको कार्यान्वयनसम्बन्धी प्रतिवेदन पेश गर्नको लागि आव्हान गर्न सक्नेछ,
२. आ-आफ्नो प्रतिवेदन तयार गर्ने निर्देशिका, सुझाव र साधारण सिफारिसहरूमा एकरूपता सुनिश्चितता गर्ने तथा आ-आफ्नो कार्यसम्पादनमा दोहोरोपन र अतिक्रमण हटाउने उद्देश्यले, समितिले आफ्नो कार्यादेश पूरा गर्दा उपयुक्त ठानेको अवस्थामा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूबाट स्थापित अन्य सम्बद्ध निकायहरूसँग परामर्श गर्नेछ।

**धारा ३९ : समितिको प्रतिवेदन**

समितिले आफ्ना क्रियाकलापको बारेमा महासभा र आर्थिक तथा सामाजिक परिषद समक्ष प्रत्येक दुई वर्षमा प्रतिवेदन पेश गर्नेछन् तथा पक्ष राज्यहरूबाट प्राप्त भएका प्रतिवेदन र सूचनाको जाँचबुझको आधारमा सुझाव र सामान्य सिफारिसहरू गर्न सक्नेछ। त्यस्ता सुझाव र सामान्य सिफारिसहरूमा पक्षराष्ट्रहरूबाट कुनै टिप्पणी भए सो समेत समितिको प्रतिवेदनमा समावेश गरिनेछ।

**धारा ४० : पक्षराष्ट्रहरूको सम्मेलन**

१. पक्षराष्ट्रहरू प्रस्तुत महासन्धिको कार्यान्वयनसँग सम्बन्धित विषयहरूमा विचार विमर्श गर्नका लागि पक्षराष्ट्रहरूको सम्मेलनमा नियमितरूपमा सहभागी हुनेछन्।
२. प्रस्तुत महासन्धि लागू भएको छ महिना भित्रै संयुक्त राष्ट्रसङ्घका महासचिपद्वारा पक्षराष्ट्रहरूको सम्मेलन बोलाइनेछ। त्यसपछिका बैठकहरू संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा दुई वर्षमा एक पटक वा पक्षराष्ट्रहरूको सम्मेलनले निर्णय गरे अनुसार बोलाइनेछ।

**धारा ४१ : अभिलेख अधिकारी**

संयुक्त राष्ट्रसङ्घका महासचिव प्रस्तुत महासन्धिको अभिलेख अधिकारी हुनेछन्।

**धारा ४२ : हस्ताक्षर**

सबै पक्षराष्ट्रहरू तथा क्षेत्रीय एकीकृत सङ्गठनबाट हस्ताक्षरको लागि प्रस्तुत महासन्धि ३० मार्च २००७ देखि संयुक्त राष्ट्रसङ्घको न्यूयोर्कस्थित प्रधान कार्यालयमा खुला हुनेछ।

**धारा ४३ : वन्धित हुने सहमति**

प्रस्तुत महासन्धि हस्ताक्षरकारी राष्ट्रहरूबाट अनुमोदन तथा हस्ताक्षरकारी क्षेत्रीय एकीकृत सङ्गठनबाट हस्ताक्षरको औपचारिक पुष्टि हुनु पर्नेछ। महासन्धिमा हस्ताक्षर नगरेको कुनै राष्ट्र वा क्षेत्रीय एकीकृत सङ्गठनबाट सम्मिलन हुनको लागि प्रस्तुत महासन्धि खुला रहनेछ।

**धारा ४४ : क्षेत्रीय एकीकृत सङ्गठन**

१. "**क्षेत्रीय एकीकृत सङ्गठन**" भन्नाले कुनै निश्चित क्षेत्रका सार्वभौम राष्ट्रहरूले महासन्धिले निर्देशित गर्ने विषयहरूका सम्बन्धमा त्यस्तो सङ्गठनका सदस्य राष्ट्रहरूले आफ्नो सक्षमता हस्तान्तरण गरी गठन गरेको कुनै पनि सङ्गठन सम्झनुपर्छ। त्यस्ता सङ्गठनहरूले तिनीहरूको औपचारिक पुष्टि वा सम्मिलनको दस्तावेजमा महासन्धिले निर्देशित गरेका विषयहरूको सम्बन्धमा आफ्नो सक्षमताको सीमामा घोषणा गर्नेछन्। आफ्नो सक्षमताको सीमामा कुनै आधारभूत परिवर्तन भएपछि त्यस्ता सङ्गठनहरूले अभिलेख अधिकारीलाई सोको जानकारी गराउनुपर्नेछ।

२. यस महासन्धिको "पक्षराष्ट्रहरू" भन्ने सन्दर्भ आफ्नो सक्षमताको सीमाभित्र त्यस्ता सङ्गठनहरूका हकमा पनि लागू हुनेछ।

३. धारा ४५ को उपधारा १ र धारा ४७ को उपधारा २ र ३ को प्रयोजनको लागि, क्षेत्रीय एकीकृत सङ्गठनले दाखिला गरेको लिखतको गणना गरिनेछैन।

४. आफ्नो सक्षमताभित्र रहेका विषयहरूमा क्षेत्रीय एकीकृत सङ्गठनहरूको पक्षराष्ट्रहरूको सम्मेलनमा प्रस्तुत महासन्धिको पक्ष भएका आफ्नो सदस्य राष्ट्रहरूको सङ्ख्या बराबरको मताधिकार प्रयोग गर्न सक्नेछन्। कुनै सदस्य राष्ट्रले आफ्नो मताधिकार प्रयोग गरेमा त्यस्तो सङ्गठनले आफ्नो मताधिकार प्रयोग गर्न पाउने छैन

वा त्यस्तो सङ्गठनले आफ्नो मताधिकार प्रयोग गरेमा कुनै सदस्य राष्ट्रले आफ्नो मताधिकार प्रयोग गर्न पाउने छैन।

**धारा ४५ : लागू हुने**

१. अनुमोदन वा सम्मिलनको बीसौं लिखत दाखिला भएको मितिले तीसौं दिनदेखि प्रस्तुत महासन्धि लागू हुनेछ।
२. अनुमोदन वा सम्मिलनको बीसौं लिखित दाखिला भए पछि महासन्धि अनुमोदन गर्ने वा यसमा सम्मिलित हुने प्रत्येक राष्ट्र वा क्षेत्रीय एकीकृत सङ्गठनको हकमा अनुमोदन, औपचारिक पुष्टि वा सम्मिलनको आफ्नो लिखत दाखिला गरेको मितिले तीसौं दिनदेखि प्रस्तुत महासन्धि लागू हुनेछ।

**धारा ४६ : आरक्षण**

१. प्रस्तुत महासन्धिको उद्देश्य र प्रयोजनसँग मेल नखाने आरक्षण राख्न पाइने छैन।
२. जुनसुकै समयमा पनि आरक्षणहरू फिर्ता लिन सकिनेछ।

**धारा ४७ : संशोधन**

१. कुनै पनि राष्ट्रले प्रस्तुत महासन्धिमा संशोधन प्रस्ताव गर्न र संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष सो प्रस्ताव पेश गर्न सक्नेछ। त्यसपछि महासचिवले त्यस्तो प्रस्तावमा विचार वा निर्णय गर्नका लागि उनीहरू पक्षराष्ट्रहरूको सम्मेलनको पक्षमा भए वा नभएको कुरा उनीलाई सूचित गर्ने अनुरोध सहित प्रस्तावित संशोधनहरू पक्षराष्ट्रहरूलाई पठाउने छन्। त्यस्तो सम्मेलनको जानकारी दिएको चार महिनाभित्र कम्तीमा एक तिहाई पक्षराष्ट्रहरू त्यस्तो सम्मेलनको पक्षमा भएको अवस्थामा महासचिवले संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा सम्मेलन बोलाउने छन्। महासचिवले पक्षराष्ट्रहरूको दुई तिहाई बहुमतबाट पारित भएको कुनै पनि संशोधन महासभामा अनुमोदनका लागि पेश गर्ने र तत्पश्चात् सबै पक्षराष्ट्रहरूसमक्ष स्वीकृतिका लागि पेश गर्नेछन्।
२. यस धाराको प्रकरण-१ अनुसार ग्रहण र स्वीकृत गरिएको संशोधन ग्रहण गरेको मितिमा कायम रहेका पक्षराष्ट्रहरू मध्ये स्वीकृतिको लिखत दाखिला गर्नेको सङ्ख्या दुई तिहाई पुगेको मितिले तीसौं दिनदेखि सो संशोधन लागू हुनेछ। त्यसपछि, सो संशोधन कुनै पक्षराष्ट्रले स्वीकृतिको लिखत दाखिला गरेको मितिले तीसौं दिनदेखि सो

राष्ट्रको हकमा लागू हुनेछ। स्वीकृति गरेको पक्षराष्ट्रको हकमा मात्रै संशोधन लागू हुनेछ।

३. पक्षराष्ट्रहरूको सम्मेलनबाट सर्वसम्मतिबाट निर्णय गरिएको भए धारा ३४, ३८, ३९ र ४० सँग सम्बन्धित यस महासन्धिको उपधारा १ बमोजिम पारित तथा स्वीकृत कुनै पनि संशोधन त्यस्तो संशोधन पारित गरेको मितिमा दाखिल गरेको स्वीकृतिको लिखित पक्षराष्ट्रहरूको सङ्ख्याको दुई तिहाई पुगेको तीसौं दिनदेखि सबै पक्षराष्ट्रहरूको हकमा लागू हुनेछ।

**धारा ४८ : परित्याग**

संयुक्त राष्ट्रसङ्घका महासचिवलाई लिखित सूचना दिएर कुनै पनि पक्षराष्ट्रले प्रस्तुत महासन्धिलाई परित्याग गर्न सक्नेछ। महासचिवले सूचना प्राप्त गरेको मितिले एक वर्ष पछि परित्याग प्रभावकारी हुनेछ।

**धारा ४९ : पहुँचयोग्य स्वरूप**

प्रस्तुत महासन्धिको पाठ पहुँचयोग्य स्वरूपमा उपलब्ध गराइनेछ।

**धारा ५० : प्रमाणित लिपिहरू**

प्रस्तुत महासन्धिका अरवी, चिनीयाँ, अंग्रेजी, फ्रान्सेली, रसियाली तथा स्पेनेली भाषाका लिपिहरू समानरूपमा प्रमाणिक हुनेछन्।

जसको प्रमाणस्वरूप, सम्बन्धित सरकारहरूबाट पूर्ण अख्तियार पाएका देहायका हस्ताक्षरकारी अधिकार सम्पन्न प्रतिनिधिहरूले प्रस्तुत महासन्धिमा हस्ताक्षर गरेका छन्।

# अनुसूची २ :

## अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख, २००६

प्रस्तुत आलेखका पक्षराष्ट्रहरू देहाय बमोजिम गर्न सहमत भएका छन् :-

**धारा १**

१. प्रस्तुत आलेखको कुनै पनि पक्षराष्ट्रले महासन्धिका व्यवस्थाहरूको उल्लङ्घन भएबाट पीडित भएको भनी दावी गर्ने त्यस्तो पक्षराष्ट्रको क्षेत्राधिकार भित्रका व्यक्तिहरू वा त्यस्ता व्यक्तिहरूको समूहबाट वा तवर्फबाट सूचना प्राप्त गर्ने र सो सम्बन्धमा विचार गर्ने सक्षमता अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति ("समिति") मा भएको स्वीकार गर्दछ।

२. प्रस्तुत आलेखको पक्ष नभएको महासन्धिको कुनै पक्षराष्ट्रसँग सम्बन्धित कुनै पनि सूचना समितिले ग्रहण गर्नेछैन।

**धारा २**

समितिले देहायका अवस्थाहरूमा कुनै पनि सूचना ग्राह्य मान्ने छैन :-

(क) त्यस्तो सूचना बेनामी भएमा,

(ख) त्यस्तो सूचनाले सो सूचना पेश गर्ने अधिकारको दुरूपयोग गर्ने भएमा वा महासन्धिका व्यवस्थाहरूसँग मेल नखाने भएमा,

(ग) सोही कुरा समितिले अगाडि नै जाँचबुझ गरिसकेको भए वा अन्तर्राष्ट्रिय अनुसन्धान वा निरोपणको अन्य कुनै कार्यविधि अन्तर्गत जाँचबुझ भइसकेको वा जाँचबुझ भइरहेको भए,

(घ) उपलब्ध सम्पूर्ण घरेलु उपचारहरूको उपयोग गरी नसकिएको भए, उपचारको लागि दिइएको निवेदनको कारबाही अनुचितरूपमा लम्बाइएको वा प्रभावकारी उपचार प्राप्त गर्न सकिने सम्भावना नभएको अवस्थामा यो नियम लागू हुनेछैन।

(ङ) त्यस्तो सूचना स्पष्टतः दुराशयमा आधारित रहेको वा पर्याप्तरूपमा स्थापित नगरिएको भए।

(च) प्रस्तुत आलेख लागू भएको मिति पछि पनि त्यस्तो सूचनाका विषय वस्तुहरू निरन्तर

कायम रहेको अवस्थामा बाहेक त्यस्ता सूचनाका विषय वस्तुहरू सम्बन्धित पक्षराष्ट्रको लागि प्रस्तुत आलेख लागू हुनु भन्दा अगावै घटेको भए।

**धारा ३**

प्रस्तुत आलेखको धारा २ मा गरिएको व्यवस्थाको अधिनमा रही, आफूसमक्ष पेश गरिएको कुनै पनि सूचना समितिले गोप्य ढङ्गमा पक्षराष्ट्रहरूको जानकारीमा ल्याउनेछ। प्रापक पक्षराष्ट्रले त्यस्तो विषय र सो सम्बन्धमा आफूले कुनै उपचार अवलम्बन गरेको भए सो कुराहरू स्पष्ट गर्दै छ महिनाभित्र समितिसमक्ष लिखितरूपमा स्पष्टीकरण वा विवरणहरू पेश गर्नु पर्नेछ।

**धारा ४**

१. सूचना प्राप्त भएपछि र तथ्यमा प्रवेश गरी निर्णयमा पुग्नु अगावै कुनै पनि समयमा, पक्षराष्ट्रले आरोपित उल्लङ्घनका पीडित वा पीडितहरूलाई सम्भावित अपुरणीय क्षति हुनबाट रोक्न आवश्यक पर्ने अन्तरिम उपायहरू अवलम्बन गर्ने भनी समितिले सम्बन्धित पक्षराष्ट्रलाई अविलम्ब विचारका लागि अनुरोध गरी पठाउन सक्नेछ।
२. यस धाराको उपधारा १ अन्तर्गत समितिले आफ्नो स्वविवेक प्रयोग गरेको अवस्थामा सो कुरालाई सूचनाको ग्राहयता वा सूचनाको तथ्यउपर निर्णय भएको मानिने छैन।

**धारा ५**

प्रस्तुत आलेख अन्तर्गतका सूचनाहरूको छानविन गर्दा समितिले गोप्य बैठक गर्नेछ। सूचना उपर छानविन गरेपछि आफ्नो कुनै सुझाव वा सिफारिसहरू भए समितिले सम्बन्धित पक्षराष्ट्र तथा सूचना दिने व्यक्तिलाई पठाउनेछ।

**धारा ६**

१. कुनै पक्षराष्ट्रले महासन्धिमा व्यवस्था गरिएका अधिकारहरूको गम्भीर वा सिलसिलावद्ध उल्लङ्घन गरेको भरपर्दो सूचना समितिले प्राप्त गरेमा, त्यस्तो सूचनाको छानविनमा सहयोग गर्न र यस उद्देश्यका लागि सम्बन्धित सूचनाका सम्बन्धमा आफ्नो भनाइ पेश गर्न त्यस्तो पक्षराष्ट्रलाई आव्हान गर्नेछ।
२. सम्बन्धित पक्षराष्ट्रबाट पेश हुन सक्ने भनाइ तथा आफूलाई उपलब्ध अन्य कुनै भरपर्दो सूचनालाई ध्यानमा राखेर, समितिले छानविन गर्न र अविलम्ब समितिलाई

सो सम्बन्धमा जानकारी गराउन आफ्नो एक वा एकभन्दा बढी सदस्यहरूलाई खटाउन सक्नेछ। आवश्यक भएमा र सम्बन्धित पक्षराष्ट्रको सहमतिमा त्यस्तो छानविन अन्तर्गत सो पक्षराष्ट्रको इलाकामा भ्रमण गर्ने कुरा समेत पर्न सक्नेछ।

३. त्यस्तो छानविन ठहरहरू परीक्षण गरे पछि समितिले टिप्पणी र सिफारिसहरू समेत संलग्न गरी त्यस्ता ठहरहरू सहित सम्बन्धित पक्षराष्ट्रलाई पठाउनेछ।

४. समितिले पठाएका त्यस्ता ठहर, टिप्पणी र सिफारिसहरू प्राप्त गरेको छ महिनाभित्र सम्बन्धित पक्षराष्ट्रले आफ्नो भनाइ समितिसमक्ष पेश गर्नु पर्नेछ।

५. त्यस्तो छानविन गोप्य ढङ्गमा सञ्चालन गरिनेछ तथा कारवाहीका सम्पूर्ण चरणहरूमा पक्षराष्ट्रको सहयोग खोजिने छ।

**धारा ७**

१. समितिले प्रस्तुत आलेखको धारा ६ अन्तर्गत सञ्चालन गरिएको छानविनको जवाफमा सम्बन्धित पक्षराष्ट्रले अवलम्बन गरेका उपायहरूको विवरण महासन्धिको धारा ३५ अन्तर्गतको आफ्नो प्रतिवेदनमा समावेश गर्नका लागि आव्हान गर्न सक्नेछ।

२. धारा ६ को उपधारा ४ मा उल्लिखित छ महिनाको अवधि समाप्त भएपछि आवश्यक भएमा समितिले सम्बन्धित पक्षराष्ट्रलाई त्यस्तो छानविनको जवाफमा अवलम्बन गरिएका उपायहरू बारे आफूलाई जानकारी गराउन आव्हान गर्न सक्नेछ।

**धारा ८**

प्रत्येक पक्षराष्ट्रले प्रस्तुत आलेखमा हस्ताक्षर वा अनुमोदन गर्दाको बखतमा वा त्यसमा सम्मिलन गर्दा धारा ६ र ७ मा व्यवस्था भए बमोजिमको समितिको सक्षमता आफूले स्वीकार नगर्ने भनी घोषणा गर्न सक्नेछ।

**धारा ९**

संयुक्त राष्ट्रसङ्घका महासचिव प्रस्तुत आलेखको अभिलेख अधिकारी हुनेछन्।

**धारा १०**

प्रस्तुत आलेख महासन्धिको हस्ताक्षरकारी राष्ट्र तथा क्षेत्रीय एकीकृत सङ्गठनबाट

हस्ताक्षरका लागि ३० मार्च २००७ देखि न्यूयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालयमा खुला हुनेछ।

**धारा ११**

प्रस्तुत आलेख महासन्धिको अनुमोदन वा सम्मिलन गरेका हस्ताक्षरकारी राष्ट्रहरूबाट हस्ताक्षर हुनुपर्नेछ। प्रस्तुत आलेख महासन्धिबाट औपचारिकरूपमा पुष्टि गरेका वा त्यसमा सम्मिलित भएका हस्ताक्षरकारी क्षेत्रीय एकीकृत सङ्गठनबाट औपचारिक पुष्टि हुनु पर्नेछ। महासन्धि अनुमोदन गरेको, औपचारिकरूपमा पुष्टि वा सम्मिलन गरेको र प्रस्तुत आलेखमा हस्ताक्षर नगरेको कुनै पनि राष्ट्र वा क्षेत्रीय एकीकृत सङ्गठनबाट सम्मिलिन हुनको लागि प्रस्तुत आलेख खुला रहनेछ।

**धारा १२**

१. "**क्षेत्रीय एकीकृत सङ्गठन**" भन्नाले कुनै निश्चित क्षेत्रका सार्वभौम राष्ट्रहरूले महासन्धि र प्रस्तुत आलेखले निर्देशित गर्ने विषयहरूका सम्बन्धमा त्यस्तो सङ्गठनका सदस्य राष्ट्रहरूले आफ्नो सक्षमता हस्तान्तरण गरी गठन गरेको कुनै सङ्गठन सम्झनुपर्छ। त्यस्ता सङ्गठनहरूले तिनीहरूको औपचारिक पुष्टि वा सम्मेलनको लिखतमा महासन्धि र प्रस्तुत आलेखले निर्देशित गरेका विषयहरूको सम्बन्धमा आफ्नो सक्षमताको सीमाको घोषणा गर्दछन्। आफ्नो सक्षमताको सीमामा कुनै आधारभूत परिवर्तन भएपछि त्यस्ता सङ्गठनहरूले अभिलेख अधिकरीलाई जानकारी गराउनु पर्नेछ।
२. प्रस्तुत आलेखका "पक्षराष्ट्रहरू" भन्ने सर्न्दभ आफ्नो सक्षमताको सीमाभित्र त्यस्ता सङ्गठनहरूका हकमासमेत लागू हुनेछ।
३. धारा १३ को उपधारा १ र धारा १५ को उपधारा २ को प्रयोजनको लागि क्षेत्रीय एकीकृत सङ्गठनले दाखिला गरेको कुनै पनि लिखतको गणना गरिने छैन।
४. आफ्नो सक्षमताभित्र रहेका विषयहरूमा क्षेत्रीय एकीकृत सङ्गठनहरूले पक्षराष्ट्रहरूको सम्मेलनमा प्रस्तुत आलेखको पक्ष भएका आफ्नो सदस्य राष्ट्रहरूको सङ्ख्या बराबरको मताधिकार प्रयोग गर्न सक्नेछन्। कुनै सदस्य राष्ट्रले आफ्नो मताधिकार प्रयोग गरेमा त्यस्तो सङ्गठनले आफ्नो मताधिकार प्रयोग गर्न पाउने छैन वा त्यस्तो सङ्गठनले आफ्नो मताधिकार प्रयोग गरेमा कुनै सदस्य राष्ट्रले आफ्नो मताधिकार प्रयोग गर्न पाउने छैन।

**धारा १३**

१. महासन्धि लागू भएको कुराको अधिनमा रही, अनुमोदन वा सम्मिलनको दशौं लिखत दाखिला गरेको तीसौं दिनदेखि प्रस्तुत आलेख लागू हुनेछ।

२. दश वटा लिखतहरू दाखिल भए पछि अनुमोदन गर्ने, औपचारिकरूपमा पुष्टि गर्ने वा सम्मिलन गर्ने प्रत्येक राष्ट्र वा क्षेत्रीय एकीकृत सङ्गठनको हकमा यो आलेख त्यस्तो दस्तावेज दाखिला गरेको तीसौं दिन देखि लागू हुनेछ।

**धारा १४**

१. प्रस्तुत आलेखको उद्देश्य र प्रयोजनसँग मेल नखाने आरक्षण राख्न पाइने छैन।

२. जुनसुकै समयमा पनि आरक्षणहरू फिर्ता लिन सकिनेछ।

**धारा १५**

१. कुनै पनि पक्षराष्ट्रले प्रस्तुत आलेखमा संशोधन प्रस्ताव गर्न र संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष सो प्रस्ताव पेश गर्न सक्नेछ। त्यसपछि, महासचिवले त्यस्तो प्रस्तावमा विचार वा निर्णय गर्नका लागि उनीहरू पक्षराष्ट्रहरूको सम्मेलनको पक्षमा भए वा नभएको कुरा उनीहरूलाई सूचित गर्ने अनुरोध सहित प्रस्तावित संशोधनहरू पक्षराष्ट्रहरूलाई पठाउनेछन्। त्यस्तो सम्मेलनको जानकारी दिएको चार महिनाभित्र कम्तीमा एक तिहाई पक्षराष्ट्रहरूले त्यस्तो सम्मेलनको पक्षमा भएको अवस्थामा महासचिवले संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा सम्मेलन बोलाउने छन्। महासचिवले पक्षराष्ट्रहरूको दुई तिहाई बहुमतबाट पारित भएको कुनै पनि संशोधन महासभामा अनुमोदनका लागि पेश गर्ने र तत्पश्चात् सबै पक्षराष्ट्रहरूसमक्ष स्वीकृतिका लागि पेश गर्नेछन्।

२. यस धाराको उपधारा १ अनुसार ग्रहण र स्वीकृत गरिएको संशोधन ग्रहण गरेको मितिमा कायम रहेका पक्षराष्ट्रहरू मध्ये स्वीकृतिको लिखत दाखिला गर्नेको सङ्ख्या दुई तिहाई पुगेको मितिले तीसौं दिनदेखि सो संशोधन लागू हुनेछ। त्यसपछि, सो संशोधन कुनै पक्षराष्ट्रले स्वीकृतिको लिखत दाखिला गरेको मितिले तीसौं दिनदेखि सो राष्ट्रको हकमा लागू हुनेछ। स्वीकृत गरेको राष्ट्रको हकमा मात्रै संशोधन बाध्यात्मक हुनेछ।

**धारा १६**

संयुक्त राष्ट्रसङ्घका महासचिवलाई लिखित सूचना दिएर कुनै पनि पक्षराष्ट्रले प्रस्तुत आलेखलाई परित्याग गर्न सक्नेछ। महासचिवले सूचना प्राप्त गरेको मितिले एक वर्ष पछि परित्याग प्रभावकारी हुनेछ।

**धारा १७**

प्रस्तुत आलेखको लिपि पहुँचयोग्य स्वरूपमा उपलब्ध गराइनेछ।

**धारा १८**

प्रस्तुत आलेखको अरवी, चिनीयाँ, अंग्रेजी, फ्रान्सेली, रसियाली तथा स्पेनेली भाषाका लिपिहरू समानरूपमा प्रामाणिक हुने छन्।

जसको प्रमाणस्वरूप, सम्बन्धित सरकारहरूबाट पूर्ण अख्तियार पाएका देहायका हस्ताक्षरकारी अधिकार सम्पन्न प्रतिनिधिहरूले प्रस्तुत आलेखमा हस्ताक्षर गरेका छन्।

## अनुसूची ३ :

### अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी घोषणापत्र

९ डिसेम्बर १९७५ को महासभाको प्रस्ताव ३४४७ (XXX) द्वारा घोषणा गरिएको

उच्च जीवनस्तर, पूर्ण रोजगारी, र आर्थिक तथा सामाजिक प्रगति र विकासको स्तर प्रबर्द्धनका लागि संयुक्त राष्ट्रसङ्घको सहयोगमा संयुक्त वा छुट्टाछुट्टै कार्य गर्न राष्ट्रसङ्घको बडापत्रअन्तर्गत सदस्य राष्ट्रहरूद्वारा गरिएको प्रतिबद्धता मनन गर्दै,

बडापत्रमा उल्लेख गरिएका मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरू र शान्ति, मानव मर्यादा र सामाजिक न्यायको मूल्यप्रति यसको प्रतिबद्धता दोहोऱ्याउँदै,

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, मानवअधिकारसम्बन्धी प्रतिज्ञापत्रहरू, बालबालिकाको अधिकारसम्बन्धी घोषणापत्र र सुस्त मनस्थिति भएका व्यक्तिहरूको अधिकारसम्बन्धी घोषणापत्रका साथै अन्तर्राष्ट्रिय श्रम सङ्गठन, संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठन, विश्व स्वास्थ्य सङ्गठन, संयुक्त राष्ट्रसङ्घीय बालकोष र अन्य सम्बन्धित संस्थाहरूका विधान, महासन्धि, सुझाव/सिफारिस र प्रस्तावहरूका सिद्धान्त स्मरण गर्दै,

अपाङ्गताको रोकथाम तथा अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापनासम्बन्धी ६ मे १९७५ को आर्थिक तथा सामाजिक परिषद्को प्रस्ताव १९२१ (LVIII) पनि स्मरण गर्दै,

सामाजिक प्रगति र विकाससम्बन्धी घोषणापत्रले घोषणा गरेको शारीरिक र मानसिकरूपमा पछाडि रहेकाहरूको अधिकार संरक्षण तथा कल्याण र पुनर्स्थापनाको सुनिश्चिततामा जोड दिँदै,

शारीरिक तथा मानसिक अपाङ्गता रोकथाम, अपाङ्गता भएका व्यक्तिहरूलाई विभिन्नखाले कार्यक्षेत्रमा उनीहरूको क्षमता अभिबृद्धि गर्न सहयोग र स्वभाविक जीवनमा उनीहरूको समायोजन प्रबर्द्धन गर्नु पर्ने आवश्यकता मनन गर्दै,

यो लक्ष्यका लागि निश्चित राष्ट्रहरूले उनीहरूको विकासको वर्तमान स्तरमा सीमित प्रयासहरूमात्र गर्न सक्दछन् भन्ने कुरामा जानकार हुँदै,

महासभाले यो अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी घोषणापत्र जारी गर्दछ र निम्न अधिकारहरूको संरक्षणका लागि यो एउटा साझा आधार तथा सन्दर्भ

सामग्रीका रूपमा प्रयोग गरिनेछ भन्ने कुरा सुनिश्चित गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यका लागि आग्रह गर्दछ :-

१. "अपाङ्गता भएको व्यक्ति" भन्नाले जन्मजात वा जन्मेपछि शारीरिक वा मानसिक क्षमतामा देखिएको कुनै अभावको परिणामस्वरुप आफैद्वारा स्वभाविक व्यक्तिगत र/वा सामाजिक जीवनका आवश्यकताहरू, पूर्ण वा आंशिकरूपमा, सुनिश्चित गर्न असमर्थ जुनसुकै व्यक्तिलाई जनाउँदछ।

२. अपाङ्गता भएको व्यक्तिले यो घोषाणपत्रमा व्यवस्था गरिएका सबै अधिकारहरू उपभोग गर्नेछन्। यी अधिकारहरू अपाङ्गता भएका सबै व्यक्तिहरूलाई विना कुनै अपवाद र अपाङ्गता भएको व्यक्ति आफै वा उसको परिवारको जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक र अन्य आस्था वा धारणा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्तिको अवस्था, जन्म वा अन्य कुनै अवस्थाका आधारमा विना कुनै भिन्नता वा भेदभाव प्रदान गरिनेछ।

३. अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको मानव मर्यादाप्रति सम्मानको अधिकार छ। अपाङ्गता भएका व्यक्तिहरूलाई, उनीहरूको शारीरिक वा मानसिक अशक्तता र अपाङ्गताको उत्पत्ति, प्रकृति र गम्भीरता जे-जस्तो भए पनि, उही उमेर समूहका अन्य नागरिकहरूलाई झैं समान मौलिक अधिकार छ, जसले सर्वप्रथम यथासम्भव स्वभाविक र पूर्णरूपमा मर्यादित जीवन जीउन पाउने अधिकारलाई जनाउँदछ।

४. अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य मानव प्राणीसरह समान नागरिक तथा राजनीतिक अधिकार छ, मानसिकरूपमा अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरूको कुनै पनि सम्भाव्य सीमितता वा दमनको अवस्थामा सुस्त मनस्थिति भएका व्यक्तिहरूको अधिकारसम्बन्धी घोषणापत्रको अनुच्छेद ७ लागू हुन्छ।

५. अपाङ्गता भएका व्यक्तिहरू उनीहरूलाई आत्मनिर्भर बन्नका लागि सक्षम बनाउन तय गरिने उपायका हकदार छन्।

६. अपाङ्गता भएका व्यक्तिहरूलाई prosthetic and orthetic appliances समेत चिकित्सा, मनोवैज्ञानिक र क्रियात्मक उपचार, चिकित्सा तथा सामाजिक पुनर्स्थापना, शिक्षा, सीपमूलक तालिम र पुनर्स्थापना, सहायता, परामर्श, स्थापन सेवा र अन्य सेवाहरूको अधिकार छ, जसले उनीहरूको क्षमता र सीप यथाशक्य विकास गर्न उनीहरूलाई सक्षम बनाउँछन् र उनीहरूको सामाजिक समायोजन वा पुनर्समायोजन प्रक्रियालाई द्रूत बनाउँछन्।

७. अपाङ्गता भएका व्यक्तिहरूलाई आर्थिक तथा सामाजिक सुरक्षा र मर्यादित

जीवनस्तरको अधिकार छ। उनीहरूलाई, उनीहरूको क्षमता अनुरूप, रोजगारी सुनिश्चित र प्राप्त गर्ने वा उपयोगी, उत्पादनशील र लाभदायी पेशामा संलग्न हुने वा ट्रेड युनियनमा संलग्न हुने अधिकार छ।

८. अपाङ्गता भएका व्यक्तिहरूलाई आर्थिक तथा सामाजिक योजना निर्माणका सबै तहमा उनीहरूका विशेष आवश्यकताहरूप्रति ध्यान दिइनुपर्ने हक छ।

९. अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो परिवार वा बाबुआमासँग बस्न पाउने र सबै सामाजिक, सृजनात्मक वा मनोरञ्जनात्मक क्रियाकलापहरूमा भाग लिन पाउने अधिकार छ। जहाँसम्म उसको बसोबासको सवाल छ, अपाङ्गता भएका कोही पनि व्यक्तिलाई उसको अवस्थाले माग गरेबमोजिम वा उसले त्यसमा गर्नचाहेको सुधारभन्दा भिन्न व्यवहार गरिनेछैन। यदि अपाङ्गता भएको कुनै व्यक्तिको बासस्थान विशेष ठाउँमा आवश्यक छ भने, त्यहाँको वातावरण र बसोबासको अवस्था उसको उमेरका अन्य व्यक्तिको स्वाभाविक जीवनसँग यथासम्भव मिल्ने खालको हुनेछ।

१०. अपाङ्गता भएका व्यक्तिहरू सबैखाले शोषण, सबै नियमहरू र विभेद, दूर्व्यवहार वा अपमानजनक प्रकृतिका सबैखाले व्यवहारबाट संरक्षित हुनेछन्।

११. अपाङ्गता भएका व्यक्तिहरू उनीहरूका व्यक्ति र सम्पत्तिको संरक्षणका लागि महत्वपूर्ण ठानिएको सक्षम कानुनी सहायता आफै प्राप्त गर्न सक्ने हुनेछन्। यदि न्यायिक कार्यविधिहरू उनीहरूका विरुद्ध छन् भने त्यस्ता कानुनी कार्यविधिहरूले उनीहरूको शारीरिक तथा मानसिक अवस्थालाई पूर्णरूपमा ध्यान दिनेछन्।

१२. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी सबै विषयमा अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरू उपयोगी ढङ्गले परामर्श गरिनेछन्।

१३. अपाङ्गता भएका व्यक्तिहरू, उनीहरूका परिवार र समुदायहरू यो घोषणापत्रमा उल्लेख गरिएका अधिकारहरूका बारेमा उपयुक्त तरिकाद्वारा पूर्णरूपमा सुसुचित हुनेछन्।

# अनुसूची ४ :

## अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण तथा प्रबर्द्धनका लागि अन्य मापदण्डहरूको सूची

- मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६
- मानसिकरूपमा अशक्त व्यक्तिहरूको अधिकारसम्बन्धी घोषणापत्र, १९७१
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्यसम्बन्धी महासन्धि, १९७९
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी विश्वव्यापी कार्ययोजना, १९८२
- बालअधिकार महासन्धि, १९८९
- अपाङ्गताको क्षेत्रमा मानवीय श्रोत विकासको कार्यका लागि ट्याल्लिन निर्देशिका (१९९०)
- मानसिक रोक भएका व्यक्तिहरूको संरक्षण र मानसिक स्वास्थ्य सुधारसम्बन्धी सिद्धान्तहरू, १९९१
- अपाङ्गता भएका व्यक्तिहरूका लागि समान अवसरहरूसम्बन्धी विशेष नियमहरू, १९९३
- वृत्तिगत पुनर्स्थापना र रोजगारी (अपाङ्गता भएका व्यक्तिहरू) सम्बन्धी महासन्धि (नं. १५९), १९९३
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी बेइजिङ् घोषणा, २०००

# अनुसूची ५ :

## अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसँग सम्बन्ध राख्ने नेपालका कानुनी व्यवस्थाहरू

- अन्तरिम संविधान, २००७
- अपाङ्गता भएका व्यक्तिहरू (संरक्षण र हित) सम्बन्धी ऐन, १९८२
- अपाङ्गता भएका व्यक्तिहरू (संरक्षण र हित) सम्बन्धी नियमहरू, १९९४
- मुलुकी ऐन (अदालती बन्दोबस्तीसम्बन्धी खण्ड ८३, ११(३), गरिब कङ्गाल खण्ड ५ र ८, विवाहवारीसम्बन्धी खण्ड ९)
- शिक्षा ऐन, १९७१
- समाज कल्याण ऐन, १९९२
- बालबालिकासम्बन्धी ऐन, १९९१
- श्रम ऐन, १९९२
- स्थानीय स्वायत्त शासन ऐन, १९९९